वैशाख १४, २०६३

# समय

राष्ट्रिय साप्ताहिक



मुक्तिको मूल्य
चुकाउँदै छन् जनता

# टाइम आउट

मूल्य रु. २५



तेजबहादुर बस्नेत

जनआन्दोलन चर्किँदै जाँदा राजधानीको कलङ्कीमा कर्फ्युको अवज्ञा गर्दै निस्किएको जुलुस

समय
राष्ट्रिय साप्ताहिक

वर्ष ३, अंक १०३, वैशाख ८–१४, २०६३




आवरण : राजा ज्ञानेन्द्र

तस्वीरः सुर्दशन रञ्जित

**आवरण :** लोकशाही र राजशाहीको १४ महिना लामो संघर्षको पहिलो चरण टुंगिएको छ, राजाले सत्ता त्याग गरेपछि। त्यसले सात दल गठबन्धनसामु एउटा चुनौती फ्याँकेको छ– के राजाको यो हार मुलुकको विजयमा परिणत हुन सक्ला ? २३

**जनआन्दोलन भाग–२**
जनताको रगतले मुक्तिको मूल्य चुकाएको छ, देशभरि भएको क्रान्तिको झलक १२

**जनआन्दोलन विशेष**
जताजतै रगत, जताजतै घाइते १८
ब्रायनमाथि सरकारको दुर्व्यवहार २०
उपचार कोषमा पैसैपैसा २१
खेलाडी पनि आन्दोलनमा उत्रिए २७
रिहाइपछि माधव नेपाल आन्दोलनमा २८
आर्थिक नाकाबन्दीको आशंका ३०
जनता खेप्दैछन् कृत्रिम अभावको मार ३२
पूर्वदेखि पश्चिमसम्म लोकतन्त्रको लहर ३५

समयको यो अङ्क कर्फ्युका कारण समयमै पाठकमाझ पुर्‍याउन नसकेकोमा हामी क्षमाप्रार्थी छौं। आवरणबाहेक यो अङ्कमा छापिएका सबै सामग्री वैशाख ८ को शाही घोषणाअघि नै तयार पारिएका हुन्।



भास्कर ओझा

**रंग :** सबै कलाकारहरू उत्रिए आन्दोलनमा राजाको निरंकुश शासनविरुद्ध ५४

सम्पादकीय ........ ५
डाँक ........ ८
दर्शन ........ ९
मुलुक ........ १०
साहित्य ........ ५१
टिपोट ........ ४६
खेलकुद ........ ४८
शून्य समय ........ ५८

समय
साप्ताहिक
का.जि.प्र.का.द.नं. १७०/२०६०/६१

**प्रबन्ध निर्देशक**
नवीन जोशी
**कार्यकारी निर्देशक**
विजय श्रेष्ठ
**सम्पादक**
युवराज घिमिरे
**कार्यकारी सम्पादक**
जिवेन्द्र सिम्खडा
**सहायक सम्पादक**
राजेश घिमिरे
**प्रमुख संवाददाता**
विश्वमणि पोखरेल
**वरिष्ठ संवाददाता**
मनीष गौतम
मनोज दाहाल
किरण भण्डारी
सुवास देवकोटा
मधुसूदन पौडेल
**संवाददाता**
नवीन अर्याल
छत्र कार्की
**उपसम्पादक**
डिल्ली आचार्य
**क्षेत्रीय**
रुद्र खड्का (नेपालगन्ज)
श्याम भट्ट (महेन्द्रनगर)
दीपक ज्ञवाली (बुटवल)
ओमआस्था राई (धरान)
केशव लामिछाने (पोखरा)
**तस्वीर**
भास्वर ओझा
**कार्टुन**
अविन श्रेष्ठ
**ग्राफिक/ले-आउट**
सुनील खड्गी (**संयोजक**)
किशोरराज पन्त
रामकृष्ण राना
**प्रशासन/वितरण/लेखा**
सुजन लामा (**प्रबन्धक**)
दीपक श्रेष्ठ (**वितरण**)
मिलन लम्साल (**वितरण**)
गोपाल भट्टराई (**लेखा**)
राजकुमार श्रेष्ठ (**लेखा**)
**बजार**
सुरज भडेल (**प्रबन्धक**)
राजेश महर्जन
अर्जुन बज्राचार्य
**भृकुटी प्रकाशन** (प्रा) **लि.**द्वारा
प्रकाशित तथा
मिलेनियम प्रेस, हात्तीवन,
ललितपुरमा मुद्रित
**कार्यालय ठेगाना :**
**भृकुटी प्रकाशन प्रा. लि.**
लाजिम्पाट, काठमाडौं, नेपाल
पो.ब.नं. ८८३०, फोन : ४४४३८८८
फ्याक्स : ४४२११४७ (सम्पादकीय)
४४११९१२ (बजार तथा वितरण)
ईमेलः samay@bhrikuti.com
**प्रमुख वितरक**
काष्ठमण्डप पत्रपत्रिका
झोंछे, न्यूरोड
फोन नं. २०१०८२१

# अपेक्षा इमान्दारिताको

**सम्पादकीय**

**विगत दुई साताभन्दा** बढी समयदेखि जारी आम हडतालसहितको जनआन्दोलन आफ्नो निर्णायक गन्तव्यतर्फ बढ्दै छ । त्याग र बलिदानले कोरिएको मार्ग कठिन भए पनि त्यो आन्दोलनकारी समूह तथा सरकारका भावी नेतृत्वका लागि नैतिक दबाबका रूपमा रही रहनेछ । कम्तीमा आधा दर्जनको सहादत र शाही शासनको बर्बरताका कारण सडकमा बगेको रगतले भावी इतिहासमा एउटा नयाँ अध्याय पनि थपेको छ- अबको प्रजातन्त्र शुद्धरूपमा आन्तरिक त्याग र बलिदान अनि प्रतिबद्धताको सञ्जीवनीमा हुर्किनेछ । यो हाम्रै नेताहरूका लागि पनि चुनौती र चेतावनी दुवै हुनेछन् ।

महिन्द्र मल्लको आदर्शको उत्तराधिकारीका रूपमा चित्रित राजा ज्ञानेन्द्रले जनताको सर्वोच्चता र सार्वभौमसत्ता स्वीकार गर्न नमानेकाले नै उत्पन्न वर्तमान आन्दोलनका कारण कयौं घरमा चुला जलेनन् । उनले राजनीतिक दलका नेताहरूलाई भीड एकत्र गरी आफ्नो हैसियत सावित गर्न उक्साए । अहिलेको आन्दोलन त्यसैको प्रतिफल हो । राजाले पारम्परिक मूल्य र प्रतीकात्मक चरित्र नदेखाउँदा उनीप्रति जनताको आदर समाप्त हुनु स्वभाविक हो । जनआन्दोलनको दबाबलाई अन्तिम समयसम्म पनि राजाले सकारात्मक रूपमा ग्रहण गर्न नसक्नुले उनको जनताप्रतिको हीनभाव पनि उजागर हुन्छ ।


समय

तर, यो चुनौती राजाको मात्र हैन । माओवादीका लागि पनि हो, उत्तिकै या त्योभन्दा बढी । माओवादी नेता प्रचण्ड र बाबुरामले संयुक्त जनआन्दोलन लोकतन्त्र शान्ति र अग्रगमनको सर्तमा जन्मेको दाबी गरेका छन् जुन सत्य हो । तर, यो वास्तवमै संयुक्त जनआन्दोलन हो, खासगरी सात राजनीतिक दलहरूसँगको समझदारीमा आधारित भनेर उनीहरूले आफ्नो व्यवहार र चरित्रबाट सावित गर्नै पर्ने हुन्छ । अहिले त नेताद्वयले सात दलसँग भएको बाह्रबुँदे समझदारीप्रति प्रतिबद्धता व्यक्त गर्नुका साथै सत्ताद्वारा फैलाइएका सबै 'दुष्प्रचार'लाई खारेज गर्दै हाल सञ्चालित शान्तिपूर्ण संयुक्त जन आन्दोलनमा सक्रिय सहभागी हुने र त्यसलाई सफलताको गन्तव्यसम्म पुऱ्याउने अठोट मात्रै गरेका छन् ।

यो अठोटलाई इमानदारीसाथ पूरा गर्ने हो भने सात दलसँग समझदारीविना माओवादीले एकतर्फी रूपमा समानान्तर या थप कार्यक्रम ल्याउनु हुँदैन, ल्याएमा त्यसलाई आन्दोलन तुहाउने कदमका रूपमा हेरिनेछ । राजाहरूको सालिक भत्काएर इतिहास उल्टिदैन, तर त्यसले शान्तिपूर्ण आन्दोलनको दमनमा सरकारलाई सहयोग पुऱ्याउनेछ । त्यस्तै आन्दोलनमा माओवादी सहभागिता पूर्णरूपले शान्तिपूर्ण हुनु पर्छ । रौतहटमा निरस्त्र ट्राफिक इन्सपेक्टरको हत्या एकातिर र अर्कोतिर सुरक्षानिकायलाई आन्दोलन सघाउन गरिएको आह्वान परस्परविरोधी र दुरासयपूर्ण छैनन् भन्न मिल्दैन । यो आन्दोलनको सफलता र उचाइबाट नैतिकरूपमा त्यो बेलासम्म माओवादी बञ्चित रहन्छन् जबसम्म आन्दोलनको शैली (हिंसा या अहिंसा) र कार्यक्रममा सात दलसँग पूर्ण सहमति बन्दैन ।

राजाको सत्ताबाट भएको दमन एकातिर र माओवादीको दोहोरो नीति र मापदण्ड जारी रहेमा आन्दोलन गन्तव्यमा पुग्नुअगाडि नै भड्किन सक्छ । ■




# आँखाले जे देख्यो !

राजतन्त्रको विरोधमा उर्लिएको जनसागरमाथि सुरक्षाफौजको उग्र दमनले आन्दोलनको मैदानमा सशरीर उपस्थित नहुनेलाई समेत सडकमा आउन बाध्य बनायो । झन्डै एक लाखको संख्यामा बूढानीलकण्ठतिरबाट महाराजगन्ज आइपुगेको जनसागर, कीर्तिपुरको नयाँबजारबाट आएका झन्डै डेढ लाख जनता र गोंगबु अनि सामाखुसी क्षेत्रमा प्रकाशशरण महतको नेतृत्वमा सडकमा भरिएको करिब असी हजारको भीडले 'राजाको भविष्य भड्खालोमा परिसकेको' अनुमान सबैले गरेका थिए ।

मानवअधिकारवादी र पत्रकारले समेत कर्फ्यु पास नपाएका कारण सुरक्षाकर्मीलाई दमन गर्न सजिलो भएको थियो बिहीवार । सुरक्षाकर्मीले मरणासन्न हुने गरी पिटेपछि नजिकैबाट गोली हानेको दृश्य पनि देखिएको थियो कलंकीमा । पत्रकार तथा मानवअधिकारवादीको अनुपस्थितीमा सुरक्षाकर्मीले बिहीवार आफ्नो दानवीय रूप प्रदर्शन गरेका थिए ।

कर्फ्युको अघिल्लो दिन नै चक्रपथबाहिर बसेका केही पत्रकारलाई समेत सुरक्षाकर्मीले 'फोटो खिचेमा सिध्याउने' धम्की दिएका कारण उनीहरू पनि निरीह देखिएका थिए । सुरक्षाकर्मीका कुटाइ र गोलीबाट ढलेका प्रदर्शनकारीको रगतले गोंगबु र कलंकी रक्ताम्य थिए । फोटो खिच्न अगाडि बढेका पत्रकारलाई प्रहरीले गोंगबुमा 'तँलाई पनि यस्तै लठ्ठी खाएर मर्न मन लाग्यो' भनेर समेत दुर्व्यवहार गरेका थिए सुरक्षाकर्मीले ।


जनतामात्र होइन, सुरक्षाकर्मीभित्र पनि राजाप्रति विद्रोह जागिसकेको उदाहरण पनि देखिएको थियो । गोंगबुमा कर्फ्यु सकिनु डेढ घन्टाअघि नै पालो फेरिएर आएको सशस्त्र प्रहरीको टोलीले 'हामीलाई पनि प्रजातन्त्र चाहिएको छ,' भनेर प्रदर्शनकारीलाई छोडिदिएको थियो ।

तर, कलंकीमा एसपी दोर्जे राईको नेतृत्वमा आएको सशस्त्र प्रहरीले सयौं राउन्ड गोली चलाएको थियो । आन्दोलनमा आएकालाई सुरुदेखि नै मार्ने धम्की दिइरहेका दोर्जेले प्रदर्शनकारीलाई 'कर्फ्यु नतोडिदिनुस्' भन्ने औपचारिकतासमेत पूरा नगरी आफैं गोली हानेर सर्वसाधारणलाई भुट्ने आदेश दिएका थिए । मरेका मान्छेहरूलाई समेत उठाउने कोही नभएर सडकमा त्यत्तिकै परिरहेका दृश्य सामान्यजस्तै देखिएका थिए कलंकीमा । एम्बुलेन्सलाई समेत बाटोमा गुड्न नदिएर सुरक्षाकर्मीले 'भित्र घाइते होलान् निकाल' भनेर दुर्व्यवहार गरिरहेका थिए । केहीलाई मरणासन्न हुने गरी पिटेपछि प्रहरीले बोरामा हालेर लग्दै पुनः कुटेको दृश्य पनि देखिएको थियो ।

कलंकीमा प्रदर्शनकारीहरू अगाडि बढ्दै गरेका बेला कर्फ्यु क्षेत्रभन्दा बाहिर रहेका प्रदर्शनकारीलाई एसपी राईले 'आज मारे पनि कसैले देख्नेछैन, हामीलाई हातखुट्टा भाँच्ने आदेश छ' भन्दै राक्षसीरूप प्रदर्शन गरिरहेका थिए । तर, साँच्चिकै जनता जागे भने मर्न डराउँदैनन् भन्ने दृश्य देखिन्थ्यो कलंकीमा । उता वसुन्धरामा कर्फ्यु तोडेर हजारौंको भीडले राजाको पुत्लासमेत जलाएको थियो । महाराजगन्जमा ओइरिएको एक लाखको जनसागरले कर्फ्यु क्षेत्र तोडेपछि आन्दोलनमा घुसपैठ गरेकाहरूले प्रहरीलाई ढुंगा हानेपछि सुरक्षाकर्मीले सयौं राउन्ड अश्रुग्याँस वर्षाएको थियो ।

प्रदर्शनकारी महाराजगन्जतर्फ आउँदै गर्दा बाँसबारीस्थित सैनिक आवासगृहबाट पानी फालेर आन्दोलनकारीलाई हौस्याएका थिए । महाराजगन्ज चोकमा जनसागर पुगेपछि घरघरबाट पानी फालेर प्रदर्शनकारीलाई ऊर्जा थपिरहेका थिए । थानकोटबाट आएको जनसागर कलंकीतर्फ कर्फ्यु क्षेत्र तोड्न अगाडि बढेका बेला सशस्त्र प्रहरीको नेतृत्व गरिरहेका एसपी राईले 'माथिबाट आदेश आएको छ, हातखुट्टा भाँच्ने र गोली हान्ने' भन्दै गोली बर्साउन थालेपछि आन्दोलनकारीहरू गोली लागेर ढलेका दृश्य देखिएका थिए । जताततै हृदयविदारक दृश्य देखिन्थ्यो । तर पनि जनता 'हिम्मत भए मेरो छातीमा गोली ठोक' भन्दै अघि बढेको दृश्यले राजाको दिन सकिएको शंखनाद गरिरहेको थियो ।

■ ज्योति देवकोटा, तेज बस्नेत/काठमाडौं




## खै विजयकुमार ?

समयको वर्ष २, अंक १०२ ले आन्दोलन विशेष गरेर प्रजातन्त्रप्रति देखाएको उदार धारणा र आन्दोलनलाई दिएको टेवाप्रति हामी देशको भलो चाहने युवा वर्ग धन्यवाद नदिइरहन सक्दैनौं, तर नियमित रूपमा गएका केही अंकदेखि आएको विजयकुमारको स्तम्भ पढ्न नपाउँदा भने केही खल्लो भएको महसुस भयो। विजयकुमारले फेरि समय पनि छोडेका हुन्। अन्यथा अन्य कुनै कारणले उनको स्तम्भ प्रकाशित नभएको हो ? कि विजयकुमार कतै आन्दोलनसँगै ओझेलमा परेका त होइनन्।

■ **सञ्जय सुन्दास,**
चोक–१, तनहुँ

## घत लाग्यो

समय राष्ट्रिय साप्ताहिकको वर्ष २, अंक १०२ मा युवराज घिमिरेको शून्य समय पढ्दा ज्यादै घत लाग्यो। राजा हार्नु हुँदैन भन्ने इतिहास बोक्दै आएको राजसंस्था र राजा ज्ञानेन्द्रले अब त्यो भ्रम त्याग गर्न सक्नु पर्छ। गत साता गोंगबुमा उर्लिएको भीड र सुरक्षाकर्मीले गरेको व्यापक दमनले के देखाउँथ्यो भने जनता जागे भने मर्न डराउँदैनन्। जनता सचेत बनिसकेपछि सुरक्षाकर्मीको गोलीबाट मर्न डराउँदैनन्। राजा कमसेकम अब दमनबाट पार लगाउँछु भन्ने भ्रमबाट मुक्ति हुनु पर्छ। साथै राजाले के बुझ्न जरुरी छ भने अब नेपाल पहिलेको जस्तो नेपाल रहेन। र, राजामा सधैं जित्नु पर्छ भन्ने मान्यता तोडेर अब जनताले नै जवाफ फर्काउन जानिसकेका छन्। अझै पनि राजाबाट सही कदम चाल्न ढिलाइ भयो भने हानि राजाकै हुनेछ। अन्ततः सधैं जनता नै विजयी भएको इतिहास छ, संसारमा। राजा ज्ञानेन्द्रलाई बेलैमा चेतना भया।

■ **विष्णु अधिकारी, रामेछाप**
हाल : काठमाडौं

## बधाई समय !



समय वर्ष २, अंक १०२ मा प्रचण्डको अन्तर्वार्ता पढ्न पाउँदा खुसी लाग्यो। यसका लागि समय परिवारलाई विशेष धन्यवाद, तर प्रचण्डको अन्तर्वार्ता पढ्दै जाँदा मलाई उनीहरूको नियतमाथि शंका गर्नु पर्ने बाटो अझ माओवादीले राखेका त छैनन् जस्तो लाग्यो। प्रचण्डले आफ्नो अन्तर्वार्तामा भनेका छन् - मलाई सुरक्षित अवतरणप्रति 'इरिटेसन' भएर आउँछ। अहिले आएर धेरै जनतामा राजाप्रति वितृष्णा जाग्न थालेको र माओवादीको अनुहारका शान्तिका रेखा देख्न लागेका हामीजस्ता चाँडै मुलुकमा शान्ति चाहने सर्वसाधारण जनतालाई प्रचण्डको उक्त भनाइले केही निराश बनायो। समयले यसै अंकमा जनआन्दोलन विशेष समेटेकोमा धेरै बधाई।

■ **हरि चौलागाई,**
बुटवल,
हाल : कीर्तिपुर, काठमाडौं

## खै मनोरञ्जन सामग्री ?

हाम्रो प्रिय पत्रिका समयको वर्ष २, अंक १०२ अलि ढिलो मात्र पढ्न पाइयो। आमहडताल र बाटो बन्द भएकाले यो ढिलो भयो भन्ने हाम्रो अनुमान रह्यो, तर यसमा पस्किएको सामग्री जनआन्दोलन विशेष भएकाले पनि होला ज्यादै पठनीय लाग्यो। तुहियो वर्षौंको सपना, हिरो पनि जिरो पनि, नहोस् अनिष्ट र युवराज घिमिरेको शून्य समयले हाम्रो ध्यान तान्यो, तर मनोरञ्जनका सामग्री कम भएकाले मन खिन्न भयो। तसर्थ आउने समयमा मनोरञ्जनका सामग्री पनि समावेश गरी समयलाई अझ विशिष्ट बनाउन आग्रह गर्दछौं।

■ **कृष्णजी प्रधान, कृष्णमाया प्रधान**
लिवाली, भक्तपुर–२

## पाठ सिकोस् सरकारले !

समयको वर्ष २, अंक १०२ हेर्दा मलाई चिकित्सा शास्त्रका विद्यार्थीहरूप्रति गर्व गर्न मन लाग्यो। गत २४ गतेदेखि मुलुकमा लोकतन्त्रको नारा यसरी उठेको छ, वर्तमान निरंकुश शासनको खुट्टा हल्लिएको अवस्थामा म स्वयं चिकित्सा शास्त्रका विद्यार्थीको शिक्षक भएका नाताले मैले गर्व गर्ने पर्छ। ०३६ र ०४६ को भन्दा यसपालि हाम्रा विद्यार्थी यो निरंकुश शासनविरुद्ध झनै आक्रामक भएर निस्केका छन्। त्यसैले मलाई मेरा प्यारा विद्यार्थीहरूप्रति साह्रै गर्व गर्न मन लाग्यो र तपाईंको समयमा डाक्टरहरूमाथि नै यसरी सुरक्षाफौज आइलागेको पढ्दा र स्वयं आफैले देख्दा मलाई वर्तमान सरकारप्रति झनै नराम्रो धारणाले जागरुकता पायो। आशा गर्छु, सरकारले चाँडै पाठ सिकोस्।

■ **डा. रामप्रसाद उप्रेती**
विभागीय प्रमुख
महाराजगन्ज क्याम्पस



## आगो बोल्न सक्छ

दबिएर सडकहरू आगो बोल्न सक्छ
परेवाले हावाभरि जहर घोल्न सक्छ

शान्तिको स्वर सधैंभरि दबिँदैन साथी
गौतमबुद्ध बारुदको गीत रोज्न सक्छ

निकासहरू चारैतिर बन्द गरे पनि
थुनिँदैन नदी पहाड फोड्न सक्छ

डढेलोमा पर्न जाँदा सिर्जनाका फूलहरू
यी हात पनि विद्रोहको बाली गोड्न सक्छ

सम्झिराख चुसिएका शोसिएकाहरू
रगत पनि पसिनाको मूल्य खोज्न सक्छ

बन्दुकभित्र न सिद्धान्त न आदर्श हुन्छ
मौका पर्दा त्यसले आफ्नो लक्ष्य मोड्न सक्छ।

■ **नारायण पौडेल गाउँले**
डण्डा-नवलपरासी

## अनुरोध

***समय* राष्ट्रिय साप्ताहिक तपाईंको आफ्नै पत्रिका हो। *समय*को यो अङ्क कस्तो लाग्यो ? तपाईंको रचनात्मक आलोचना र सुझावको हामी प्रतीक्षा गर्दछौं।**

**आफ्ना गुनासा र सुझाव पो.ब.नं. ८८३० मा पत्राचार वा samay@bhrikuti.com मा ईमेल गर्न हामी विनम्र अनुरोध गर्दछौं। डाँकमा सहभागी सबैलाई धन्यवाद।**

**सम्पादक**

**समयको ग्राहक बन्नुपरेमा वा पत्रिका नआएमा सम्पर्क गर्नुहोस्। फोनः ४४४३८८८/२११२०९४**

**ध्यान विज्ञानमयकोषको पोषण हो । जति जति ध्यान गहन हुन्छ, विज्ञानमयकोष त्यति त्यति पारदर्शी हुँदै आउँछ र आनन्दको वर्षा हुन थाल्छ । यो पाँचौं शरीर आनन्दमय कोषको अनुभूति हो । सुख र आनन्द एक होइन ।**



स्वामी आनन्द अरुण

# सुख होइन आनन्द

**हाम्रो पहिलो शरीर** स्थुल शरीर हो । यो अन्नले बन्छ । दोस्रो शरीर हो - प्राणमयकोष । यो प्राण ऊर्जाले बनेको हुन्छ । यी दुवै शरीर शुद्ध र पारदर्शी भएमा तेस्रो शरीर मनोमयकोषको अनुभूति हुन्छ । यो शरीर विचारले बनेको हुन्छ । घनीभूत विचार शक्तिले पदार्थमा पनि परिवर्तन ल्याउन सकिन्छ । यसको उदाहरण अमेरिकी नागरिक टेड सेरियो हुन् । जब उनी कुनै एक विषयमा एकाग्रतापूर्वक विचार गर्न थाल्छन् त्यसको चित्र उनको आँखामा देखा पर्छ । जसलाई क्यामेरामा खिच्न सकिन्छ । उनको आँखामा देखिएका हरेक वस्तुका तस्वीर लिइएको छ । विचारको चित्र हुँदैन, चित्र त पदार्थकै हुन्छ । विचार पनि अत्यन्त सूक्ष्म पदार्थ नै हो । हामी यसको सतत भोजन गरिरहेका हुन्छौं । जस्तो विचार हामी गर्छौं त्यस्तै मनस् शरीर निर्मित भइरहेको हुन्छ ।

आजको फास्ट फुड कल्चरमा हामी प्राणविहीन भोजन गर्छौं जो आँखा र जिब्रालाई राम्रो लागे पनि त्यसमा जीवन शक्ति हुँदैन । हाम्रो जस्तो अविकसित देशमा अधिकांश खाद्य पदार्थमा मिसावट गरिएको हुन्छ । चियापत्तीमा छालाको धुलो, बेसारमा पहेँलो अबीर, घ्यूमा बोसो र सखरखण्ड, दूधमा युरियासम्म मिलाइएको पाइएको छ । यस्तो अशुद्ध र जीवनरहित भोजनले स्थुल शरीरलाई रोगी बनाउँछ । विकसित देशमा खाद्य पदार्थमा मिसावट गर्न व्यापारीले सोच्नै सक्दैनन्, तर ओभर प्रोसेस्ड, प्याक गरिएका र विभिन्न रसायनद्वारा संरक्षित गरिएका मांसाहारी भोजनले अन्नमय कोषलाई भारी र दुषित बनाइरहन्छ ।

अचेलको भीडभाड, धुँवा, धुलो र कोलाहलपूर्ण प्रदुषित वातावरणमा प्राण शरीरलाई स्वच्छ राख्न कठिन छ । यसलाई सबैभन्दा आघात गर्ने स्थानहरू सिनेमा हल, नाइट क्लब, डिस्कोहरू हुन् । जहाँ लगातार धेरै बेरसम्म हामी बडो उत्तेजक, कामुक र वासनायुक्त भई त्यस्तै व्यक्तिहरूको बीचमा बस्छौं । त्यहाँ हाम्रो प्राण शरीर र मनस् शरीरहरूमा वासना र हिंसाका अनेक गहिरा धब्बा लागिसकेका हुन्छन् । बाहिरबाट नदेखिए पनि त्यसले अन्तस् शरीरलाई धेरै दिनसम्म प्रभावित पारिरहेको हुन्छ । यसरी रुग्ण भएको अन्तस्ले नै हिंसा र बलात्कार जस्ता घृणित कार्य गर्न बाध्य पार्छ ।

तपोवन जस्तो प्राकृतिक स्थानमा ध्यान, कीर्तन र सत्संगमा भाग लिएपछि प्राण शरीरले पूरै पोषण पाउँछ र प्राण शरीरमा लागेका धब्बा पनि शुद्ध हुँदै आउँछन् । सत्संग प्राण शरीरको भोजन हो ।

आज सबैभन्दा ठूलो आघात मनस् शरीरलाई परिरहेको छ । पहिले बिहान उठ्नासाथ गीता, रामायण इत्यादिको पाठ गरिन्थ्यो, हिजोआज बेडमै चियासँगै अखबार र टिभी हेर्नु पर्ने भएको छ । बिहानी प्रहर जब मन शान्त र अत्यन्त संवेदनशील हुन्छ त्यस बेलादेखि नै हामी मनस् शरीरलाई नचाहिने विचारले भर्न थाल्छौं । पत्रपत्रिकामा छापिएका र टिभीमा देखाइने अधिकांश सामग्री मनलाई उद्वेलित गर्ने खालका हुन्छन् । हामी जे सुन्छौं, जे पढ्छौं, जे हेर्छौं त्यसले हाम्रो मनोमयकोष निर्मित हुन्छ । पश्चिममा गरिएको सर्वेक्षणअनुसार आजको बजारमुखी अर्थतन्त्रको माहोलमा १० प्रतिशत सामान मात्रै मानिसले आफ्नो इच्छा र आवश्यकतानुरूप किन्छ, ९० प्रतिशत सामान विज्ञापनको सम्मोहनले गर्दा किन्न बाध्य छ । त्यो सम्मोहन पैदा गर्न अनेक मनोवैज्ञानिक हतकण्डाका साथै युवा नारी शरीरको अधिकतम प्रयोग गरिन्छ । यसरी हाम्रो मनस् शरीर अनेक उत्तेजक र सम्मोहक विचारद्वारा निर्मित हुन्छ ।

बच्चामै हामीलाई समाजले मनमा के राखिदिन्छ भने हाम्रो यो धर्म हो र यही धर्म विश्वमै सर्वश्रेष्ठ छ । दुनियाँका हरेक देशमा बालकहरूलाई सिकाइन्छ, उसैको देश सबभन्दा महान् छ जसको गौरवशाली अतीत र उज्ज्वल भविष्य छ । त्यस्तै युवा भएपछि हाम्रो मनलाई विभिन्न राजनीतिक विचारधाराद्वारा पूर्वाग्रहित पारिन्छ । यसै कारणले हरेक व्यक्ति कुनै न कुनै पूर्वाग्रहबाट ग्रस्त रहन्छ र विपरीत विचारधारा सुन्न समेत तयार देखिँदैन बरु यसका लागि मर्न र मार्न तयार हुन्छ । यस प्रकार हाम्रो मनस् शरीर अनेक पूर्वाग्रह, दम्भ र अहंकारले निर्मित हुन्छ । साधकको महत्त्वपूर्ण कर्तव्य विचारशुद्धि हो । उद्वेलित मनस् शरीरलाई पूर्वाग्रहबाट मुक्त गर्नु हो ।

सत्विचार, आध्यात्मिक र त्यागी पुरुषहरूको जीवनी र सत्साहित्यले एक स्वस्थ मनस् शरीरको निर्माण हुन्छ । भोजनमा जसरी हामी विचार गर्छौं यो चिज खानुहुन्छ-हुँदैन, त्योभन्दा पनि गहन होसविचार ग्रहण गर्दा खेरि राख्नुपर्छ किनभने त्यसले पनि एउटा शक्तिशाली सूक्ष्म शरीरको निर्माण गरिरहेको हुन्छ जसको प्रभाव स्थुल शरीरभन्दा शक्तिशाली र जटिल छ ।

मनोमयकोष निर्मल र पारदर्शी भएपछि विज्ञानमयकोषको बोध हुन्छ । जसरी मनोमयकोष विचारले बन्छ त्यस्तै यो विज्ञानमयकोष चेतना, होस र बोधले बन्छ । ध्यान यसको भोजन हो । ध्यान पनि अति सूक्ष्म शक्ति हो । यही विज्ञानमयकोषबाट नै मनुष्यता प्रारम्भ हुन्छ । मनुष्य जस्तै ढुंगासँग पनि भौतिक शरीर हुन्छ । रूखसँग भौतिक र प्राणमय दुवै शरीर हुन्छन् । जनावरसँग भौतिक, प्राणमय र मनस् तीनै शरीर हुन्छन्, तर तिनीहरूमा बोध, सचेतता र ध्यान हुँदैन । यो मनुष्यसँग मात्रै हुन्छ । त्यस कारण जुन मनुष्यसँग बोध र ध्यान हुँदैन, त्यो मनुष्य पशु नै हो ।

ध्यान विज्ञानमयकोषको पोषण हो । जति जति ध्यान गहन हुन्छ, विज्ञानमयकोष त्यति त्यति पारदर्शी हुँदै आउँछ र आनन्दको वर्षा हुन थाल्छ । यो पाँचौं शरीर आनन्दमय कोषको अनुभूति हो । सुख र आनन्द एक होइन । जबसम्म सुख हुन्छ तबसम्म दुःख पनि हुन्छ । जुन चिजबाट हामीलाई आज सुख मिल्छ एक दिन त्यसबाट अवश्यै दुःख मिल्छ । यो द्वन्द्व मनोमय जगत्सम्म चली नै रहन्छ । आनन्द द्वन्द्वातीत छ किनभने आनन्द हाम्रो गहनतम स्वभाव हो । आनन्दित हुनलाई केही पाउनु पर्दैन, केही जोड्नु पर्दैन, कसैले हामीलाई दिन पनि सक्दैन । जब हाम्रा प्रारम्भिक चार शरीर स्वस्थ, शुद्ध र पारदर्शी हुन्छन् आनन्द स्वतः वर्षिन थाल्छ । यो उपलब्धि होइन स्वभाव हो । सबै सच्चा साधु र इमानदार पुरुष आनन्दमूर्ति हुन्छन् । सच्चा र इमानदार नभई कोही आनन्दित हुनै सक्दैन । यस्ता आनन्दमूर्तिको सान्निध्यमा हामीलाई पनि आफ्नो आनन्दस्वरूपको झलक मिल्न थाल्छ । यही सत्संग हो ।

osho@tapoban.com

**झन्डै चार वर्ष** अघिसम्म दलित जातिका व्यक्ति हिँडेको बाटो नै नहिँड्ने वा दलितको अनुहार देखेमात्र पनि तेलको छिटा हालेर 'चोखो' हुने जुम्ला नराकोटका उपल्ला जातिहरू अहिले दलितहरूसँगै बसेर गफगाफ गर्ने मात्र होइन, खानेकुरा समेत खान थालेका छन् ।

पहिला-पहिला उपल्ला जातिका घरमा प्रवेश गर्न त परै जाओस्, एउटै धारामा पानी भर्नसमेत दलितहरूलाई रोक लगाइएको थियो, तर चारवर्ष यता दलितहरूले एउटै धारामा पानी भर्न र ठूला जाति भनिनेका घरमा आउनेजाने समेत गर्न थालेका छन् ।

विस्तारै भए पनि सिंगो गाउँमा फैलँदै गएको शिक्षा र चेतनाका कारण आफ्नो समाजमा परिवर्तनको संकेत देखिएको स्थानीयवासीको बुझाइ छ । 'पहिलेका मान्छे पढेलेखेका थिएनन् । कस्तो कुरा ठिक र कस्तो बेठिक भनेर छुट्याउन सक्दैनथे । जसले जे भने पनि जे गरे पनि मन्टो हल्लाउनै पर्थ्यो', स्थानीय खुम्मीलाल सार्की भन्छन्, 'तर अहिले धेरैले अक्षर चिनिसके । ठिक बेठिक छुट्याउन सक्ने भएकाले जातपात र भेदभावको समस्या छैन ।'

करिब डेढ सय घरपरिवार रहेको जुम्लाको नराकोटमा ६५ घर दलितका छन् । पहिलेका उपल्ला जातिकाले जातीयताको आधारमा दलित समुदायका लागि गाउँभित्रै पनि छुटै स्थान तोकिदिएका थिए । यसलाई सार्कीवाडा भनिन्थ्यो, तर अहिले ठाउँको नाम पनि सुधार गरेर दलितवाडा भन्न थालिएको छ ।

पहिला उक्त गाउँका तीनवटा धारामध्ये दुई उपल्ला जातिका र एउटा दलितका लागि भनेर छुट्याइएको थियो । चार वर्ष अघिसम्म उपल्ला जातिका लागि भनेर छुट्याइएको धारामा दलितले पानी भर्न पाउँदैनथे । 'एउटा धाराको पानीले यत्रा घरपरिवारलाई कहाँबाट पुग्थ्यो र । हाम्रा घरमा पानीको थोपो नभए पनि तिनका धारामा पानी भर्न पाइन्थ्यो', खुम्मीलाल भन्छन्, 'अहिले त सबै धाराबाट बाँडिचुँडी पानी भर्छौं ।'

आफ्नो पालामा, जातीयताका आधारमा हुने भेदभावका कारण आफूले भोग्नु परेको पीडा सुनाउँदै ६० वर्षीय नैने सार्की भन्छन्, 'हाम्रा पालामा बाटा हिँड्न पनि दिन्थेनन् । सार्कीको अनुहार देखियो अब साइत बिग्रन्छ भन्थे, तेलका छिटा हालेर चोखा हुन्थे । घरको दैलो टेक्न दिन्थेनन्, तर अहिले त्यस्तो छैन ।' समाजमा अहिले भएको परिवर्तन देखेर खुसी भएका नैने भन्छन्, 'हामीले त साह्रै लाजमर्दा दिन काटिम् । हाम्रा छोरा नातिले त्यस्तो भोग्नु नपरोस् ।'

यो गाउँबाट एकजनाले मात्र एसएलसी पास गरेका छन् भने ८ कक्षासम्म पढेका थुप्रै छन् । गाउँमा शिक्षा र शिक्षित व्यक्तिको अभाव भए पनि चेतनाको विकास भने क्रमशः हुँदै गएको अर्का वृद्ध माने सार्की बताउँछन् । 'नपढे पनि यहाँका मान्छे कुरा बुझ्ने भएका छन्,' उनी भन्छन्, 'एकैचोटि सबै कुरा परिवर्तन हुँदैन, विस्तारै सबै कुरामा सुधार हुँदै जाने हो ।'

गाउँमा देखिएको परिवर्तन शिक्षा र चेतनाको कारणले भनिए पनि माओवादी कारबाहीको त्रास प्रमुख कारण भएको स्थानीय एक शिक्षकको ठम्याइ छ । 'शिक्षा र चेतनाका कारण केही परिवर्तन त अवश्य भएको छ नै । जातीयता र उचनिचको कुरा मात्र गरे पनि माओवादीको कारबाहीमा परिने डर पनि उत्तिकै छ', उनी भन्छन्, 'युवाहरू त जान्नेबुझ्ने भएकाले पनि छुतअछूत केही मान्दैनन्, तर बूढापाकाका मनभित्र छुवाछूतको भावना अहिले पनि मरेको छैन ।'


जातीयताको आधारमा भेदभाव गरेको आरोपमा अहिलेसम्म गाउँवासीले माओवादीको कारबाही भोग्नु परेको आफूलाई थाहा नभए पनि 'माओवादीले जातीयताको आधारमा भेदभाव गरे कारबाही गर्छन्' भन्ने डरले चार वर्षयता जातीय भेदभावको कुरा नउठेको उनी बताउँछन् ।

विभिन्न चाडपर्व र उत्सवका बेला रमाइलोका लागि गाउँघरमा परम्परादेखि बज्दै आएका बाजा बजाउन पनि माओवादीले रोक लगाएका छन् । जातीयताको आधारमा हुने भेदभावको अन्त्यका लागि माओवादीले उक्त कार्यमा रोक लगाए पनि यस्तो निर्णय स्वयं दलित समुदायलाई पनि खट्किएको छ । 'यो त हाम्रा पुर्खादेखि चल्दै आएको काम हो । कामलाई पनि हलानाको र फलानाको भनेर छुट्याउन मिल्दैन', नैने भन्छन्, 'काम कहिल्यै ठूलोसानो हुँदैन । कामले कसैको जात बढ्ने र घट्ने पनि होइन । चोर्नु ढाँट्नु पो भएन ।'

बाजा बजाउनमा प्रतिबन्ध लागेपछि आजभोलि गाउँघरमा हुने उत्सव पनि नरमाइला हुने अनुभव उनी सुनाउँछन् । 'पहिला पहिला यो गाउँमा बाजा बज्दा सात गाउँका मान्छेले थाहा पाउँथे', उनी भन्छन्, 'तर अहिले बिहेबर्तुन पनि नुन नहालेको तरकारीझैं हुन्छ ।' गाउँघरमा हुने अन्य कार्यक्रममा बाजा बजाउनमा प्रतिबन्ध भए पनि माओवादीको कार्यक्रममा भने बाजा बजाउनु पर्ने उनी बताउँछन् । माओवादीको कार्यक्रमबाहेक अन्य अवसरमा बाजा बजाउनु नै पऱ्यो भने पनि माओवादीसँग पूर्व अनुमति लिनु पर्ने बाध्यता रहेको उनी उल्लेख गर्छन् । 'आफ्नो मन लागे बजाऊ भन्छन् नलागे बजाउन दिन्नन्,' उनी गुनासो पोख्छन् ।

■ **गणेशकुमार कार्की/नराकोट (जुम्ला)** (तस्वीर पनि)

# परिवर्तनको बाटोतिर



नराकोटस्थित दलित बस्ती

# चिनियाँ विश्वविद्यालय छान्दै



समय

**प्रथम श्रेणीमा आइएस्सी** पास गरेका सुमन केसीले गत मंगलबार दिनभर नै नयाँ बानेश्वरस्थित वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा बिताए। उनको उद्देश्य थियो, सम्मेलन केन्द्रमा भइरहेको चिनियाँ शैक्षिक प्रदर्शनीमा सहभागी भएर एमबिबिएस पढ्नको लागि सुहाउँदो मेडिकल कलेज छान्ने। हुनत विभिन्न पत्रपत्रिकामा खासगरी चीनमा सर्वसुलभ डाक्टरी शिक्षा भनेर दिनहुँजसो विज्ञापन नछापिने होइनन्, तर सुमन पत्रिकाको विज्ञापनप्रति पूरै विश्वास नलागेर वास्तविकता बुझ्न प्रदर्शनीमा आएको बताउँछन्। उनी भन्छन्, 'आफै आएर विश्वविद्यालयको बारेमा बुझ्दा द्विविधा लागेका कुरा प्रस्ट हुने भएकाले म शैक्षिक प्रदर्शनीमा आएको हुँ। यहाँ मैले मेडिसिनमात्र होइन, आइटी, इन्जिनियरिङलगायत सोचेभन्दा पनि बढी विषयबारे जानकारी पाएँ।'

सुमनमात्र होइन, गत सोमबार र मंगलबारका दिन राजधानीमा चीनमा उच्च शिक्षाबारे बुझ्न आउने विद्यार्थी र अभिभावकको उल्लेख्य उपस्थिति रह्यो। अभिभावक पनि सन्तानको लागि कुन कलेज सही होला भन्ने जानकारी बटुल्न व्यस्त थिए। सात राजनीतिक दलको आमहडतालले मुलुक नै तहसनहस भएको अवस्थामा बन्दकाबीच पनि करिब ३ हजार व्यक्तिले प्रदर्शनीको अवलोकन गरेका थिए। अधिकांश आगन्तुकले चीनको मेडिसिन अध्ययनप्रति चासो राखे पनि इन्जिनियरिङ, आइटीलगायत विषयमा चासो राख्नेको संख्या समेत कम थिएन। २५ वटा प्रसिद्ध चिनियाँ विश्वविद्यालयले सहभागिता जनाएको उक्त प्रदर्शनीमा यसपटक मेडिसिनका साथै इन्जिनियरिङ, सूचना प्रविधि, आम संचार, चित्रकला, दर्शन, संस्कृतिलगायतका विषयबारे जानकारी दिइएको थियो। चीनका प्रसिद्ध सांघाइ, हार्पिन, चिलिङ, हाङ्च्योलगायत विश्वविद्यालयका अधिकारीहरू आफै उपस्थित भएर आगन्तुकको जिज्ञासा मेटाइरहेका थिए। यो प्रदर्शनीमा ६ वटा विश्वविद्यालयका उपकुलपति, ३ वटा विश्वविद्यालयका निर्देशकसमेत उपस्थित थिए।

चीनमा उच्च शिक्षाका लागि सन् १९५८ बाट विद्यार्थी जान सुरु गरेका हुन्। चिनियाँ सरकारले सुरुका दिनमा ७ जना विद्यार्थीलाई डाक्टर पढ्न छात्रवृत्ति दिएको थियो भने अहिले आएर २५ जनाले वार्षिक छात्रवृत्ति पाउँछन्। त्यसो त अहिले निजी खर्चमा चीन जाने विद्यार्थीको संख्या पनि बढ्दो छ। विश्वविद्यालयका अधिकारीहरूले चीनका शैक्षिक संस्थाबारे प्रकाश पारेका थिए। चीनका राम्रा विश्वविद्यालयका कोटीमा पर्ने सांघाइ मेडिकल कलेजकी सहायक डिन इन्चु लु ले भनिन्, 'चीनमा मेडिसिन, इन्जिनियरिङलगायत विभिन्न विषयका विश्वमै गनिएका राम्रा कलेज छन्।' इन्चुले बताएअनुसार उनी कार्यरत सांघाइ विश्वविद्यालयमा अहिले पनि छात्रवृत्ति पाएका १० विद्यार्थी अध्ययनरत छन्।

चीनले खुलाबजार अर्थनीति अवलम्बन गरेपछि उच्च शिक्षाको लागि त्यहाँका विश्वविद्यालयमा आउने विद्यार्थीको संख्या बढ्दो छ। पछिल्लो समयमा चीनमा मेडिसिन पढ्ने विद्यार्थीको घुँइचो लाग्न थालेको छ। प्रदर्शनीमा चीनमा मेडिसिन पढ्दा वार्षिक ट्युसन फी मात्र न्यूनतम २ हजार २ सयदेखि ३ हजार अमेरिकी डलर लाग्ने जानकारी दिइएको थियो। नेपाली विद्यार्थी ठूलो संख्यामा चीन जान थालेपछि अध्यापनको माध्यम भाषा अंग्रेजी बनाइएको बताइएको थियो।

सम्बन्धित विश्वविद्यालयका उच्च अधिकारीको उपस्थितिले यो प्रदर्शनी बढी फलदायी रहेको बताइएको छ। अरनिको समाजका प्रथम उपाध्यक्ष हरिश्चन्द्र शाह भन्छन्, 'चिनियाँ विश्वविद्यालयप्रति आकर्षण बढिरहेका बेला नेपाली विद्यार्थी र अभिभावकले विभिन्न विश्वविद्यालयबारे वास्तविक जानकारी पाएका छन्, यो नै महत्त्वपूर्ण कुरा हो।'

■ **छत्र कार्की/काठमाडौं**

# वन अधिकारी अपहरित

**सदरमुकाम मलंगवालाई** भीषण आक्रमण र अपहरणबाट तहसनहस बनाएका माओवादीले सर्लाहीको उत्तरीक्षेत्रका सुरक्षाविहीन सरकारी कार्यालयलाई निसाना बनाउन थालेका छन्। वैशाख २ गते राति लालबन्दीका तीनवटा कार्यालयलाई क्षति पुऱ्याए भने जिल्ला वन अधिकृत प्रकाशनाथ प्याकुरेललाई अपहरण गरे।

माओवादीले जिल्ला वन कार्यालयको दुईतले कार्यालय भवनमा विस्फोट गराउँदा करिब १५ लाख क्षति भएको छ। उष्णप्रदेशीय वागवानी केन्द्र र चरण विकास केन्द्रमा पनि क्षति पुऱ्याएका छन्।

प्याकुरेललाई आर्थिक सहयोगको निम्ति बार्गेनिङ गर्न अपहरण गरिएको आशंका छ। त्यसबाहेक कार्यालयमा रहेका अत्याधुनिक कम्प्युटर उनीहरूको चासोको विषय थियो।

उता २३ गते राति पौने ९ बजेदेखि साढे ११ बजेसम्म मलंगवाडा सम्पूर्ण सुरक्षानिकायमा आक्रमण अपहृत जिल्ला अधिकारी बोधराज अधिकारी अझै माओवादी नियन्त्रणमै छन्। सैनिक क्याम्प, जिल्ला प्रहरी कार्यालय, टेलिकममा रहेका सशस्त्र प्रहरी, मालपोत र कारागारका सुरक्षाकर्मीलाई माओवादीले लक्ष्य बनाए। जिल्ला प्रहरीका सई सोनेलाल मकलसहित मालपोत सुरक्षार्थ खटिएका ६ प्रहरीजवान आक्रमणमा मारिएका थिए। नियन्त्रणमा लिएका करिब ६० प्रहरीमध्ये सिपाहीलाई त्यहीं छाडेर हवल्दार, असई र सही गरी १९ जनालाई अपहरण गरेका थिए।

मलंगवाबाट अपहृत जेलर अनिलकुमार आचार्यलाई माओवादीले ६ दिन कब्जामा लिएर चैत २८ गते मुक्त गरे। प्रजिअ अधिकारी र १९ प्रहरी उनीहरूकै कब्जामा छन्। मुटु र मधुमेह रोगबाट ग्रस्त जेलर आचार्यलाई माओवादीले तुलनात्मक रूपमा राम्रो छवि भएको भन्दै चाँडो मुक्त गऱ्यो, तर प्रजिअसहित २० प्रहरीको मुक्तिको लागि माओवादीले सर्त राखेको छ। माओवादीका यस क्षेत्रका जिम्मेवार नेता तथा जनकपुर सगरमाथा क्षेत्रीय मोर्चा समितिका संयोजक प्रभु साहले उनीहरूको मुक्तिको लागि ५ माओवादी कार्यकर्ता रिहा हुनु पर्ने बताए। साह भन्छन्, 'सप्तरीका सूर्यनारायण यादव, शिवराज यादव एवं अमर, धनुषाका सोभियत यादव र महोत्तरीका भरत साहलाई सरकारले कारागारबाट मुक्त गरेमा मात्र प्रजिअ लगायतलाई छोडिन्छ।'

माओवादी आक्रमणबाट ध्वस्त मलंगवाका कार्यालय अझै सुचारु भएका छैनन्। कामु प्रजिअ माधव ज्ञवालीले सम्भव भएसम्म जनतालाई सेवा दिने प्रयास भइरहेको बताए।

घटनालगत्तै मलंगवाको अवलोकन गरेका गृहमन्त्री कमल थापाले क्षतिग्रस्त सरकारी कार्यालय पुनर्निर्माण बजेट पठाउने भने पनि हालसम्म रकम प्राप्त भएको छैन।

■ **चुडामणि वाग्ले/सर्लाही**

# जनआन्दोलन भाग-२





# मुक्तिको मूल्य

राजधानीमा दुई सातासम्म चलेको आन्दोलनमा क्रममा के बालक, के युवा, के वृद्ध– सबै तीव्र सरकारी दमनको सिकार बने । यो उनीहरूले चुकाएको मुक्तिको मूल्य हो जसका लागि मुलुक यी पात्रहरूको सदैव ऋणी बनिरहनुपर्नेछ ।

तस्वीरहरू : भास्वर ओझा र तेजबहादुर बस्नेत







# जनआन्दोलन भाग-२














TCL
SUNSILK NATURALS
Pooja Beauty Parlour
ACUPUNCTURE CLINIC
Coke
Coca-Cola



# जनआन्दोलन भाग-२



बुटवल : कसले रोक्न सक्छ जनताको यो लहरलाई ?




चितवन : किसानहरू दुधकै भाँडा बोकेर आन्दोलनमा उत्रिएका छन्




चितवन : हामी पनि सैनिक पृष्ठभूमिकै हौं, लौ दमन गर त हामीलाई !



पोखरा : सडकमा आमा, दिदी र बहिनीहरू






झापा : प्रहरी दाजुभाइहरू, मिसिऊँ आन्दोलनमा !




इटहरी : आन्दोलनको आगो

तस्वीरहरू : दीपक ज्ञवाली/बुटवल, राम प्रधान/पोखरा, रमेश पौडेल/चितवन, मदन खरेल/झापा, ओमआस्था राई/इटहरी

# कहिल्यै नपुरिने घाउ



भिडन्तमा परी आँखामा चोट लागेका एक युवक

तेज बर्मेत

**सात दलको आह्वानमा चैत २४ गतेदेखि जारी जनआन्दोलन दबाउन सुरक्षाकर्मीले गरेको चरम दमनका भुक्तभोगिहरू यति बेला मुलुकका विभिन्न अस्पतालमा छटपटाइरहेका छन् । शान्तिपूर्ण आन्दोलनमा उत्रिएका निहत्थामाथि सरकारको चर्को दमनबाट आधा दर्जनको सुन्दर जीवननै गुमेको छ भने हजारौं घाइते भएका छन् । घाउका खाटा केही समयपछि पुरिएलान्, तर त्यसको तिक्त स्मृति कहिल्यै पुरिनेछैन ।**

■ **मनीष गौतम/काठमाडौं** (तस्वीर पनि)

शान्तिपूर्ण जनआन्दोलनमा सुरक्षाकर्मीको बर्बर दमनबाट घाइते भएर विभिन्न अस्पताल तथा स्वास्थ्य केन्द्रमा उपचार गराएका घाइतेको संख्या राजधानीमा मात्र २ हजार ५ सयभन्दा बढी छ । यीमध्ये दर्जनौं घाइतेले सुरक्षाकर्मीको बर्बर आक्रमणको नमेटिने निसानी लिएर जिन्दगीभर बाँच्नु पर्नेछ ।

जनआन्दोलनको सशक्तरूप प्रदर्शन तथा सुरक्षाकर्मीको चरम दमनको एउटा केन्द्र बनेको गोंगबुमा चैत २९ गते सुरक्षाकर्मीले चलाएको अश्रुग्याँसबाट छटपटाएका आन्दोलनकर्मीका आँखालाई राहत दिन घरको छतबाट २७ वर्षीय कृष्ण रानाले पानी छम्किरहेका थिए, तर यी सहृदयीकै बायाँ आँखाको दृष्टि सदाका लागि गुमेको छ ।

आँखाको ज्योति गुमेको पीडा बोकी त्रिवि शिक्षण अस्पतालमा उपचारार्थ भर्ना भएका राना भन्छन्, 'पानी छर्किंदै थिए, त्यत्तिकैमा प्रहरीले हानेको गोली लागेर ढलें ।' एक्स-रे गर्दा उनको आँखाभित्र 'मेटालिक बडी' देखिएको छ । 'प्लास्टिकको गोली भइदिएको भए एक्स-रेमा देखिने थिएन', उपचारमा संलग्न एक चिकित्सक भन्छन्, 'प्लास्टिक भनिएको उक्त गोली धातुले बेरिएको हुन सक्छ ।'

चैत २६ गते चितवनमा सुरक्षाकर्मीले चलाएको गोलीबाट घरमा बसिरहेकी ३२ वर्षीया तुलसी क्षेत्रीको मृत्य भयो भने यही घटनामा घाइते भएका उनका दुई बहिनी प्रमिला केसी र प्रतीक्षा अधिकारीको अझै त्रिवि शिक्षण अस्पतालमा उपचार भइरहेको छ । एक निमेषमा सुरक्षाकर्मीको गोलीले यी तीन दिदीबहिनीको जिन्दगीमा आँधीबेहरी सिर्जना गर्‍यो । 'सुरुमा मलाई लागेको गोलीले मेरो जीउ छेड्यो र बहिनी प्रतीक्षालाई लाग्यो', २८ वर्षीया प्रमिला भन्छिन्, 'बहिनीलाई पनि छेडेर त्यो गोली तुलसी दिदीको शरीरमा अड्कियो ।'

प्रतीक्षाको बायाँ हातको पाखुराको हड्डी क्षतविक्षत भएको छ भने नशामा चोट लागेको छ । प्रमिलाका देब्रे हातमा गोलीले गहिरो घाउ बनाएको छ । चिकित्सकका अनुसार दुवै दिदीबहिनीले अझै दुई महिना जति अस्पतालमै रहेर उपचार गराउनु पर्छ । परिवारको भरथेगका लागि यी तीनैजना दिदीबहिनीका पतिहरू खाडी मुलुकमा काम गर्छन् ।

तीन महिनाअघि रौतहटबाट काठमाडौं आएका १६ वर्षीय राजन राई पनि अहिले त्रिवि शिक्षण अस्पतालमा छटपटाइरहेका छन् । उनी पनि चैत २९ गतेकै दिन गोगंबुमा भएको झडपमा घाइते भएका हुन् । 'पुलिसले लखेट्यो । म एउटा घरमा छिरें र घरभित्रै गएर पुलिसले मलाई गोली हान्यो', अस्पतालको शय्यामा रहेका १६ वर्षीय राई भन्छन्, 'अब जिन्दगीभरका लागि म अशक्त भएको छु ।'

राईलाई पेटमा गोली लागेको थियो र बेहोसी अवस्थामा उपचारका लागि अस्पताल ल्याइएको थियो । गोली लागेर उनको पेटभित्रका ठूलो र सानो आन्द्रा छताछुल्ल भएका थिए । डेढ घन्टा लगाएर उनको शल्यक्रिया त्यसै दिन गरिएको थियो । 'यी विरामीलाई आकस्मिक शल्यक्रिया गरी बचायौं', उपचारमा संलग्न डा. विभुसल थापा भन्छन्, 'अलिकति मात्रै ढिलो भएको भए ज्यान जान सक्थ्यो ।'

त्यही दिनको भिडन्तमा लमजुङका रामभक्त न्यौपानेको आँखाको डिलमा लागेर गोली चिप्लिएको छ । भाग्यले दृष्टि जोगिएको बताउने यी घाइतेको टाउकोमा गम्भीर चोट लागेकाले उपचारार्थ भर्ना भएका छन् । 'मलाई लाठी र बुटले हाने, म बेहोस भएँ र एकैपटक अस्पतालमा आफूलाई पाएँ', कहालीलाग्दो त्यो क्षण सम्झँदै न्यौपाने भन्छन्, 'मेरो मुखभित्र सुरक्षाकर्मीले माटो कोचिदिएका रहेछन् ।' प्रहरीको दमनमा परेका २४ वर्षीय रत्न श्रेष्ठका दुवै खुट्टा भाँचिएका छन् । 'म आन्दोलनमा थिएँ, प्रहरीले भीड तितरबितर पार्न थाल्यो, म एउटा घरमा लुक्न गएँ', श्रेष्ठ भन्छन्, 'सुरुमा गोली ताकेर हाने, नलागेपछि लाठी र बुटले हानेर खुट्टा भाँचिदिए ।' उता बी एन्ड बी अस्पतालमा भर्ना भएका गोकर्ण तिवारीको ढाडमा छेडेको गोलीबाट उनी अपांग बनेका छन् । उनको शरीरको कुनै भाग पनि चल्दैन ।

आन्दोलनका क्रममा चैत २९ देखि वैशाख ५





राजेश केसी ▶



▲ प्रमीला केसी



प्रतिक्षा अधिकारी ▶

सम्म घाइते भएका २ सय ६० जनाको काठमाडौं मोडल अस्पतालमा उपचार गरिएको छ। चैत २७ गते देखि फागुन ५ गतेसम्म गोली लागेका १८ जना घाइतेको यो अस्पतालमा शल्यक्रिया गरिएको छ। यो अस्पतालमा टाउकोमा गहिरो चोट लागेका एक १४ वर्षीय किशोरलगायत अन्य आठजनाको शल्यक्रिया गरिएको छ।

वैशाख ४ गते चावहिलमा भएको शान्तिपूर्ण जुलुसमा प्रहरीले गोली चलाउँदा र लाठीबुटले हान्दा एक सयभन्दा बढी घाइते भएका थिए। यीमध्ये झन्डै ४० जनालाई नजिकैको मेडिकेयर अस्पतालमा उपचार गरिएको थियो। आन्दोलनमा घाइते भएकाहरू धेरै जसोलाई हाडजोर्नी र टाउकोमा चोट लागेको छ। त्रिवि शिक्षण अस्पतालका चिकित्सक खगेन्द्र दाहाल भन्छन्, 'टाउकोमा लागेको चोटको असरले शरीरमा धेरै किसिमको जटिलता निम्त्याउने सम्भावना हुन्छ।'

शान्तिपूर्ण आन्दोलनका क्रममा आँखाको दृष्टि गुमाउनेहरू पनि धेरै छन्। आँखामा चोटपटक लागी उपचारार्थ त्रिवि शिक्षण अस्पतालमा भर्ना भएकामध्ये चार र तीलगंगा आँखा केन्द्रमा पुगेका चारजनाको दृष्टि सदाको लागि गुमेको छ। गोंगबु भिडन्तमा परी दृष्टि गुमाएका २४ वर्षीय दिनेश शेर्पालाई देब्रे आँखामा गोली लागेको थियो। त्यसैगरी दायाँ आँखामा ढुंगा लागी ओखलढुंगाका राजेश केसीको दृष्टि पनि गुमेको छ।

'संवेदनशील मानिने आँखामा आक्रमण भएपछि त्यसको दृष्टि निश्चितरूपले गुम्छ', आँखामा चोट लागी घाइते भएकाहरूको उपचारमा संलग्न त्रिवि शिक्षण अस्पतालका नेत्र शल्य चिकित्सक आनन्द शर्मा भन्छन्, 'दृष्टि गुम्नु भनेको जिन्दगीभरकै लागि ठूलो आघात हो, जुन पीडा अपूरणीय मानिन्छ।'

दस दिनअघि कीर्तिपुरको भिडन्तमा घाइते भएका २३ वर्षीय प्रेम खनालको आँखाबाट तीलगंगा आँखा केन्द्रका डा. बेन लिम्बूले निकालेका छन्। डा. लिम्बू भन्छन्, 'त्यो गोली हामीले सुरक्षित राखेका छौं।' आन्दोलनको क्रममा अश्रुग्याँसबाट प्रभावित तथा गोली र ढुंगाबुटले हानेर आँखामा चोट पुगेका ३० जनाको उपचार तीलगंगा आँखा केन्द्रमा भएको छ। 'अश्रुग्याँसबाट प्रभावित व्यक्तिको लामो समयपछि पनि आँखामा प्रभाव पर्न सक्छ', डा. लिम्बू भन्छन्, 'अश्रुग्याँसको प्रयोगले आँखै बिग्रेर नदेखिएको उदाहरण अन्य देशमा पाइएका छन्।'

## आन्दोलनसँगै उपचार

यसैबीच मुलुकभरका स्वास्थ्यकर्मी लोकतन्त्रको पक्षमा ओर्लेर पनि स्वास्थ्य सेवा उपलब्ध गराइरहेका छन्। त्रिवि शिक्षण अस्पतालले बाहिर पाल टाँगेर बहिरंग विभाग संचालन गरेको छ। 'हामीले विरामीको उपचारका लागि कुनै कसर बाँकी राखेका छैनौं', त्रिवि शिक्षण अस्पताल संघर्ष समितिका अध्यक्ष डा. शशि शर्मा भन्छन्, 'सांकेतिक रूपमा हामीले लोकतन्त्रको पक्षमा कार्यक्रम संचालन गरिरहेका छौं।'

मुलुकभरका अस्पताल तथा स्वास्थ्य केन्द्रले घाइतेको उपचार निःशुल्क गरिहेका छन्। 'जनआन्दोलनका क्रममा घाइते भएकाहरूको उपचार सेवालाई प्रत्येक जिल्लामा पुऱ्याउने प्रण गरेका छौं', नेपाल चिकित्सक संघका महासचिव डा. किरण श्रेष्ठ बताउँछन्।

लोकतन्त्रको पक्षमा उभिएका स्वास्थ्यकर्मीले चिकित्सा पेसालाई विशुद्ध मानवीय सेवाको रूपमा लिएका छन्। आदोलनको दमनमा उत्रिएका सुरक्षाकर्मी घाइते भए पनि उनीहरूको उपचारमा कुनै किसिमको कसर बाँकी राखेका छैनन्। मेडिकेयर अस्पतालका चिकित्सक विशाल ढकालको अनुभव छ, 'विनाभेदभाव हामीले सबै पक्षका घाइतेको उपचार गरेका छौं, जसमा सुरक्षाकर्मी पनि छन्।'

शान्तिपूर्ण आन्दोलनमा उत्रिएका निहत्थामाथि सरकारको चर्को दमनले निम्त्याएका घाउले बनाएका खाटा केही समयपछि पुरिएलान्, तर त्यसको तिक्त स्मृति कहिल्यै पुरिनेछैन। ■

# सुरक्षाकर्मीकै बेइज्जती



कान्तिपुर

जनआन्दोलनमा होमिएकाहरूलाई मलमपट्टी लगाउँदै एक साता लगातार फुर्सद भएन उनलाई । बिहानदेखि खाना नखाएर कीर्तिपुर होस् वा गोंगबु, कलंकी होस् वा सोह्रखुट्टे, जताततै देखिइरहे डा. ब्रायन क्याव । उनको नेतृत्वमा पुगेको टोलीले उपचार गर्ने क्रममा को आन्दोलनकारी, को प्रहरी भनेर छुट्याएन । जनआन्दोलन तातेर सबै सडकमा ओर्लिएका बेला प्रहरीको लाठीचार्जबाट टाउको फुटेका, हात भाँचिएकादेखि सामान्य चोटपटक लागेकाहरूको उपचारमा लगातार एक साता राजधानीमा सक्रिए देखिए, अमेरिकी चिकित्सक ब्रायन ।

चार वर्षदेखि काठमाडौंमा भएका विभिन्न प्रदर्शनमा घाइते भएकालाई घटनास्थलमै गएर निःशुल्क उपचार गर्दै आएका ब्रायन आफ्नै टाउकोमा लौरो बज्रिँदा पनि आन्दोलनकारीलाई मात्र होइन, सुरक्षाकर्मीलाई समेत सम्झाउन पछि हटेनन् । तर, यसपालिको आन्दोलनले उनको मनमा बिर्सनै नसक्ने छाप छोड्यो ।

चार वर्षदेखि आन्दोलनमा आएर घाइते हुनेहरूलाई निःशुल्क उपचार गर्दै आएका उनले यसपालिको जस्तो जनसागर राजधानीमा पहिले देखेनन् । 'मैले यसपालि धेरै मानिस देखें, यसले हिंसा निम्त्याउँछ, त्यसैले राजा समयमै सचेत हुन जरुरी छ ।' उर्लिएको जनसागर र घाइते प्रहरीलाई समेत सेवा पुऱ्याउँदै आएका उनी जनआन्दोलनका क्रममा अन्ततः सरकारी उग्र दमनको सिकार बने ।

चैत २९ गते राजधानीको गोंगबुमा भएको व्यापक सरकारी दमनमा उनले प्रहरीको कुटाइमात्र खाएनन्, छाडा शब्द र दुर्व्यवहार पनि सहे । वरिष्ठ सशस्त्र प्रहरी उपरीक्षक माधव थापाको नेतृत्वमा आएको सुरक्षाकर्मीको लाठीले घाइते भएकाको उपचार गर्दागर्दै गोंगबुमा उनी आफै घाइते भएका थिए ।

थापा विवादमा मुछिएपछि र डा. ब्राउनले सुरक्षाकर्मीले मलाई कुटपिट गर्दै दुर्व्यवहार गरेको भन्दै अभिव्यक्ति सार्वजनिक गरेपछि सरकारले उनलाई देश निकाला गरेको थियो । आफ्नो कार्यथलो बंगलादेशमा फर्केपछि डा. ब्रायनले भनेका छन्, 'माधव थापाको नेतृत्वमा गोंगबुमा प्रदर्शनकारीमाथि उग्रदमन गरिरहेका सुरक्षाकर्मीले दुर्व्यवहार गर्दै मलाई हतकडी लगाएर लगेका थिए ।' आफ्नो निजी खर्चमा घाइते आन्दोलनकारीको उपचार गर्दै आएका ब्रायनमाथिको प्रहरी दमनले सरकारको नियत झन् उदांगिने भएपछि उनलाई तुरुन्तै फर्काइएको थियो ।

सरकारी दमनको विरोध गर्दै उनले भनेका छन्, 'सुरक्षाकर्मीको गोली र लाठीबाट रगतको आहालमा डुबेको गोंगबुमा मैले साथीहरूसँग मिलेर घाइतेको उपचार गर्दागर्दै सुरक्षाकर्मीले 'दिस इज नट योर कन्ट्री' भन्दै रोके ।'

मानवअधिकारको संरक्षण र आन्दोलनमा घाइतेहरूलाई तत्कालीन उपचार गर्नु आफ्नो कर्तव्य भएको बताउने डा. ब्रायन अहिले बंगलादेशमा कार्यरत छन् । नेपालमा भइरहेको मानअधिकार हननबारे गहिरो चासो राख्दै आएका ब्रायनले भनेका छन्, 'अब म बंगलादेशमा लोकतान्त्रिक नेपाललाई सहयोग गर्न नयाँ डाक्टर साथीहरूलाई तालिम दिनेछु ।'

आपत्कालीन उपचारका लागि सामानको जुगाड आफै गरेर आएका उनले जनप्रदर्शनका क्रमका घाइते भएका सयौंको उपचार गरेका थिए । ६ वटा स्ट्रेचर र दुइटा सिलिन्डर बोकेर फिल्डमा कुदिरहेका देखिने ब्रायन लोकतन्त्र स्थापना गर्न उर्लिएको जनसागरका लागि लघु अस्पताल नै बने एक सातासम्म । कहिले कतै त कहिले कतै दौडिँदै फुर्सद नै पाएनन् उनले नेपालमा रहँदा । सुरक्षाकर्मीले उनलाई समेत निर्ममतापूर्वक पिटिरहेका बेलासमेत चावहिलमा उर्लिएका आन्दोलनकारीलाई सम्झाउँदै उनी भनिरहेका थिए, 'यो उनीहरूको डिउटी हो । हामीले माथिल्लो तहमा बसेकाहरूलाई निन्दा गर्नु पर्छ ।'

■ **ज्योति देवकोटा/काठमाडौं**


## मकालु यातायातको बस सेवा

**कलङ्कीबाट छुट्ने : मुख्य कार्यालय, फोन नं. ४२७७५५२, ४२८१९७२, ४२८७३०६**

### काठमाडौंबाट जाने

| | | | |
|---|---|---|---|
| काकडभिट्टा | बिहान ५.०० बजे | पोखरा | बिहान ७.३० बजे |
| भद्रपुर | बिहान ५.१० बजे | वीरगञ्ज रात्रि | बेलुकी ८.१५ बजे |
| मधुमल्ला | बिहान ५.२० बजे | कलैया | बिहान १०.१५ बजे |
| धरान | बिहान ६.०५ बजे | भरतपुर | बिहान ११.४५ र दिउँसो १२.१५ बजे |
| विराटनगर | बिहान ५.४५ बजे र ६ ४५ बजे | शिवनगर | दिउँसो १२.३० बजे |
| राजविराज | बिहान ६.०० बजे | टाँडी पर्सा | दिउँसो १.०० बजे |
| सिरहा/माडर | बिहान ६.१५ बजे | टाँडी-खोलेसिमल | दिउँसो १.४५ बजे |
| मलङ्वा | बिहान ६.३५ बजे | पर्सा-कपिया | दिउँसो २.२० बजे |
| जनकपुर | बिहान ७.२० बजे | पर्साढाप-मेघौली | दिउँसो ४.४५ बजे |
| गौर | बिहान ६.५५ बजे | गीतानगर-जगतपुर | दिउँसो ४.१५ बजे |
| वीरगञ्ज | बिहान ७.०५, १०.१५ र ११.०० बजे | वरथवा | बिहान ७.४० बजे |

### काठमाडौंमा टिकट पाइने स्थानहरू

| कलङ्की | सुन्धारा | गौशाला | लगनखेल |
|---|---|---|---|
| २७३९१२/२८१७०४ | २५३१४२ | ४९३७५७/४९७१३७ | ५५२१६६६ |

### काठमाडौंतर्फ आउने

| | | | |
|---|---|---|---|
| काकडभिट्टाबाट | बिहान ५.०० बजे | वीरगञ्जबाट | बेलुका ८.३० बजे |
| भद्रपुरबाट | बिहान ४.५० बजे | कलैयाबाट | बिहान ८.०० बजे |
| मधुमल्लाबाट | बिहान ४.५० बजे | भरतपुरबाट | बिहान ५.३० बजे |
| धरानबाट | बिहान ४.२० बजे | पर्साबाट | बिहान ५.४५ बजे |
| इटहरीबाट | बिहान ५.००, ५.२०, ६.३० र ७.०० बजे | खोलेसिमलबाट | बिहान १०.३० बजे |
| विराटनगरबाट | बिहान ४.३० बजे | पर्सा-कपियाबाट | बिहान ६.३० बजे |
| राजविराजबाट | बिहान ५.३० बजे | मेघौलीबाट | बिहान ८.४५ बजे |
| सिरहा/माडरबाट | बिहान ५.१५ बजे | जगतपुरबाट | बिहान ८.१५ बजे |
| लहानबाट | बिहान ६.१५, ७.००, ७.१५ र ९.०० बजे | वीरगन्ज रात्रि | बिहान ६.४५ बजे |
| मलङ्वाबाट | बिहान ५.१५ बजे | नारायणगढबाट | बिहान ६.१५, ६.४५, ७.००, ७.४०, ८.००, ८.१५, ८.४५ र दिउँसो ३.०० बजे |
| जनकपुरबाट | बिहान ८.१५ बजे | पार्वतीपुरबाट | दिउँसो १२.०० बजे |
| गौरबाट | बिहान ५.३० बजे | | |
| वीरगञ्जबाट | बिहान ९.००, ११.०० र ११.३० बजे | | |

अन्य स्थानहरू : काँकडभिट्टा र भद्रपुरमा मेची संघको काउन्टर, धरानमा बसपार्क (०२५)२०३७२, विराटनगरबाट बसपार्क नजिकै (०२१) ३०७२७, इटहरीमा पश्चिमचोक, राजविराजमा (०३१) २००९, लाहानमा (०३३) ६०३६६, सिराहामा (०३३) २०२३३, सिराहा/माडरमा (०३३) २०१३१, जनकपुरमा भानुचोक र रामानन्द चोक, मलङ्वामा (०४६) २००४२, वीरगन्जमा (०५१) २१५२६, हेटौडामा भानुचोकमा (०५७) २०५३५, नारायणगढमा पुल्चोक बसपार्क (०५६) २४२०८ ।

*यात्रुहरूको सुविधाका लागि गौशाला र सुन्धाराबाट निःशुल्क मिनिबस सेवा उपलब्ध गराइएको छ ।*

# सहयोग आन्दोलनलाई

**मह जोडीले काठमाडौं मोडल अस्पतालमा एक लाख रुपैयाँ राखेर पहिलोपल्ट 'जनआन्दोलन घाइते उपचार कोष' सुरु गरेका हुन्। कोषको स्थापनासँगै सहयोग गर्नेहरूको संख्यामा उल्लेख्य मात्रामा वृद्धि भएको छ। मोडलको राहत कोषमा मात्रै गत मंगलवारसम्म १ करोड ४ लाख रुपैयाँ जम्मा भएको छ।**

■ गोविन्द परियार/काठमाडौं

▼ मुट्ठी मुट्ठी जम्मा गरेर मुरी हुन्छ : बुटवलमा चन्दा उठाउँदै आन्दोलनकारीहरू




दीपक ज्ञवाली

**लोकतन्त्र प्राप्तिको लागि** आफ्नो ज्यानको पर्वाह नगरी जनआन्दोलनमा होमिएर घाइते भएकाहरूको उपचारका लागि आमजनताले उत्साहजनकरूपमा सहयोग गरेर लोकतन्त्रप्रति आफ्नो ऐक्यबद्धता जाहेर गरेका छन्। सबैजसो संघसंस्था र निकायले लोकतान्त्रिक आन्दोलनप्रति देखाएको ऐक्यबद्धतासँगै घाइते उपचार कोषको रकममा व्यापक वृद्धि हुँदै गएको छ।

राजनीतिक दलहरूले भने जनताले सद्भावपूर्णरूपमा घाइतेको उपचारका लागि गरेको सहयोग लोकतन्त्रको जनअनुमोदन भएको विश्लेषण गरेका छन्। जनताले घाइते उपचार कोषमा देखाएको यो उत्साहजनक सहभागिताले जनआन्दोलनमा थप उत्साह थपेको आन्दोलनकारीहरू बताउँछन्।

सात राजनीतिक दलले घोषणा गरेको जनआन्दोलनमा सुरक्षाकर्मीबाट आन्दोलनकारीलाई व्यापक दमन गर्दा घाइतेको संख्या प्रत्येक दिन बढ्दै गएको छ। घाइतेको संख्या बढ्न थालेपछि उनीहरूको उपचारको लागि काठमाडौंका टोलटोलबाट स्वस्फूर्त रूपमा चन्दा संकलन भएको रकम एक करोड नाघेको छ।

आन्दोलनमा जनताको व्यापक सहभागिता भएपछि त्यो दबाउन सुरक्षाकर्मीले गोलीसमेत हानेका छन्। नागरिक अधिकारका लागि विरोध गर्न पाउने न्यूनतम अधिकारमा समेत सरकारले दमन गरेका कारण आन्दोलन झनै फैलँदै गएको छ। सुरक्षाकर्मीको गोलीले मात्रै उपत्यकामा २ सयभन्दा बढी घाइते भएका छन् भने कुल घाइतेको संख्या २ हजार नाघेको आन्दोलनरत दलहरूले बताएका छन्। सुरक्षाकर्मीको गोलीका कारण जनआन्दोलनका क्रममा ६ जनाको मृत्यु भएको छ।

जनआन्दोलनमा प्रहरीले व्यापक दमन गरेर गोली चलाएर घाइते बढ्न थालेपछि मह ( हरिवंश आचार्य र मदनकृष्ण श्रेष्ठ) जोडीले काठमाडौं मोडल अस्पतालमा पचास-पचास हजार रुपैयाँ राखेर पहिलोपल्ट एक लाखको 'जनआन्दोलन घाइते उपचार कोष' सुरु गरे। कोषको स्थापनासँगै सहयोग गर्नेहरूको संख्यामा उल्लेख्य मात्रामा वृद्धि भएको छ। मोडलको राहत कोषमा मात्रै गत मंगलवारसम्म १ करोड ४ लाख रुपैयाँ जम्मा भएको छ। त्यो कोषबाट

घाइतेहरूको उपचारको लागि त्रिवि शिक्षण अस्पताललाई ५ लाख, वीर अस्पतालअन्तर्गतको क्रिस्टिना डिस्टेन्सरीलाई २ लाख, जोरपाटी अर्थोपेडिक अस्पताललाई २ लाख, कीर्तिपुर अस्पताललाई २ लाख, तीलगंगा आँखा अस्पताललाई ५० हजार र काठमाडौं मोडल अस्पताललाई ५ लाख रुपैयाँ जनआन्दोलनका घाइतेहरूको उपचारको लागि हस्तान्तरण गरिएको छ। कोषका संस्थापक हरिवंश आचार्य भन्छन्, 'उपचार कोषप्रति जनअनुमोदन उत्साह लोकतन्त्रप्रतिको जनताको मत हो।'

कोषलाई अझै समाजप्रति बढी उत्तरदायी बनाउन जनआन्दोलन स्वास्थ्य उपचार समिति गठन गरिएको छ। सो समितिको सल्लाहकारमा नेपाल वार एसोसिएसनका अध्यक्ष शम्भु थापा, नागरिक समाजका प्रतिनिधि पूर्व न्यायाधीश कृष्णजंग रायमाझी र पत्रकार कनकमणि दीक्षित रहेका छन्। कोषका अर्का संस्थापक मदनकृष्ण श्रेष्ठ भन्छन्, 'हामीले सोचेभन्दा आश्चर्यजनकरूपमा कोषमा रकम जम्मा भएकाले कोषबाट घाइतेको उपचार गरेर बाँकी रहेको रकम लोकतन्त्र प्राप्तिपछि लोक हितकारी काममा प्रयोग गरिनेछ।' राजाको माघ १९ को शाही कदमको मह जोडी अहिले भने आन्दोलनको पक्षमा खुलेर लागेका छन्। २०४६ सालको जनआन्दोलनमा मह जोडीको प्रहसन नामक नाटक ज्यादै चर्चामा थियो। प्रजातन्त्रको पक्षमा तयार पारिएको सो नाटकलाई तत्कालीन सरकारले प्रतिबन्धसमेत लगाएको थियो। त्यसैको सम्झना गर्दै गत साता स्रष्टाहरूले निकालेको विरोध ऱ्यालीमा मह जोडीले सोही नाटक प्रहसनको केही भागको अभिनयसमेत गरेका थिए।

आन्दोलनको छैटौं दिन गोंगबुमा सशस्त्र प्रहरीले चलाएको गोलीका कारण डेढ सय आन्दोलनकारी घाइते भएका थिए। तीमध्ये कतिपयको अवस्था अत्यन्तै खतरामा रहेको उपचारमा संलग्न चिकित्सकहरूले बताएका छन्। प्रत्येक दिनजस्तै प्रहरीको धरपकडले घाइते हुनेको संख्या अधिराज्यभरि नै बढ्दो छ। जनआन्दोलनको उभार रोक्न सरकारले आफ्ना सबै सामर्थ्य प्रयोग गर्दासमेत जनताले कर्फ्युको अवज्ञा गर्दै लोकतन्त्रको पक्षमा प्रदर्शन गरेका छन्।

आन्दोलनका घाइतेहरू सबैभन्दा बढी उपचार गर्दै आएको त्रिवि शिक्षण अस्पतालले पनि जनआन्दोलन राहत कोषको स्थापना गरेको छ। कोषका संयोजक डा. शशि शर्मा भन्छन्, 'सुरुमा हामीले अस्पताल प्रशासनबाटै आन्दोलनका क्रममा घाइते भएकाहरूको निःशुल्क उपचार गराएका थियौं, तर पछि घाइतेको संख्या ज्यादै बढेर अस्पतालले व्यहोर्न नसक्ने भएपछि राहत कोष बनाएर जनतालाई सहयोगको आह्वान गरेका हौं।' घाइते आन्दोलनकारीलाई प्रारम्भिक टिकटदेखि अस्पतालमा उपलब्ध सबै सेवा निःशुल्क गरिएको डा. शर्मा बताउँछन्। त्रिवि शिक्षण अस्पतालले मात्र २ सय आन्दोलनकारीको उपचार गराएको बताएको छ। अस्पतालको राहत कोषमा १७ लाख ५३ हजार ४ सय ८ रुपैयाँ जम्मा भएको छ। घाइतेको उपचारका लागि हालसम्म ३ लाख रुपैयाँ खर्च भएको अस्पतालले बताएको छ।

उपचार कोषमा जनताले देखाएको सहभागिता लोकतन्त्रप्रति नागरिक अनुमोदन मानिएको छ। नेपाली कांग्रेसका केन्द्रीय सदस्य अर्जुननरसिंह केसी भन्छन्, 'घाइते उपचार कोषमा जनताले देखाएको उत्साहजनक सहभागिताले लोकतन्त्रप्रतिको जनताको विश्वास देखाउनुको साथै सुरक्षाकर्मीबाहेक सम्पूर्ण आन्दोलनको पक्षमा उभिएको देखाएको छ।' जनताले देखाएको यो उत्साहले आन्दोलनकारीलाई थप हौसला पुगेको छ। राहत कोषमा देखिएको वृद्धिले आन्दोलनमा घाइते भएका जो कोही पनि उपचारबाट वञ्चित हुन नपर्ने भएको छ। केसी भन्छन्, 'जनताको यो उत्साहले आन्दोलनलाई अझ उचाइमा पुऱ्याउन सहयोग गरेको छ।' अहिलेसम्म संकलित रकमबाट हजारौं घाइतेको उपचार गर्न सकिने अस्पताल संचालकहरूले बताएका छन्, तर अस्पतालमा शय्याको कमीका कारण सख्त घाइतेको उपचारमा समस्या परेको उनीहरूले बताएका छन्। अहिले अधिकांश अस्पताल जनआन्दोलनका घाइतेले भरिएका छन्।

घाइते उपचार कोषको लागि निजामती कर्मचारीदेखि विभिन्न संघसंस्था र व्यक्तिले उत्साहका साथ सहयोग गरेका छन्। जनताले देखाएको उत्साहसँगै विभिन्न अस्पतालले घाइते उपचार कोष स्थापना गरेर निःशुल्क उपचार गराउँदै आएका छन्। ॐ अस्पताल तथा रिसर्च सेन्टरले घाइतेको उपचारका लागि ॐ हेल्थ फाउन्डेसनमा ३ लाख रुपैयाँ जम्मा भएको र एक सय आन्दोलनकारीको उपचार गराएको बताएको छ। हस्पिटल फर एड्भान्स मेडिसियन एन्ड सर्जरी (ह्याम्स)का चिकित्सक र कर्मचारीले पनि जनआन्दोलनमा घाइतेको उपचारका लागि एक लाखको कोष खडा गरेका छन्। त्यसैगरी काठमाडौं मेडिकल कलेज सिनामंगल, नेपाल मेडिकल कलेज जोरपाटी, वीर अस्पताल, जोरपाटी अर्थोपेडिकल अस्पताल लगायतका काठमाडौंका अधिकांश अस्पतालले घाइतेको निःशुल्क उपचार गर्दै आएका छन्।

उता जिल्लास्तरमा पनि जनआन्देलनका क्रममा घाइते भएकाहरूको उपचारका लागि कोष स्थापना गरिएको छ। चितवन, पोखरा, विराटनगर, बुटवल, नेपालगन्ज, दाङ, धनगढी लगायतका क्षेत्रमा जनआन्दोलनका घाइतेहरूको उपचारको लागि रकम संकलन गरी अस्पताललाई हस्तान्तरण गर्ने कार्य भइरहेको छ। मोडल राहत कोषमा जम्मा भएको रकम जिल्ला अस्पतालमा समेत पठाएर त्यहाँ जनआन्दोलनमा घाइते भएकाहरूको उपचारमा खर्च गरिने कोषका संस्थापक आचार्यले बताए। आचार्यका अनुसार त्यसको लागि विभिन्न ठाउँका अस्पतालको अवस्था बुझ्ने काम भइरहेको छ। ■

**घाइते उपचार कोषको लागि निजामती कर्मचारीदेखि विभिन्न संघसंस्था र व्यक्तिले उत्साहका साथ सहयोग गरेका छन्। जनताले देखाएको उत्साहसँगै विभिन्न अस्पतालले घाइते उपचार कोष स्थापना गरेर निःशुल्क उपचार गराउँदै आएका छन्।**

**जनआन्दोलन घाइते उपचार कोष, मोडल अस्पतालमा उठेको रकमः १ करोड ४ लाख (मंगलवारसम्म)**

**वितरित रकमः**

त्रिवि शिक्षण अस्पतालः ५ लाख,
वीर अस्पतालको क्रिस्टिना डिस्टेन्सरीः २ लाख,
जोरपाटी अर्थोपेडिक अस्पतालः २ लाख,
कीर्तिपुर अस्पतालः २ लाख,
तीलगंगा आँखा अस्पतालः ५० हजार
काठमाडौं मोडल अस्पताललाई ५ लाख रुपैया

## दुरुपयोगको खतरा

घाइतेहरूको उपचार भनेपछि सबैले सहयोग गर्ने भएका कारण केही समूह भने उपचार कोषको नाममा चन्दा संकलन गरेर दुरुपयोग गर्नसमेत सक्रिय रहेको देखिएको छ। सामाखुसीका स्थानीय व्यापारी बाबुराम आचार्य भन्छन्, 'एउटै टोलमा चार पाँच पटकसम्म चन्दा संकलन गरिएका कारण दुरुपयोग हुन सक्ने सम्भावना देखिएको छ।'

घाइतेहरूको उपचारका लागि चन्दा संकलन गर्दा राजनीतिक दलको स्थानीय निकाय वा क्लबको प्रयोग गर्न सकियो भने अहिले देखिएका विकृति कम गर्न सकिन्छ, तर त्यो रणनीति बन्न सकेको छैन। तसर्थ आन्दोलनकारी दल वा सरोकारवाला संघसंस्था तथा व्यक्तिहरूले यस्ता पक्षमा पनि ध्यान पुऱ्याउनु पर्ने आवश्यकता देखिन्छ। आचार्य भन्छन्, 'यदि घाइतेको नाममा चन्दा संकलन गरेर दुरुपयोग गरिन्छ भने त्यस्ता समूह र व्यक्तिलाई आन्दोलनकारीले नै सत्यतथ्य पत्ता लगाएर कारबाही गर्नु पर्छ।'

सुरक्षाकर्मीको क्रूर दमनको श्रव्यदृश्य टेलिभिजनमा देखेका सर्वसाधारण जनता भने घाइतेको उपचारको लागि सहयोग गर्न आतुर देखिन्छन्। मुलुक नै आन्दोलनमा होमिएको समयमा जनताले लोकतन्त्रप्रति देखाएको समर्थनको दुरुपयोग गरेर कोषको नाम बदनाम गर्ने गिरोहको पहिचान गर्नु पनि आन्दोलनकारीकै कर्तव्य हुन्छ। ■




# झुके राजा

■ युवराज घिमिरे/काठमाडौं




तेजबहादुर बस्नेत

▲ बैशाख ७ गते कलङ्कीमा सरकारले दमनको अत्यासलाग्दो र चर्को रूप प्रस्तुत गर्‍यो। कलङ्कीमा मात्र सरकारी दमनको सिकार बनेर ४ जना आन्दोलनकारीले ज्यान गुमाए

**झन्डै एक घन्टा** लामो माघ १९ को शाही सम्बोधन र सर्वसत्ता ग्रहणलाई राजा ज्ञानेन्द्रले केवल सात मिनेट लामो शाही सम्बोधनद्वारा निरस्त गरे वैशाख ८ गते - जनताको नासो जनतालाई सुम्पिएर। अनि विगत १६ दिनदेखि जारी आन्दोलन र त्यसको प्रभावको कारण राजाको सत्ता गुमेको तथ्य उनले स्वीकार गर्न रुचाएनन्। न त आन्दोलनमा सहादत प्राप्त व्यक्ति, उनका परिवार र अन्य घाइतेहरूप्रति कुनै संवेदनशीलता नै प्रदर्शन गरे उनले। बरु, उनको १४ महिनाको शासनकालमा दमन र सत्ता दुरुपयोगमा सहभागी सबैलाई प्रशंसा र उदार धन्यवाद 'बक्स' भयो राजाबाट।

तर आन्दोलनको शक्तिसमक्ष उनी झुके - धारा ३५ अन्तर्गत सरकार गठनका लागि आन्दोलनकारी सात दलसँग प्रधानमन्त्रीको नाम सिफारिसका लागि आग्रह गरेर। 'शाही घोषणा धोका हो' नाराका साथ काठमाडौंमा जनप्रदर्शन भयो, कर्फ्यु अवज्ञा गर्दै। संविधानसभाभन्दा तल अरू कुनै कुरा मान्य नहुने एमाले नेता माधव नेपालसहितको घोषणाका कारण पनि प्रदर्शनकारीहरू झन्डै सामूहिक अवज्ञाको मुद्रामा उत्रिएका हुन्।

सत्ता छोड्नु पर्ने बाध्यतामा राजा पुगेका अनेक लक्षण देखा पर्न थालेका थिए, केही दिन पहिलादेखि नै। चुहिन लागेको जहाजबाट मुसा उफ्रने प्रवृत्ति चरितार्थ गर्दै राजालाई 'सार्वभौम सत्ता' र सर्वसत्ताका मालिक बनाउने षड्यन्त्रमा जुटेका परराष्ट्रमन्त्री रमेशनाथ पाण्डे र राजसभा स्थायी समितिका सदस्य जनरल सच्चितशमशेर राणा सार्वजनिक नजरबाट टाढिन थालेका थिए।

राजालाई उनका अन्तिम दिनमा खाली गृहमन्त्री कमल थापा र सुरक्षानिकायका तीन प्रमुखको मात्र भरोसा बचेको थियो। र, यसैबीच अन्तर्राष्ट्रिय जगत्मा झन्डै 'अछुत' र प्रजातन्त्रविरोधीका रूपमा चित्रित राजालाई अन्तिम रूपमा नैतिक र रचनात्मक दवाब दिन भारतीय प्रधानमन्त्रीका विशेषदूत डा. कर्ण सिंहले राजा जनतासमक्ष नझुके उनको आयु सकिएको चेतावनी दिएर शाही घोषणा गर्न बाध्य बनाए।

राजा ज्ञानेन्द्रले भारतीय विशेष दूतलाई प्रजातन्त्रमा फर्कने आश्वासन दिए पनि उनी कुटिलताका साथ समानान्तर राजनीतिक खेलमा थिए, कांग्रेसका संस्थापक नेता कृष्णप्रसाद भट्टराईलाई धारा १२७ अन्तर्गत प्रधानमन्त्री बनाउन खोजेर। तर, भट्टराईले निरन्तररूपमा राजाले आफ्नो माघ १९ गतेको सत्ता ग्रहणलाई सार्वजनिक रूपमा निरस्त गर्नु पर्ने, जनताको सार्वभौमसत्ता स्विकार्नु पर्ने र सात दलसँगको परामर्शबाट बढीमा एक वर्षका लागि सर्वाधिकार सम्पन्न अन्तरिम सरकार गठन गरिनु पर्ने अर्को सर्तप्रति राजाले निर्णय नलिएपछि भट्टराई प्रसंग टुंगिएको थियो। तर, त्यो समानान्तर खेलपछि राजा ज्ञानेन्द्रलाई विश्वास गर्न नसकिने उनीहरूको मान्यता अझ सुदृढ भएको थियो।

बिहीवार राजासँग दिवाभोजकै बीच डा. कर्ण सिंहले भारतीय दूतावासमा फोन गरेर त्यसै दिन अर्थात् निर्धारितभन्दा एक दिनअगाडि नै दिल्ली फर्कने सूचित गरेर राजा सम्भवतः सम्झौताको मुडमा नभएको संकेत दिएका थिए। अझ डा. कर्ण सिंह दिल्ली फर्केको केही घन्टामै भारतका अर्का पूर्व प्रधामन्त्री इन्द्रकुमार गुजरालले राजाले सबै अवसर गुमाएको र 'अब मुलुक छोड्नबाहेक विकल्प नभएको' मन्तव्य टेलिभिजन च्यानलमार्फत दिएर थप अस्थिरता र अनिश्चितताको आशंका व्यक्त गरेका थिए।

तर, त्यसको भोलिपल्टै शुक्रवार भारतीय राजदूत शिवशंकर मुखर्जीले राजासँग करिब दुई घन्टा भेटी प्रजातन्त्र जनतालाई फर्काई सात दललाई सरकार गठन गर्न आग्रह गरेमा भारतले 'ट्वीन पिलर थ्योरी' या संवैधानिक राजतन्त्रसहितको प्रजातन्त्रलाई समर्थन जनाउने आश्वासन दिएको बुझिएको छ। अर्थात् राजा 'संवैधानिक हैसियत'मा बस्दासम्म उनले समर्थनको ग्यारेन्टी चाहेका थिए, प्रजातन्त्रको संघर्षमा नैतिक समर्थन दिँदै आएका मुलुकहरूबाट खास गरी। त्यसैले भारतको प्रयासलाई शुक्रवार राजाको सन्देश आउनुपूर्व संयुक्त राज्य अमेरिका र संयुक्त अधिराज्य (बेलायत)ले समेत सार्वजनिक समर्थन जनाएका थिए।

एक सूत्रका अनुसार जनआन्दोलन दबाउन राजाको सत्ताले उठाएको कदम र खास गरी सुरक्षा प्रमुखहरूको भूमिका भावी सरकारको छानबिनको दायरामा पर्न सक्ने सम्भावनाप्रति राजा चिन्चित छन्। सात राजनीतिक दलका नेताहरूको प्रस्तवित र्‍यालीभन्दा एक दिनअघि



▲ भारतीय प्रधानमन्त्रीका विशेष दूत कर्ण सिंह

**विगत १६ दिनदेखि जारी आन्दोलन र त्यसको प्रभावको कारण राजाको सत्ता गुमेको तथ्य उनले स्वीकार गर्न रुचाएनन् । न त आन्दोलनमा सहादत प्राप्त व्यक्ति, उनका परिवार र अन्य घाइतेहरूप्रति कुनै संवेदनशीलता नै प्रदर्शन गरे उनले ।**

२५ घन्टा लगातार कर्फ्यु लगाएर सरकार दमनमै टिक्न खोजेको थियो भने कर्फ्युमा सुरक्षाकर्मीद्वारा हुन सक्ने ज्यादतीको लेखाजोखा गर्न संयुक्त राष्ट्रसंघ मानवअधिकार उच्चायोगका विशेष प्रतिनिधिहरूलाई समेत पास नदिएर परराष्ट्रमन्त्री पाण्डे र संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्त लुइस आर्वरबीच भएको सहमतिको उल्लंघन गरेको थियो, सरकारले । मानवअधिकार उच्चायोगका नेपाल प्रतिनिधि इयान मार्टिनको कार्यालयले सरकारसमक्ष विरोध जनाएको थियो ।

एमनेस्टी इन्टरनेसनल, ह्युमन राइट वाच र इन्टरनेसनल कमिसन फर जुरिस्टले जेनेभामा स्विस सरकारको विदेश विभागमा आयोजित नेपालसम्बन्धी बैठकमा राजा, उनका केही मन्त्रीहरू र सुरक्षा प्रमुखहरूमाथि मानवअधिकार उल्लंघनमा मुद्दा चलाउनु पर्ने, उनीहरूको विदेश भ्रमण रोक्का गर्न र भिसा नदिन आग्रह गरेको प्रतिक्रियास्वरूप इयान मार्टिन मिसनप्रति नेपाल सरकारको व्यवहार बदलिएको अड्कलबाजी पनि छ । तर, यो अलोकप्रियताबाट बच्न 'मानवताविरुद्धको अपराध'मा राजा मुछिनु हुन्न भनी मुलुकभित्र समानान्तर चासो पनि त्यत्तिकै बढिरहेको थियो ।

वैशाख १ गते शाहीजंगी अड्डामा शाही सेनाले आयोजना गरेको रात्रिभोजमा पूर्व प्रधानमन्त्री तथा राष्ट्रिय जनशक्ति पार्टीका नेता सूर्यबहादुर थापाले मुलुकको स्थिति राजाको नियन्त्रणबाहिर गएको र तत्काल सहमतिमा आधारित समाधान नखोजिएमा दुर्घटना हुने र त्यसको ठूलो क्षति राजालाई पुग्ने आफ्नो मान्यता सुनाएको केही दिनमै राजाले आन्दोलनमा सरिक नभएका पूर्व प्रधानमन्त्रीहरूसँगको भेटघाटको सिलसिलामा उनलाई बोलाएका थिए । भनिन्छ, भट्टराईका जस्तै स्पष्ट र अझ कठोर शब्दमा थापाले राजालाई माघ १९ को कदम गल्ती भएको र त्यसलाई स्विकार्दै जनताको अधिकार फिर्ता गर्न सुझाव दिएका थिए ।

आफ्नो असफलता एकातिर र अर्कोतिर आन्दोलनको तारो बनेका राजा अब गल्ती सच्याउन तयार भएको संकेत भेटपछि तत्काल पाएको एकजना पूर्व प्रधानमन्त्रीले समयलाई बताए । तर, शाही सम्बोधनमा आफ्नो गल्ती कबुल गर्ने नैतिक साहस उनले देखाएनन् ।

संविधानको धारा ३५ अनुसार प्रधामन्त्रीको नामका लागि सात दलसँग आग्रह गर्दै शान्ति सुव्यवस्था कायम गर्न पनि उनले आग्रह गरेका छन् । राजाको भाषण कांग्रेस सभापति गिरिजाप्रसाद कोइरालासँगै बसेर टेलिभिजनमा सुनेका कांग्रेस सह-महामन्त्री रामशरण महतले यसलाई राजाको



# राजाबाट वैशाख ८ गते दिइएको सन्देश

**प्यारा देशवासीहरू,**

नेपालीहरूको संयुक्त विवेकको निर्क्योल, समझदारी र संयुक्त प्रयासबाट शान्ति सुव्यवस्था, सुशासन, भ्रष्टाचार नियन्त्रण तथा जननिर्वाचित निकायहरूलाई जीवन्त तुल्याएर बहुदलीय प्रजातन्त्रलाई सार्थक अभ्यासमा उन्मुख गराउन हामीबाट तत्कालीन परिस्थितिमा बाध्य भई २०६१ माघ १९ गते कदम चाल्नु परेको कुरा सर्वविदितै छ । हाम्रो यो कदममा साथ दिएर आमजनताले शान्ति र प्रजातन्त्र नै आफ्नो चाहना भएको पुष्टि गरे, राष्ट्रसेवकहरूले कर्तव्यपरायणता देखाए, हामी यसको सह्राना गर्दछौं । आफ्नो गौरवमय परम्परालाई अघि बढाउँदै सुरक्षाकर्मीहरूले प्रदर्शन गरेको लगन, साहस र अनुशासनको हामी कदर गर्दछौं ।

हामीबाट देशका सबै भागमा गएर जनताको पीरमर्का र चाहना बुझी आँसु पुछ्ने प्रयास पनि गर्‍यौं । जनताको ढाडस बढाउन कोसिस पनि गरेकै हो । हत्या, हिंसा र आतंकबाट पीडित देश र जनताको हितमा संवादको बाटोमा आउन राजनीतिक दलहरूलाई आह्वान पनि गर्‍यौं तर यो साकार भएन । प्रजातन्त्रको आदर्श प्राप्तिका लागि राजनीतिक दलहरूको सक्रिय संलग्नता र सहभागिता अनिवार्य हुन्छ । यसका साथै देश र जनताको बृहत् हित तथा लोकसम्मतिका आधारमा शासन व्यवस्था चलाउने शाहवंशीय परम्परा रहेको तथा संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रमा हाम्रो अटुट प्रतिबद्धता भएकाले आज यही शाही घोषणाद्वारा नेपाल अधिराज्यको कार्यकारिणी अधिकार नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ३५ बमोजिम हुने गरी जनताको नासो जनतालाई नै फर्काएका छौं । राज्यशक्तिको स्रोत जनता नै भएकाले देश र जनताका हितमा सद्भावना र सहमति बनाएर, शान्ति सुव्यवस्था कायम गर्नु पर्दछ । बहुदलीय प्रजातन्त्रको रक्षा गर्दै संवैधानिक बाटो छाडेकाहरूलाई प्रजातान्त्रिक प्रणालीको मूल प्रवाहमा ल्याएर देशलाई शान्ति र समुन्नतिको बाटोमा अग्रसर गराउनु पर्दछ । यसैगरी निर्वाचनद्वारा जनप्रतिनिधिमूलक निकायहरू क्रियाशील पारी प्रजातन्त्रलाई सार्थक बनाउन अग्रसर हुनु पर्दछ । यसका लागि नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम देशको शासन व्यवस्थाको अभिभारा ग्रहण गर्ने मन्त्रिपरिषद् गठन गर्नका लागि प्रधानमन्त्री पदका लागि यथाशीघ्र नाम सिफारिस गर्न सात राजनीतिक दलहरूको गठबन्धनलाई हामी आह्वान गर्दछौं । यसरी प्रधानमन्त्रीको नियुक्ति नभएसम्म मौजुदा मन्त्रिपरिषद्ले नै कार्यभार सम्हालिरहनेछ ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् !

जय नेपाल !



बैशाख ८ गते राजधानीको रिंगरोड पूरै कब्जा गरेका प्रदर्शनकारीले कर्फ्युको अवज्ञा गर्दै झन्डै १५ किलोमिटर क्षेत्रमा अटूट जुलुस गरे

भास्वर ओझा

पराजयको रूपमा हेरेका छन् । सम्बोधन अपर्याप्त भएको उल्लेख गर्दै उनले राजाको भावी इमानदारी पनि शंकाको घेरामा रहेको बताए । भीडको मनोविज्ञान र त्यसको तात्कालिक व्यवस्थापन या नियन्त्रण अब राजाको नभएर दलहरूको जिम्मेवारी बन्न पुगेकोमा पनि उनीहरू बढी चिन्तित छन् ।

शाही घोषणाबारे कांग्रेस प्रजातान्त्रिकका प्रवक्ता मीनेन्द्र रिजाल राजाले जनताको नासो जनतामै फर्काएको भन्नु सकारात्मक भएको उल्लेख गर्छन् । 'तर, निर्वाचन गर भन्नु नकारात्मक पक्ष हो', उनले शाही घोषणापछि समयलाई प्रतिक्रिया दिँदै भने, 'जे भए पनि यसलाई म प्रक्रिया सुरु भएको अर्थमा लिन्छु ।'

जनताको बलमा सात दलले बाँकी कुरा कार्यान्वयन गर्न सक्नु पर्ने समेत उनको मत छ । '२०४६ सालमा पनि सुरुमा 'बहुदलीय' शब्दमात्र आए पनि राजनीतिक नेतृत्वले सही दिशा दिएर संविधान बनाएको हो', उनले भने ।

नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)का राजेन्द्र महतो भने सात दलको संविधानसभाको मागलाई राजाको घोषणाले कुनै सम्बोधन नगरेको बताउँछन् । 'सम्बोधन विभाजन गर र शासन गर भन्ने सिद्धान्तबाट प्रभावित छ । यसमा जनताको चित्त बुझ्ने केही पनि छैन', उनको प्रतिक्रिया छ ।

उता एमाले नेता सुवास नेम्वाङ सम्बोधनले मुलुकको लोकतान्त्रिक आन्दोलन र दिगो शान्ति स्थापनाका लागि केही नबताएको उल्लेख गरेका छन् । 'सफलताको संघारमा पुगेको शान्तिपूर्ण जनआन्दोलनलाई अलमल्याउने उद्देश्य राजाको छ', उनको भनाइ छ ।

काठमाडौं जस्तै पोखरा, चितवन, दाङ, नेपालगन्ज र मुलुकका विभिन्न भागमा भीडले शाही घोषणा पर्याप्त नभएको बताएर सात दललाई अप्ठेरोमा पारेका छन्, तर सात दललाई सत्ता स्विकार्न नैतिक दबाब दिँदै डा. कर्ण सिंहले दिल्लीबाट तत्काल शाही घोषणाको स्वागत गरे । 'भारत नेपालमा सात दलले सत्ता ग्रहण गरेपछि आर्थिक पुनरुत्थानमा सहयोग गर्न तत्पर छ', डा. सिंहसँगै आएका विदेश सचिव श्यामशरणले भने ।

उता दलहरू भने सत्ता ग्रहण गर्न खास गरी माओवादीको डरका कारण रोकिएका छन् - सम्झौतापरस्त भनिने डरले । कूटनीतिक उच्च सूत्रका अनुसार भारतले दलहरूको सरकारसँग वार्ताद्वारा समाधान खोज्न र बन्दुक बिसाउन माओवादी नेतृत्वमाथि दबाब दिन ढिला नगर्ने प्रशस्त संकेत गरेका छन् । सर्वाधिकारसम्पन्न सरकारले आवश्यक परेमा संविधानसभासम्म जाने साहस र हैसियत राख्नु पर्छ भन्ने सुझाव पनि उनीहरूले सात दलका नेतालाई दिएका छन् ।

र, सम्भवतः त्यो नै राजनीतिक दलका लागि अवसर सावित हुनेछ । तर, माओवादी समस्यासहित धराशायी हुन लागेको अर्थतन्त्रलाई समाधान गर्ने जिम्मेवारी पनि दलहरूले बहन गर्नु पर्ने देखिन्छ । जे भए पनि नेपालको सन्दर्भलाई यो अध्याय अधिनायकवादी प्रयोगको असफलता पनि सिद्ध भएको छ । ■



प्रदीप जोशी

गौशालाबाट मसाल जुलुस निकाल्दै खेलाडीहरु

समय

# उत्रिए सडकमा

■ नवीन अर्याल/काठमाडौं

**लोकतन्त्र प्राप्तिविना** खेलकुदको समुचित विकास असम्भव छ भन्दै खेलाडी पनि सात राजनीतिक दलले चैत २४ गतेदेखि आह्वान गरेको जनआन्दोलनमा उत्रिएका छन्। लोकतान्त्रिक आन्दोलनमा अखिल नेपाल तेक्वान्दो संघ (एन्टा)सहित जिल्लाका विभिन्न खेलकुद संघ उत्रिएका छन्।

चैत २८ गते विराटनगरमा अभ्यास गर्दै फर्किरहेका ६ युवा क्रिकेट खेलाडीलाई प्रहरीले निर्घात कुटपिट गरेपछि विराटनगरका 'ए' श्रेणीका एक दर्जन क्रिकेट क्लब 'राष्ट्रका गहना खेलाडी हुन्, खेलाडीलाई निर्ममतापूर्वक कुट्न पाईदैन' भन्ने नारासहित आन्दोलनमा उत्रिएका छन्। यो घटनामा दोषी प्रहरीमाथि कारबाहीको माग गर्दै क्षेत्रीय क्रिकेट विकास समिति क्षेत्र नम्बर १ का तीन पदाधिकारी सचिव मोहम्मद साद (बाबु), सहसचिव अशोक रेग्मी र कोषाध्यक्ष अनुज लाखेले राजीनामा दिएका छन्। यसको विरोधमा छिमेकी धरानका विभिन्न खेलकुद संघका खेलाडी र पदाधिकारीहरु मात्र नभई क्षेत्र नम्बर ५ नेपालगन्ज र बाँके जिल्ला क्रिकेट संघ आन्दोलनमा उत्रिएको छ। राष्ट्रिय प्रतियोगिताको तयारीका लागि डिग्री क्याम्पसमा अभ्यास गरेर फर्किरहेका नेपालका अन्तर्राष्ट्रिय खेलाडी रितेश बराल, युथ-१७ का निर्जल क्षेत्री, युथ-१५ का अनिश अग्रवाल, ऋषि श्रेष्ठ र मञ्जिल बराललाई तीनवटा भ्यानमा आएका प्रहरीले रोड शेष नजिकै नालामा लडाएर कुटपिट गरेका थिए।

'लोकतन्त्रविना खेलाडीको सम्मान हुन सक्दैन। यो एउटा सानो उदाहरण मात्र हो', क्रिकेट संघ मोरङका अध्यक्ष नरेश श्रेष्ठ भन्छन्। उनी खेलाडीको नाम बेचेर विदेश सयर गर्ने नेपाल क्रिकेट संघका जिम्मेवार पदाधिकारी यो घटनालाई लिएर मौन हुनु लज्जास्पद रहेको बताउँछन्। क्रिकेट खेलाडी पिटिएको विषयलाई लिएर देशका विभिन्न खेलकुद संघ, खेलाडी र पदाधिकारी लोकतन्त्रको आन्दोलनमा समाहित भइसकेको अवस्थामा नेपाल क्रिकेट संघले विज्ञप्ति निकालेर पनि यो घटनाको निन्दा गरेको छैन। संघ मात्र होइन, खेलाडीको हकहितको लागि लड्ने खोक्रो आश्वासन बाँड्दै हिँडेको देशको सर्वोच्च खेल निकाय राष्ट्रिय खेलकुद परिषद् पनि यो घटनामा पूरै मौन देखिएको छ। २०४६ सालको जनआन्दोलन दबाउन खेलाडी प्रयोग गरेर बदनाम भइसकेको परिषदबाट। अहिले पनि आन्दोलनमा स्वतस्फूर्त भाग लिइरहेका खेलाडीलाई धम्की दिने जस्ता काम भइरहेका छन्।

लोकतान्त्रिक आन्दोलनमै लागेका कारण एन्टा अध्यक्ष प्रदीपराज जोशी धनगढीमा चैत २७ गते थुनिए। 'उहाँलाई तीन महिनाको पुर्जी थमाइएको छ', एन्टाका अन्तर्राष्ट्रिय प्रशिक्षक अनुयाज गौतम भन्छन्।

यस्तै, राष्ट्रिय संघहरु प्रतिगमनको मतियार भइरहेको परिप्रेक्ष्यमा जिल्ला संघहरु लोकतन्त्रको पक्षमा खुलेर लागेका छन्। यसै क्रममा म्याग्दी जिल्लाका क्रियाशील ११ खेल संस्था, दुहबीको एलेभेन एरोज क्लब, ललितपुर जिल्ला ब्ल्याक बेल्ट प्रशिक्षण कमिटी, इटहरीको राष्ट्रिय जागृति क्लब र बुटवलमा खेलाडी तथा प्रशिक्षकहरु लोकतन्त्रको माग गर्दै सडकमा उत्रिएका छन्। राष्ट्रिय खेलकुद परिषद्का १ सय ३६ कर्मचारीले पनि आन्दोलनमा घाइते भएका आन्दोलनकारीको उपचारका लागि २४ हजार ३ सय रुपैयाँ दिएर आन्दोलनप्रति नैतिक समर्थन जनाएका छन्।■





रिहाइपछि भारतीय विशेष दूत करण सिंहसँग भेट गर्दै एमाले महासचिव नेपाल। साथमा अर्का नेता अमृत बोहरा

तस्बिरहरू : भास्कर ओझा

# रोकिँदैन आन्दोलन

■ सुवास देवकोटा/काठमाडौं

**'माओवादीबाहेक वा ऊविरुद्ध कुनै गठबन्धनमा हामी समावेश हुने सम्भावना छैन', रिहाइपछि एमाले महासचिव माधवकुमार नेपालले भनेका छन्।**

**नेपाल कम्युनिष्ट पार्टी** (एमाले)का महासचिव माधवकुमार नेपालले दुईमहिने हिरासतबाट वैशाख ६ गते साँझ मुक्त हुनासाथ पत्रकारहरूसँग भने, 'सात दलले निर्धारण गरेको लक्ष्य प्राप्त नभएसम्म आन्दोलन जारी रहनेछ।' भारतीय प्रधानमन्त्री मनमोहन सिंहका विशेष प्रतिनिधि करण सिंह र उनको टोलीसँग एमाले केन्द्रीय कार्यलय बल्खुमा पौने एक घन्टा लामो वार्तापछि उनले सशस्त्र विद्रोही माओवादी र सात दलको गत मंसिरको बाह्रबुँदे समझदारीविपरीत कोहीसँग कुनै सम्झौता नहुने बताए। भारतीय प्रतिनिधि मण्डललाई आफूले सात दल र आफ्नो पार्टीको अडान स्पष्ट राखेको पनि उनले त्यहाँ उल्लेख गरे।

तीन महिनादेखि बन्दी बनाइएका नेपाली कांग्रेसका महामन्त्री रामचन्द्र पौडेलको अडान पनि नेपालको भन्दा भिन्न थिएन। रिहापछि काठमाडौं जिल्ला अदालतमा पत्रकारसँग कुरा गर्दै उनले सात दलको एजेन्डा पूरा नभई आन्दोलन नरोकिने बताए। 'आन्दोलनले उचाइ प्राप्त गरेको छ, जनतालाई सार्वभौम र शक्तिशाली नबनाई यो कुनै सम्झौतामा टुंगिदैन', पौडेलको अडान थियो। अन्य राजनीतिक बन्दी जसरी सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको रिट निवेदन नदिएका नेपाल र पौडेललाई सरकार आफैले रिहा गरेको हो।

राजाबाट केही पूर्व प्रधानमन्त्री र सरकारमा सामेल दलका नेतासँग सुरु गरिएको परामर्श अभियानपछि 'संवैधानिक शक्ति'बीच कुनै सहमति बन्ने अनुमानलाई नेपालले स्विकारेनन्। 'माओवादीबाहेक वा ऊविरुद्ध कुनै गठबन्धनमा हामी समावेश हुने सम्भावना छैन', नेपालले भने, 'अहिलेको समस्याको समाधान भनेको संविधानसभा मात्र हो, संविधानसभा निर्वाचनको माध्यम प्रतिनिधिसभा पुनःस्थापना मानेको हो, सात दलले।' संविधानसभा निर्वाचनले नै राजासहित सबैको स्थान निर्धारण गर्ने पनि नेपालले बताए।

नेपाल, पौडेल र अन्य राजनीतिक बन्दीको रिहाइ र भारतीय प्रतिनिधिमण्डलको नेपाल आगमनपछि राजाको नेतृत्वमा रहेको सरकार राजनीतिक संकट सहमतिको माध्यमबाट समाधानतर्फ लाग्ने अनुमानविपरीत वैशाख ७ गते सरकारले बिहान २ बजेदेखि साँझ ८ बजेसम्म कर्फ्यु लगाएर सात दलको चक्रपथमा मानवसागर उतार्ने कार्यक्रम बिथोल्ने प्रयास गर्‍यो। राजनीतिक द्वन्द्व चर्काउने सरकारको यो प्रयासले नेपाल र पौडेलको अडान सही पुष्टि भएको छ भने सरकारको दमनले उर्लंदो आन्दोलनमा घिउ हाल्ने काम गरेको छ।

## नेता मोर्चामै

उत्कर्षमा पुग्न लागेको शान्तिपूर्ण आन्दोलनमा स्थापित नेताहरूको उपस्थिति पातलो रहेको गुनासो आइरहेको बेला नेपाल र पौडेल रिहा भएका छन्।

निरंकुश राजतन्त्रको अन्त्यका निम्ति माओवादीसँग संवाद र आन्दोलन पक्षमा रहेका उनीहरूको आगमनले सडक आन्दोलनले वरिष्ठ नेता प्राप्त गर्नेछ। यद्यपि, यसअघि पनि जनप्रदर्शन गुनासो गरिएजस्तो राजनीतिक दलका नेताविहीन थिएनन्। राजनीतिक दलहरू प्रायः सबै प्रदर्शनलाई आफ्ना नेताले नेतृत्व दिइरहेको बताउँछन्।

तर, नेता पक्राउ गर्ने र कार्यकर्तालाई आन्दोलनमा सहभागी हुन नसक्ने गरी घाइते बनाउने सरकारको अघोषित नीतिका कारण दलहरूलाई नेताको समस्या भने परेको थियो। नेपाली कांग्रेसका ३६ जना केन्द्रीय समिति सदस्यमध्ये सातजना थुनामै थिए भने एमालेका ६७ केन्द्रीय नेतामा २३ हिरासतमा। यसैगरी कांग्रेस प्रजातान्त्रिकका २८ केन्द्रीय नेतामा चार थुनामा छन् भने ६ जना यसै साता हिरासतमुक्त भएका छन्। सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरण रिटमार्फत केही नेता रिहा भए पनि अझै कयौं नेता हिरासतमै छन्।

थुना नपरेकामा पनि आन्दोलनका कार्यक्रम निर्माणको जिम्मा पाएका केही सुरक्षित कार्यशैली अपनाउनु पर्ने कारण जनप्रदर्शनमा प्रत्यक्ष सहभागी बन्ने अवस्थामा नरहेको दलहरू बताउँछन्। उनीहरूका अनुसार सबै राजनीतिक दलले २–२ जना नेतालाई आन्दोलनका कार्यक्रम निर्माण गर्ने सात दलको संयन्त्रमा जिम्मेवारी दिएका छन्। यस्तो जिम्मेवारीमा नरहेका नेता पनि सरकारले पक्राउ गर्ने प्रयास पटक पटक गरेका कारण


रिहाइपछि कांग्रेस महामन्त्री रामचन्द्र पौडेल

सुरक्षित कार्यशैली अपनाइरहेका छन्। नेपाली कांग्रेस केन्द्रीय सदस्य शेखर कोइरालाका अनुसार कृष्ण सिटौला, अर्जुननरसिंह केसी, दिलेन्द्र बडु र उनी आफै पार्टी काममा लाग्नु पर्ने भएकाले सबै प्रदर्शनमा जान पाएका छैनन्। यसैगरी पार्टीका कार्यवाहक महासचिव अमृत बोहोरालाई पक्राउ पर्न नदिने नीति पार्टीको रहेको एमाले नेता प्रदीप नेपाल बताउँछन्। माओवादीसँग चैत ६ को दोस्रो समझदारीका लागि भारत गएका एमाले नेता वामदेव गौतम तथा झलनाथ खनाल र नेपाली कांग्रेसका कोषाध्यक्ष महन्थ ठाकुर अझै उतै छन्, माओवादीसँग सम्भावित अर्को वार्ताको प्रतीक्षामा। सात दलको अर्को घटक जनमोर्चाका अध्यक्ष अमिक शेरचन माओवादीसँगको वार्तापछि राजधानी फर्किए पनि अझै भूमिगत नै छन् भने अन्य वरिष्ठ नेतालाई पनि सार्वजनिक कार्यक्रममा उपस्थित हुनु खतरापूर्ण रहेको जनमोर्चा स्रोत बताउँछ।

नेताको कमी देखिए पनि आन्दोलनमा सात दलका नेताहरूको उपस्थिति आन्दोलन चर्केका ठाउँमा देखिने गरेको छ। कीर्तिपुरमा एमालेका शंकर पोखेल र नेपाली कांग्रेसका कृष्ण खनालको उपस्थिति सधैं देखिने गरेको छ भने गोंगबुको आन्दोलनमा पनि सबै दलले सधैं केही नेतालाई खटाउने गरेको देखिन्छ। यसैगरी चालू आन्दोलनको अर्को केन्द्र चावहिलमा नेताको उपस्थिति देखिने गरेको छ। मैतिदेवीमा एमालेका युवा नेता गोकर्ण विष्ट र नेपाली कांग्रेससम्बद्ध विद्यार्थी नेता गगन थापाले नेतृत्व दिइरहेका छन्। नेपाली कांग्रेसले बलबहादुर राई र डा. रामवरण यादवलाई अस्पतालका घाइते र जेलका बन्दीको स्थिति विचार गर्ने जिम्मेवारी दिएको छ भने व्यवस्थित कार्यलय सञ्चालनमा नामी एमालेले भरतमोहन अधिकारी, प्रदीप नेपाल, काशीनाथ अधिकारी र राजेन्द्र पाण्डेलाई केन्द्रीय कार्यलय तथा सचिवालय संचालनको जिम्मेवारी दिएको छ। ■



**जनआन्दोलन दबाउन** राज्य कोषको चरम दुरुपयोग गर्न थालेपछि सरकारमाथि आर्थिक नाकाबन्दी लगाउन मुलुकका आर्थिक क्षेत्रका नेतृत्वदायी संस्थाहरूले आग्रह गरेका छन् । ती संस्थाले २०४६ सालमा जनआन्दोलन दबाउन तत्कालीन सरकारले गरेको व्यापक आर्थिक अनियमितता अहिले राजाको सरकारले पनि दोहोऱ्याउन थालेपछि मुलुकलाई भोलिका दिनमा आर्थिक दुर्घटना हुनबाट जोगाउन बेलैमा सचेत गराएको बताएका छन् ।

अर्थशास्त्रसँग सम्बन्धित संस्थाहरू नेपाल इकोनोमिक एसोसिएसन, इन्स्टिच्युट फर डेभलपमेन्ट स्टडिज (आइएफडिएस), नीतिमूलक अनुसन्धान संस्था (इप्राड), नेपाल व्यवस्थापन संघ (म्यान) र नेपाल आर्थिक पत्रकार समाज (सेजन)ले वैशाख ५ गते संयुक्त विज्ञप्तिमार्फत सरकारी रकम व्यापक हिनामिना गरिरहेको सरकारको गैरकानुनी कार्य रोक्न सरकारी, गैरसरकारी र दातृनिकायलाई आग्रह गरेका छन् ।

आन्दोलन उत्कर्षतर्फ लम्किँदै जादा सरकारले आन्दोलन दबाउन करोडौं रुपैयाँ खर्च गरिरहेको छ । यसअघि नै आर्थिक संकटमा फसेको सरकारले आन्दोलन दबाउने खर्च नेपाल राष्ट्र बैंक, नागरिक लगानी कोष, कर्मचारी संचय कोष वा नेपाल टेलिकमबाट लिएको हुन सक्ने आशंका यी संस्थाको छ । यसरी लिइएको रकम भुक्तानीको दायित्व अन्ततः लोकतन्त्र स्थापनापछि गठन हुने सरकारमा जाने हुँदा सरकारलाई ऋण नदिन समयमै उनीहरूलाई सचेत बनाइएको हो । आदेशका नाममा रकम निकासा गरिएको अवस्थामा सम्बन्धित निकायका कार्यकारी प्रमुख यसका लागि जिम्मेवार हुने र उनीहरू उम्कन नपाउने व्यवस्थाका लागि सचेत बनाउन आन्दोलनरत दलहरूलाई पनि आग्रह गरिएको छ ।

२०४६ सालमा जनआन्दोलन दबाउन यसैगरी राष्ट्रिय ढुकुटी दुरुपयोग गरिएको यथार्थता खुलेको थियो- प्रजातन्त्र पुनःस्थापनापछि । यो पृष्ठभूमिका भुक्तभोगीले २०४६ सालमा जस्तै माथिको आदेश भनेर उम्किन खोज्ने प्रवृत्ति र परम्परा अविलम्ब बन्द गर्नु पर्ने बताएका छन् ।

अर्थशास्त्रीहरूका अनुसार सरकारी आम्दानी शून्य अवस्थामा पुगेको छ । र, राष्ट्र बैंकको तथ्यांकले पनि सरकारको खातामा रकम नरहेको देखाएको छ । स्थानीय निकायको विकास खर्चमा पठाउनु पर्ने करिब साढे दुई अर्ब रुपैयाँबाहेक सरकारी खातामा पैसा छैन । तैपनि, सरकारी खर्च बढिरहेको छ । यसले सरकारले गोप्य स्रोतहरूबाट रकम लिएर खर्च गरेको उनीहरूको आशंका पुष्टि गर्छ ।

अहिले बुझाइएको राजस्व जनताको टाउकोमा गोली र लाठी हान्न दुरुपयोग गरिने भएकाले आमजनता, औद्योगिक-व्यापारिक प्रतिष्ठान र बैंक तथा वित्तीय संस्थालाई कर नतिरी सरकारलाई साँच्चिकै आर्थिक नाकाबन्दी गर्न आग्रह गरिएको छ । उनीहरूले ५ वैशाखदेखि आन्दोलन सफल हुँदाका दिनसम्म यदि कसैले कर तिरेमा त्यसलाई पछि बन्ने सरकारले मान्यता नदिने सूचना जारी गर्न आन्दोलनरत दललाई सम्झाइएको छ । आइएफडिएसका अध्यक्ष एवं वरिष्ठ अर्थशास्त्री डा. राघवध्वज पन्त भन्छन्, 'आफूले तिरेको कर दुरुपयोग नहोस् भनेर करदाताले यस्तो सचेतता अपनाउनु जरुरी छ ।' अर्थशास्त्रीहरूको विश्लेषणमा पछिल्लो आन्दोलनका कार्यक्रममा अवज्ञा गर्न सबैलाई आग्रह गरिएको सन्दर्भमा दलहरूले यी संस्थाको सुझाव कार्यान्वयनमा ल्याउनु प्रभावकारी हुनेछ, निरंकुश सत्ता गलाउनका लागि ।

राजाको प्रत्यक्ष शासनको मुख्य सहयोगीका रूपमा आफूलाई उभ्याउँदै आएका नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल चेम्बर अफ कमर्स र नेपाल उद्योग परिसंघलाई यो व्यवस्था कार्यान्वयन गर्न र आ-आफ्ना मातहतका संघसंस्थामा पनि कार्यान्वयन गराउन आग्रह गरिएको छ । आन्दोलन चर्किँदै जाँदा यी संस्थाले आफूहरू 'पूर्ण प्रजातन्त्र'का पक्षपाती भएको उल्लेख गरे पनि दलहरूको अवज्ञा आन्दोलनमा सहयोगी बनेका छैनन् उनीहरू । जिल्लामा उद्यमी-व्यवसायीहरू आन्दोलनमा सहभागी बन्ने क्रम तीव्र बन्दै गए पनि नेतृत्वदायी संस्थाहरू भने 'अमूर्त भाषा'मात्रै बोलेका छैनन्, आफ्ना सदस्यहरूमाथि सरकारले चरम दमन गरिरहँदा समेत मौन छन् ।

राजाको पदलोलुपता र राष्ट्रिय एवं अन्तर्राष्ट्रिय समुदायको सुझावविपरीत हठपूर्ण शासन गर्ने व्यवहारले मुलुक आर्थिक संकटमा पुगेको विश्लेषण गरिएको छ । आर्थिक अनुशासनहीनता र बढ्दो सुरक्षा खर्चले सरकार टाटै उल्टिन लागेको उल्लेख गर्दै उनीहरूले 'यस्तो अवस्थामा पनि कसैको पदलोलुपता, हठ र एकोहोरोपनलाई नै आदर्श ठानेर राज्य संचालन गर्न खोज्दा आर्थिक व्यवस्था छिटै अकल्पनीय दुर्घटनामा पर्ने' स्थितिमा पुगेको यथार्थता देखाइएको छ ।

# 'सचेत हौं'

■ मधुसूदन पौडेल/काठमाडौं

**आर्थिक रूपमा टाट पल्टिएको सरकारले आन्दोलन दबाउन राष्ट्रिय ढुकुटी दुरुपयोग रोक्न सबै सचेत हुन आवश्यक छ ।**





सरकारले खर्च उठाउन ट्रेजरी बिल र ऋणपत्र जारी गर्न सक्ने सम्भावना छ, तर अर्थशास्त्रीहरूले जतिसुकै उच्च ब्याज दिए पनि त्यसमा लगानी नगर्न आमजनता, बैंक तथा वित्तीय संस्थालाई सचेत बनाएका छन् । यसरी उठाइएको पैसा सरकारले मनलागी खर्च गर्ने र उनीहरूको लगानी डुब्न सक्ने भएकाले धेरै ब्याजको लोभमा लगानी गर्नु उचित नभएको जानकारी गराइएको छ । साथै यो अवधिमा ऋणपत्रहरूमा लगानी गरेमा लोकतन्त्र स्थापनापछि बन्ने सरकार भुक्तानी नदिने सूचना आन्दोलनकारी दलले जारी गर्नु पर्ने आवश्यकता पनि औंल्याइएको छ । सरकारी ढुकुटीमा सरकारले भित्र्याएको रकम दुरुपयोग हुनबाट रोक्नका लागि सरकारका कुनै पनि चेक भुक्तानी नगर्न राष्ट्र बैंक र सरकारी कारोवार गरिरहेका अन्य वाणिज्य बैंकलाई पनि आग्रह गरिएको छ । राष्ट्र बैंकको कारोवार ठप्प भएपछि सरकारी कारोवारका लागि तोकिएका एभरेस्ट बैंक र नेपाल बंगलादेश बैंकलाई पनि कारोवार नगर्न भनिएको छ ।

आर्थिक संकटबाट गुज्रिरहेको सरकारले दातृनिकाय वा अन्तर्राष्ट्रिय वित्तीय संस्थाबाट ऋण लिन बैंक तथा वित्तीय संस्थाको सुरक्षणमा ऋण लिने सम्भावना रहेकाले दाताहरूलाई सरकारलाई सहयोग नगर्न आह्वान गरिएको छ । 'आमजनताको जीवनस्तरमा सीधै नकारात्मक प्रभाव पार्नेबाहेक अन्य सबै अनुदान र ऋण पूरै बन्द गर्न अनुरोध गर्दछौं', विज्ञप्तिमा भनिएको छ । बैंकहरूको सुरक्षणमा वैदेशिक बैंक तथा वित्तीय संस्थाबाट ऋण लिइएमा त्यसको भुक्तानी नहुने प्रतिबद्धता दलहरूबाट आउनु पर्ने उल्लेख गरिएको छ । इप्राडका अध्यक्ष डा. डिल्लीराज खनाल भन्छन्, 'लोकतान्त्रिक आन्दोलन दबाउनका लागि सरकारले सहयोग दुरुपयोग गर्ने अवस्था रहेकाले सहयोग रोक्न आवश्यक छ ।'


## खुलेन ढुकुटी

वैशाख ५ गते गृहमन्त्री कमल थापाले आन्दोलन दबाउनका लागि भिजिलान्ते प्रयोग गर्न ५ लाख रुपैयाँको चेक साट्न राष्ट्र बैंक पठाए, तर ढुकुटी बन्द गरेर बसेका कर्मचारीले आन्दोलन दबाउनका लागि गृहमन्त्रीले तजबिजीमा खर्च गरिरहेको उक्त रकमको चेक नसाटी फिर्ता पठाइदिए । यसको रिस फेर्न उनले १३ कर्मचारी गिरफ्तार गरे, तर कर्मचारीको व्यापक दबाबपछि गभर्नर विजयनाथ भट्टराई आफै हनुमानढोका पुगेर राति ८ बजे कर्मचारीलाई फिर्ता ल्याउनु परेको थियो । आन्दोलनमा सरकारी दमन बढ्दै जाँदा राष्ट्र बैंकका अधिकृतहरूले पनि आफूलाई लोकतान्त्रिक आन्दोलनका हिस्साका रूपमा प्रस्तुत गरेका छन् ।

कर्मचारीले राष्ट्रिय ढुकुटी नै ठप्प पारेपछि सरकार निकै संकटमा पुगेको छ । नेपालको इतिहासमा यति लामो समय ढुकुटी बन्द गरिएको यो पहिलो घटना हो । ढुकुटी बन्द गरिएपछि सरकारले राति र बिहानको समयमा ढुकुटी खोली सुरक्षानिकायका लागि रकम लैजाने गरेको थाहा भएको छ । यस कार्यमा डेपुटी गभर्नरहरू कृष्णबहादुर मानन्धर र वीरविक्रम रायमाझी आफै ढुकुटी खोल्न पुग्ने गरेका छन् । कार्यालय समयभन्दा बाहिर गरिएको यस्तो कार्य गैरकानुनी भएको र यस अवधिमा ढुकुटीबाट निकालिएको रकमको जिम्मेवारी उनीहरूले लिनु पर्ने दाबी कर्मचारीले गरेका छन् । विकल्प स्वरूप निजी क्षेत्रका बैंकमा राजस्व जम्मा गर्न लगाएर कारोवार चलाउने सरकारी योजना पनि संकटमा पर्दै गएको छ । गभर्नरको व्यापक दबाबबीचमा पनि निजी बैंकहरू आंशिक कारोवारमात्र गरिरहेका छन् । नेपाल बैंक, राष्ट्रिय वाणिज्य बैंक र कृषि विकास बैंकका अधिराज्यव्यापी कारोवार चैत २४ यता ठप्प बनिरहेका छन् । वित्तीय क्षेत्रका कर्मचारीबाट सुरु भएको आन्दोलनमा अहिले निजामती र निजी क्षेत्रका कर्मचारी पनि प्रत्यक्ष रूपमा ओर्लिएका छन् । आन्दोलन दबाउन गृहमन्त्री थापा लागिरहेकै बेला उनकै मन्त्रालयका कर्मचारी समेत त्यसको विरुद्धमा ओर्लिएका छन् ।

## हवाई सेवा बन्द

लोकतान्त्रिक आन्दोलनको समर्थनमा नेपाली एयरलाइन्स व्यवसायीहरू पनि आन्दोलनमा उत्रिएका छन् । अत्यन्तै संवेदनशील मानिने हवाई सेवा वैशाख ७ मा एक दिन बन्द गरेर उनीहरूले सरकारलाई सांकेतिक रूपमा राजनीतिक निकासका लागि दबाब दिएका छन् । नेपाल नागरिक उड्डयन प्राधिकरणका कर्मचारीले सरकारलाई चेतावनी दिँदै संघर्षमा उत्रिने बताएका थिए । हवाई उडानका लागि अत्यावश्यक टावरमा काम गर्ने कर्मचारी आन्दोलनमा उत्रिएपछि नेपालको आन्तरिक र बाह्य सबै हवाई सेवा बन्द गर्नु पर्नेछ । यसले नेपालको सम्पर्क अन्तर्राष्ट्रिय समुदायबाट टुट्नेछ भने नेपालको खराब अवस्थाबाट उनीहरू पनि प्रभावित बन्नेछन् । ■



समय



# कृत्रिम अभाव

भास्कर ओझा

**लोकतन्त्र स्थापनाको** लागि सञ्चालित सात राजनीतिक दलको शान्तिपूर्ण जनआन्दोलन लम्बिँदै गएपछि राजधानीमा उपभोग्य सामग्रीको मूल्य अकासिएको छ । तरकारी, चामल, नुन, खानेतेलजस्ता दैनिक उपभोग्य सामग्रीमा २५ देखि ५ सय प्रतिशतसम्म मूल्यवृद्धि भएको छ । स्टकमा रहेको सामान व्यापारीले लुकाउन थालेपछि आम जनताका लागि अत्यावश्यक मट्टीतेल, डिजेल, पेट्रोल, एलपी ग्याँसलगायत इन्धनको समेत कृत्रिम अभाव देखिएको छ । आमहडताल सुरु भएको केही दिनपछि नै राजधानीमा नुनको अभाव रहेको कृत्रिम हल्ला फैलिएपछि उपभोक्ताले १० रुपैयाँ पर्ने एक प्याकेट नुन ५० देखि ८० रुपैयाँसम्म तिरेर किनेका थिए । त्यसो त आमहडताल चाँडै टुंगिने अवस्था नदेखेपछि उपभोक्ताले दोब्बर मूल्य तिरेर भए पनि चामल, एलपी ग्याँस, नुन, चिनी, खानेतेललगायत दैनिक उपभोग्य सामान चाहिनेभन्दा बढी नै जगेडा गरेका थिए ।

समयमै जानकारी नपाएका उपभोक्ताले हल्लाको भरमा चर्को मूल्य तिरेर तत्काल चाहिनेभन्दा बढी नुन खरिद गरेको पाइएको छ । उता साल्ट ट्रेडिङ लिमिटेडले भने नुनको पर्याप्त मात्रामा स्टक रहेको जनाएको छ । साल्ट ट्रेडिङ लिमिटेडका उपमहाप्रबन्धक मनोज आचार्य भन्छन्, 'नुनको अभाव हुने अवस्था छैन । त्यसैले उपभोक्ता अत्तालिनु पर्दैन ।' उपमहाप्रबन्धक आचार्यका अनुसार अहिले साल्ट ट्रेडिङ लिमिटेडसँग ३ हजार २ सय ४१ क्विन्टल नुन मौज्दात छ, जसले उपत्यकाको ६ महिनासम्मको माग धान्न सक्छ । उपभोक्तालाई सर्वसुलभरूपमा नुन उपलब्ध गराउन साल्ट ट्रेडिङले चावहिल, सामाखुसी, मैतीदेवी, नयाँबानेश्वरलगायत विभिन्न स्थानमा ५० वटा नुन बिक्रीको लागि डिपो सञ्चालन गरेको जनाएको छ । यसका साथै नेसनल ट्रेडिङ लिमिटेड, खाद्यसंस्थानबाट पनि नुन वितरण व्यवस्था मिलाएको छ ।

अहिले राजधानीको बजारमा खाद्य सामग्रीसँगै मासुको भाउ चरम वृद्धि भएको छ । केही महिनाअघि बर्डफ्लुका कारण तल झरेको ब्रोइलर कुखुराको मासुमा शतप्रतिशत, राँगाकोमा डेढसय प्रतिशत र खसीको मासुमा साढे चार सय प्रशितसम्म बढेको छ, (हेरौं बक्स) । बन्दका कारण बाहिरबाट नआएकाले ब्रोइलर कुखुराको बजार काठमाडौंको उत्पादनले मात्र लिएको छ । उपत्यकामा दैनिक ४० हजारदेखि ५० हजारसम्म ब्रोइलर कुखुरा, १ हजार २ सयदेखि १ हजार ५ सयसम्म खसी, ४ सयदेखि ६ सयसम्म राँगा खपत हुने कृषिमन्त्रालय पशुपक्षी बजार विकास शाखाले जनाएको छ । उक्त शाखाका प्रमुख जुद्धप्रसाद वज्राचार्यका अनुसार आमहडतालपछि अहिले राजधानी भित्रिएका खसी, कुखुरा, राँगाले करिब ६० प्रतिशतजति मासुको मागमात्र पुर्‍याउन सकिएको छ ।

एक सर्वेक्षणअनुसार उपत्यकामा हरेक दिन ८ सय मेट्रिक टन चामल, ४ सय मेट्रिक टन चिनी, ७ सय मेट्रिक टन दाल, ३ सय मेट्रिक टन नुन र ३६ हजार लिटर खानेतेल आवश्यक पर्छ । त्यस्तै इन्धनतर्फ दैनिक १ लाख २० हजार लिटर पेट्रोल, १ लाख ४४ हजार लिटर डिजेल, १ लाख ९२ हजार लिटर मट्टितेल, १ लाख ४४ हजार लिटर हवाइ इन्धन, ५ हजार मेट्रिक टन एलपी ग्याँस चाहिन्छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका उपसचिव नारायणप्रसाद सन्जेलका अनुसार पेट्रोल, डिजेल, मट्टितेल र हवाइ इन्धन थानकोटमा चाहिने मात्रामा मौज्दात छ । त्यसैले यी इन्धनको तत्काल अभाव हुने अवस्था छैन । सरकारी अधिकारीले यस्तो कुरा गरे पनि राजधानीका पेट्रोलियम पदार्थका डिलरहरूमा इन्धन सर्वसुलभरूपमा पाउन सकिएको छैन । उपसचिव सन्जेल भन्छन्, 'एलपी ग्याँस उत्पादक १७ कम्पनीमध्ये १३ वटा राजधानीबाहिर रहेकाले अहिले नै बजारमा एलपी ग्याँस अभाव हुन सक्ने अवस्था छ ।' किराना व्यापारी संघका केन्द्रीय अध्यक्ष कृष्णमान श्रेष्ठ यातायातका साधन नचल्दा ढुवानीको समस्याले गर्दा दैनिक उपभोग्य सामग्री पर्याप्त मात्रामा खुद्रा बिक्रेतासम्म पुग्न सकेको छैन । त्यसले गर्दा सामग्रीको अभाव देखिएको छ । अध्यक्ष श्रेष्ठ भन्छन्, 'उपभोक्ताले पछि सामान पाइँदैन भनेर चाहिनेभन्दा बढी सामान जोहो गरेकाले पनि कृत्रिम अभाव देखिएको हो ।'

कालीमाटीस्थित तरकारी बजारमा सामान्य अवस्थामा दैनिक ४ सय ५० देखि ५ सय मेट्रिक टनसम्म तरकारी आउँथ्यो । अहिले तरकारी आपूर्तिमा औसतमा १० देखि १५ प्रतिशतसम्म मात्रै कमी भएको तरकारी तथा फलफूल विकास समितिले जनाएको छ । समितिका उपनिर्देशक विष्णुदत्त अवस्थी भन्छन्, 'बजारमा हल्ला चलेजस्तो तरकारी र फलफूलको अभाव छैन, नियमित ढुवानी नहुँदा उपभोक्तालाई केही असरचाहिँ परेको छ ।'

तराइका सर्लाही, रौतहट, चितवन, मकवानपुरलगायत जिल्लाबाट ठूलो परिमाणमा तरकारी आपूर्ति हुन्थ्यो । आमहडतालपछि अहिले काभ्रे र धादिङले तरकारी बजारको ९० प्रतिशत माग पूरा गरिरहेका छन् । बजारमा सुकेको प्याजको सबैभन्दा बढी अभाव छ, जसको मूल्यवृद्धि ४ सयभन्दा बढी प्रतिशतले भएको छ । समितिले उपलब्ध गराएको मूल्य सूचीअनुसार २५ प्रतिशतदेखि ४ सय १७ प्रतिशतसम्म मूल्यवृद्धि भएको छ । लोकतान्त्रिक आन्दोलनको उचाइ बढिरहेको अवस्थामा मुलुकका हरेक तप्काका व्यक्ति स्वतस्फूर्तरूपमा आन्दोलनमा सहभागी भइरहेका छन्, त्यसमा व्यापारीहरूको सहभागिता पनि ठूलो छ । आन्दोलन धेरै दिनसम्म लम्बिँदै गएमा राजधानीमा उपभोग्य वस्तुको हाहाकार हुने निश्चित छ ।

**■ छत्र कार्की/काठमाडौं**

**तरकारीको मूल्य (प्रतिकेजी रु.मा)**

| तरकारी | बन्दअघिको मूल्य | पछिल्लो मूल्य | मूल्यवृद्धि प्रतिशत |
|---|---|---|---|
| आलु (रातो) | १२ | १५ | २५ |
| आलु (सेतो) | १० | १२.५० | २५ |
| गोलभेडा (सानो) | १६ | २४ | ५० |
| प्याज (सुकेको) | ११.६० | ६० | ४१७.२४ |
| मूला | ९ | २१ | १३३.३३ |
| बन्दाकोभी | ९.४० | १६ | ७०.२१ |
| स्थानीय काउली | १६.४० | २७ | ६४.६३ |

**फलफूलको मूल्य (प्रतिकेजी रु.मा)**

| फलफूल | बन्दअघिको मूल्य | पछिल्लो मूल्य | मूल्यवृद्धि प्रतिशत |
|---|---|---|---|
| स्याउ | ५२.५० | ६० | १४.८ |
| सुन्तला | ३७.५० | ५२.५० | ४० |
| काँक्रो | १२ | १८ | ५० |
| केरा (प्रति दर्जन) | २३.५० | ३२.५० | ३८.३० |

*स्रोत : कालीमाटी तरकारी बजार तथा फलफूल विकास समिति*

# सर्वत्र प्रतिकार

**जनआन्दोलन चर्किंदै** जाँदा सरकारी दमन झन् झन् बढ्दै गएको छ । नेपालगन्जमा सुरक्षाकर्मीको अश्रुग्याँसबाट एक महिलाको मृत्यु भएको भोलिपल्ट झापामा उर्लिएको शान्तिपूर्ण जनसागरमा शाही सेनाले गोली चलाउँदा ४ आन्दोलनकारीको मृत्यु भएको छ । योसँगै जनआन्दोलनमा शहादत प्राप्त गर्ने आन्दोलनकारीको संख्या १० पुगेको छ ।

झापा सदरमुकाममा बुधवार दिउँसो ५० हजारभन्दा बढी संख्यामा भेला भएर शान्तिपूर्ण प्रदर्शन गरिरहेका आन्दोलनकारीमाथि सेनाले गोली चलाएको थियो, जसमा चारजना प्रदर्शनकारी मारिएका छन् । भीड नियन्त्रण गर्न पुगेका झापाका एसपी केशरीराज घिमिरेको खुट्टामा समेत गोली लागेको छ । गोली लागेका अन्य केही प्रहरीको अवस्था चिन्ताजनक छ । घाइतेको धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान र भद्रपुरस्थित मेची अस्पतालमा उपचार भइरहेको छ । घाइतेमध्ये केहीको अवस्था चिन्ताजनक छ ।

जनआन्दोलनको दुई सातामा मुलुकभर शान्तिपूर्ण प्रदर्शन गर्ने क्रम तीव्र बनेको छ । पूर्व झापादेखि पश्चिम महेन्द्रनगरसम्म आन्दोलनको ज्वारमा मुलुक होमिएको छ । चितवनमा केही दिनयता सुरक्षाकर्मीले आन्दोलनकारीलाई नियन्त्रण गर्नै छोडिदिएका छन् । चैत ३१ गते कर्फ्यु लागेकै बेला भरतपुर क्षेत्रमा एक लाख जनता सहभागी भएको प्रदर्शनपछि सुरक्षाकर्मीलाई आच्छु आच्छु परेको हो । अहिले चितवन प्रदर्शनकारीको क्षेत्र बनिसकेको छ, जहाँ झडप, गोली, अश्रुग्याँस र ढुंगा हान्ने क्रियाकलाप रोकिएका छन् ।

अचेल जिल्लाका केही सरकारी कार्यालय, नगरपालिका र स्वर्गीय राजा महेन्द्रको सालिक वरिपरिबाहेक अरू ठाउँमा सुरक्षाकर्मी देख्न छाडिएको छ । सर्वसाधारण भने गाउँगाउँबाट साइकलमा चढेर प्रदर्शनका लागि आउने गरेका छन् । भरतपुरमा चैत २९ गतेसम्म तनावको स्थिति हुँदा सुरक्षाकर्मीले तिनै साइकल पनि तोडफोड गरेका थिए ।

आमहडताल लम्बिँदै जाँदा दूध बेचेर गुजारा गर्ने किसानहरू दूध राख्ने भाँडासहित प्रदर्शनमा उत्रिएका छन् । 'बन्द र हडतालको दुःख सधैंभरि झेल्नुभन्दा लोकतन्त्र ल्याउन सबै तातेका बेला यति बेलै जुटेर आन्दोलनमा लागेका हौं', जिल्ला दुग्ध उत्पादक सहकारी संस्थाका अध्यक्ष शंकरराज राजभण्डारी बताउँछन् । जिल्लाका उद्योग वाणिज्य संघ, व्यवसायी, पेसागत संघसंगठन, कर्मचारी सबै आन्दोलनमा होमिएका छन् ।

उता पोखरामा तीन दिनसम्म दिउँसै लागेको कर्फ्युको अवज्ञा गर्दै आमाहरू प्रदर्शनमा उत्रिएका छन् । सहर र सडक पूरै नियन्त्रणमा लिएर सशस्त्र सैनिक र प्रहरीले सुनसान सडकमा गस्ती गरिरहेकै बेला पोखराका आमाहरू मसाल लिएर सडकमा निस्के र कर्फ्यु तोडिदिए ।

स्थिति साम्य भइसकेपछि प्रशासनले फेरि वैशाख ५ गते मंगलवारदेखि लागू हुने गरी पोखराका सहरी क्षेत्रमा निषेधाज्ञा जारी गर्‍यो । त्यसको खिल्ली उडाउने कामको सुरुवात पनि आमाहरूले नै गरे, सखारै लेकसाइडमा प्रदर्शन गरेर ।

गएको साता लगाइएको कर्फ्युले पोखरा ठप्पै पारिदियो, तर सुरक्षाकर्मीलाई हाँक दिएर गैह्रापाटन पोखराका महिला आन्दोलनमा उत्रिए । जिल्ला प्रहरी कार्यालय कास्कीको कार्यालयबाट ५० मिटरकै दूरीमा बसेर लोकतन्त्रको आवाज बुलन्द पारिदिए, उनीहरूले लोकगीतका भाकामा ।

आन्दोलनका खम्बा भएका छन् यतिखेर पोखरामा आमाहरू । आन्दोलनमा नेतृत्व गर्न थालेपछि सुरक्षाकर्मीले पनि महिलामाथि ज्यादती गर्ने क्रम पनि तीव्र बन्दै गएको छ । गत साता मालेपाटनका घरघर पुगेर सुरक्षाकर्मीले भात खाँदै गरेको थाल फालेर महिलामाथि दुर्व्यवहार गरेका थिए ।

उता घर र घुम्टोमा नै बस्न रुचाउने मिथिलाञ्चलका नारी पनि आन्दोलनमा ऐक्यबद्धता जनाउँदै सडकमा ओर्लेका छन् । उनीहरूले कुचो जुलुस निकालेका थिए । जनकपुरको जनकचोकबाट सुरु भएको जुलुस रामचोक, मुरलीचोक, कदमचोक, भानुचोक हुँदै शिवचोकमा आएर सकिएको थियो ।

अहिले जनकपुर र जलेश्वर क्षेत्रका ग्रामीण इलाकासमेत बन्द छन् । गत १४ वर्षयताका आमहडताल तथा बन्दका क्रममा सहरदेखि गाउँसम्म सम्पूर्ण क्षेत्र ठप्प भएको यो पहिलो पटक हो । २०४६ सालको गोलीकाण्ड र चर्चित बनेको जनकपुरभन्दा सानो बजार यदुकोहामा पनि प्रत्येक दिन विरोध जुलुस र बजार बन्द छ । जनकपुरको ठूलो उद्योग जनकपुर चुरोट कारखानाका मजदुर सात दलको आन्दोलनमा ऐक्यबद्धता जनाएपछि कारखानाको कामकाज ठप्प छ । जनकपुरको प्रख्यात रामस्वरूप रामसागर बहुमुखी क्याम्पसका कर्मचारीसमेत आन्दोलनमा उत्रेपछि शैक्षिक तथा प्रशासनिक कामकाज ठप्प छ । सम्पूर्ण वित्तीय संस्था र प्रशासनिक कामकाज ठप्प छ ।

मध्यपश्चिमको केन्द्र नेपालगन्जमा मंगलवार प्रहरीले प्रहार गरेको अश्रुग्याँस मुखैमा लाग्दा एक



**झापामा सेनाले अन्धाधुन्द गोली चलाउँदा चार जनाले ज्यान गुमाए**
तस्वीर : मदन खरेल

# सरकारी दमन तीव्र

भीम गौतम





▲ हातमा औजार हुनेहरू औजार लिएर उठ : काभ्रेमा निस्किएको जुलुस

▲ जनकपुरका महिलाहरू कुचो बोकेरै आन्दोलनमा निस्किए

आन्दोलनकारी महिलाको मृत्यु भएपछि यो क्षेत्र आन्दोलनमा अझ रन्किएर लागेको छ। हरेक दिन भइरहेका र्‍यालीमा सहरी भेकको तुलनामा ग्रामीण भेकमा सर्वसाधारण बढी सहभागी भएका छन्। खासगरी कृषक, महिला र विपन्न जनता आन्दोलनमा सहभागी भएका छन्। नेपालगन्जबाहेक मध्यपश्चिमका हिंसा प्रभावित जिल्लाहरूमा पनि लोकतन्त्रप्राप्तिको लागि दिनैपिच्छे व्यापक जनसहभागिताका साथ लोकतान्त्रिक कार्यक्रम भइरहेका छन्।

राजनीतिको बारेमा राम्रोसँग नबुझेका व्यक्तिदेखि लिएर सरकारका कर्मचारी र समाजका हरेक पेसाका नागरिक लोकतान्त्रिक आन्दोलनमा ऐक्यबद्धता जनाउँदै सडकमा निस्किएका छन्। आन्दोलनको सुरुसँगै राजनीतिक दलहरूले आह्वान गरेको बन्दले जनजीवन प्रभावित भइरहे पनि अप्ठेराप्रति गुनासो नगरेर सर्वसाधारणले दैनिक लोकतन्त्रको पक्षमा ऐक्यबद्धता जनाउने क्रम बढिरहेको छ।

यसअघिका कार्यक्रम शान्तिपूर्ण रूपमा भइरहेका नेपालगन्जमा वैशाख ५ गते मंगलवार भएको विरोधसभामा प्रहरीले गोलीसमेत चलायो। आन्दोलनकारीले नेपालगन्जको नयाँ सडकमा रहेको राजा ज्ञानेन्द्रको प्रतिमा राख्ने घर भत्काउन खोज्दा प्रहरीले तीनजनालाई गोली हानी घाइते बनायो। अन्य चार दर्जन सर्वसाधारण घाइते भएका छन्। जनआन्दोलनको लागि मरिमेट्दै गाउँसहरबाट हजारौं जनता आए पनि राजाको प्रतिमा भत्काउने कार्यक्रम भने सात दलको होइन। तर माओवादीले त्यसका लागि एकतर्फी आह्वान गरेका हुन्।

राजाको प्रतिमा स्थल ध्वस्त पार्नुअघि नेपालगन्ज मानवमय भएको थियो। लोकतन्त्र पुनर्बहालीको लागि नेपालगन्जमा जनसागर ओर्लिएको थियो। हजारौं सर्वसाधारण सडकमा निस्किँदा कर्मचारीहरू समेत समेत कार्यालयको काम छोडेर जुलुसलाई स्वागत गर्न सडकमा निस्किएका थिए भने वृद्धवृद्धा र बालबालिका तथा महिला पनि आन्दोलनकारीलाई स्वागत गरिरहेका थिए। ।

▼ पोखरामा महिलाहरूको नेतृत्वमा जुलुस चम्किया



केशव लामिछाने

देशका विभिन्न ठाउँबाट लगातार जनसागर उर्लिने क्रम चलिरहेका बेला राजनीतिक हिसाबले पछाडि मानिने जुम्लामा पनि लोकतान्त्रिक नारा घन्किन थालेका छन्। राजधानीको आन्दोलन तातेको एक सातापछि जुम्लामा पनि जनआन्दोलनले सशक्त रूप लिन थालेको छ। सुरक्षाकर्मी र आन्दोलनकारीबीच व्यापक झडप भएको छ भने प्रहरीको दमन र लाठीचार्जबाट ५३ जना आन्दोलनकारी घाइते भएका छन् र उनीहरूलाई सुरक्षाफौजले नियन्त्रणमा राखेर छोडिदिएको छ।

वैशाख ३ गतेदेखि जुम्लामा आन्दोलनले सशक्त रूप लिन सुरु गरेको हो। वैशाख ३ गते देवीलाल थापा, तीर्थ बुढा, धीरेन्द्रराज गिरी र विद्यार्थी नेता रतननाथ योगीको नेतृत्वमा खलंगाबजारको साँगुरो बाटोमा निस्किएको आन्दोलनकारीको जुलुसले जिल्ला प्रशासन कार्यालयनजिक चर्को नारा लगाएका थिए। सुरक्षाकर्मीले जुलसलाई तितरबितर गर्ने प्रयास गरे पनि सफल भएन। पछि सादा पोसाकमा आएका दुई सैनिक जवानले ढुंगा हानेपछि सुरु भएको झडपमा झन्डै चार दर्जन सर्वसाधारण घाइते भएका थिए। दमनमा घाइते भएकाहरूको उपचार गर्दै हिँडेकी नेपाल रेडक्रसकी स्वयंसेवक रेनु श्रेष्ठलाई समेत प्रहरीले लछारपछार गरेको थियो।

जिल्ला परिषद्को उद्घाटनका लागि काठमाडौंबाट आएका निर्माण तथा भौतिक योजना सहायकमन्त्री छक्कबहादुर लामाको विरोध गर्दै जिविसतर्फ अघि बढेको जुलुसमाथि चार राउन्ड हवाइ फायर गरिएको थियो। प्रदर्शनमा ११ प्रहरी पनि घाइते भएका छन्। आन्दोलनको समर्थन गर्दै जुम्ला उद्योग वाणिज्य संघले बजार ठप्प पारेको छ भने पत्रकार महासंघ जुम्ला शाखाले पनि प्रेस स्वतन्त्रताको माग गर्दै आन्दोलनमा उत्रिएको छ। स्थानीय गैससहरूले पनि लोकतन्त्रको

वीरेन्द्रकुमार रमण



रुद्र खड्का



▲ प्रहरीको अश्रुग्याँसले आन्दोलनकारी सेतु विकको मृत्यु भएपछि उनलाई श्रद्धाञ्जली दिन उर्लिएको भीड

पक्षमा जुलस निकालेका छन् । यसअघि पनि जुम्लामा रहेको एकमात्र शिक्षा क्याम्पसका विद्यार्थीले लोकतन्त्रको माग गर्दै नारा जुलुस गर्दा सुरक्षाफौजले लाठीचार्ज र धरपकड गरेको थियो ।

डोल्पामा भने राजावादीले एमाले र कांग्रेसका पार्टी कार्यालय तोडफोड गर्दै नेताहरूलाई समेत कुटपिट गरिएको छ । सात राजनीतिक दलले आयोजना गरेको आमहडतालको असर डोल्पामा पनि पर्न थालेपछि आन्दोलनको नेतृत्व गरिरहेका कांग्रेसका टंक उपाध्याय र नेकपा एमालेका हंसबहादुर शाहीलाई सभापति धनबहादुर बुढाले धम्की दिँदै गालीसमेत गरेका थिए । त्रिपुराकोट गाविसवाट तीन घन्टा हिँडेर सदरमुकाममा विरोध प्रदर्शनका क्रममा आएका एमालेका हंसबहादुर शाही र कांग्रेसका टंक उपाध्यायले जुलुस निकाल्न थालेपछि सभापतिको नेतृत्वमा राजाको पक्षमा बजारमा जुलस निस्केको थियो ।

**(मदन खरेल/झापा, रमेश पौडेल/चितवन, केशव लामिछाने/पोखरा, रुद्र खड्का/नेपालगन्ज, वीरेन्द्रकुमार रमण/जनकपुर र ज्योति देवकोटा/काठमाडौं)**



**संवैधानिक राजतन्त्रका सबैभन्दा ठूलो दुस्मन राजा र राजाले शासन लिनु पर्छ भनेर उचाल्नेहरू नै हुन् । मलाई त के लाग्छ भने यो मुलुकमा गणतन्त्र आउँछ भने राजा र राजाको आफैले शासन गर्ने इच्छामा सहयोग गर्ने राजावादीका कारण आउनेछ ।**



श्रीभद्र शर्मा

# गणतन्त्र निम्त्याउँदै छन् राजा

**नेपाली राजनीति** गम्भीर र अप्ठेरो परिस्थितिमा छ। अहिलेको आन्दोलनलाई म २०४६ सालको जनआन्दोलनसँग तुलना गर्न रुचाउँछु। २०४६ को जनआन्दोलनको केन्द्र राजा वीरेन्द्र थिए भने अहिले आन्दोलनको तारो राजा ज्ञानेन्द्र छन्। अहिलेका राजा र त्यस बेलाका राजामा मौलिक भिन्नता छ, उनीहरूको प्रकृति नै फरक छ। राजा वीरेन्द्रले त्यस बेला राजनीतिक दलहरूले सञ्चालन गरेको आन्दोलनमा ठूलो क्षति हुन दिएनन्। उनले संवादबाट राजनीतिक निकास दिएका थिए, तर राजा ज्ञानेन्द्रमा त्यसरी निकास दिनु पर्छ भन्ने मानसिकताको अभाव छ।

अहिलेका राजामा जनतालाई शासन दिनु हुँदैन भन्ने मानसिकताले घर गरेको मैले पाएको छु। उनमा जसरी भए पनि आफैले सत्ता संचालन गर्ने, सकेसम्म सत्ता चलाउने, नसकेको अवस्थामा छोडेर हिँड्ने मानसिकताले काम गरेको देख्छु। राजा ज्ञानेन्द्र आफूले खोसेको जनताको सार्वभौमसत्ता जनतामा फिर्ता गर्न र जनताको सर्वोच्चता स्वीकार गर्न चाहँदैनन्, उनी जनतालाई शक्ति दिनुलाई जनतासँग झुक्नुको अर्थ लगाउँछन्। 'झुक्नुभन्दा भाँचिनु उत्तम' भन्ने मान्यताबाट प्रभावित छन् उनी। राजनीति कति अगाडि बढेको छ भने जनता झुक्ने सम्भावना छँदै छैन। अहिले नेपालका केही शक्ति र विदेशीहरू समेत राजा र संसदीय दलहरूबीच सहमति हुनु पर्छ, संवाद हुनु पर्छ भन्दै छन्। उनीहरूको प्रजातन्त्र पुनःस्थापनाको सुझावप्रति राजाले चासो राखेका छैनन्, महत्त्व दिएका छैनन्। विदेशी मित्र र शुभचिन्तकले दिएको सुझाव कार्यान्वयन गर्ने काम राजाको हो, तर उनी त्यस्तो पहल गर्न तयार देखिँदैनन्। जनआन्दोलनको बाध्यताले उनलाई त्यस बिन्दुमा पुऱ्याए कुरा बेग्लै हो। यी राजाले स्वेच्छामा जनतामा शक्ति हस्तान्तरण गर्छन् जस्तो मलाई लाग्दैन।

राजा ज्ञानेन्द्रमा जनताको हातमा शासन दिनुभन्दा आफ्नै मार्गचित्रमा अगाडि बढ्ने इच्छा छ भन्ने कुरा त नयाँ वर्षको सन्देश र त्यसपछि सुरु गरिएको राजनीतिक पराशर्मबाट स्पष्ट संकेत मिलेको छ। राजाबाट त्यस सन्देशमा आन्दोलनरत दलहरुलाई वार्ताका लागि आह्वान भएको देखिन्छ, तर केको लागि भन्दा आफूले २०६३ सालभित्र गराउन चाहेको निर्वाचन सफल पार्नका लागि मात्र। राष्ट्रिय र अन्तर्राष्ट्रिय दबाब हुँदाहुँदै पनि आफ्नो मार्गचित्रमा एकोहोरो अगाडि बढ्ने इच्छा छ राजाको। यसैबाट पनि प्रमाणित हुन्छ, 'झुक्नुभन्दा टुट्नु बेस' भन्ने राजाको इच्छा स्पष्ट हुन्छ।

विशेष गरेर कांग्रेसले र अन्य आन्दोलनरत दलले भनेजस्तो गरी संसद् पुनःस्थापना गर्न राजा तयार हुँदैनन्। जस्तोसुकै हालतमा होस् निर्वाचन गरेर आफ्नो स्वार्थअनुसारको संसद् खडा गर्न चाहन्छन् उनी। उनलाई ठीक ठाउँमा ल्याउन कि विदेशीको व्यापक दबाब पर्नु पर्‍यो कि आन्दोलनले बाध्यात्मक अवस्थामा पुऱ्याउनु पर्‍यो। बाध्यता पनि अनुभव गर्ने कुरा हो, राजा वीरेन्द्रले बाध्यता महसुस गरेर जनतामा शासन दिए। यी राजा सकेसम्म आफैं राज गर्ने नभए छोड्ने मानसिकतामा काम गर्दै छन्।

विचित्रको संकट आइलागेको नेपालमा, अहिले लोकतान्त्रिक गणतन्त्रको नारा निकै लोकप्रिय भएको छ। संवैधानिक राजतन्त्रका कुरा गर्ने मानिस अलोकप्रिय हुने स्थिति छ। मैले नेपालको राजतन्त्रको लोकप्रियतालाई तीनखण्डमा विभाजन गरेर हेर्ने गरेको छु। २०४६ सालअघि, २०४६ पछि र २०५८ जेठ १९ को वीरेन्द्रको वंशविनाशपछि। मेरो विश्लेषण के छ भने इतिहासमा नेपालको राजतन्त्र २०४६ - २०५८ 'मा जति लोकप्रिय बन्न सक्यो, त्यस्तो लोकप्रियता कहिल्यै हासिल गरेको थिएन यो संस्थाले। २०५८ पछि यसको लोकप्रियता खस्कँदो छ। लोकप्रियता खस्कँदै गएको राजतन्त्र रहने कि नरहने भन्ने प्रश्न सामान्य जनसाधारणमा पनि टड्कारो बन्दै गएको छ।

नेपालका राजनीतिक शक्तिले लोकतान्त्रिक गणतन्त्र प्राप्त गर्न संविधानसभाको माग गरेका छन्। र, संविधानसभा गणतन्त्रका स्थापनाका लागि भन्ने व्याख्या गरिएको छ, तर नेपालमा वास्तवमै राजतन्त्र नचाहिएको र गणतन्त्रकै आवश्यकता परेको हो त भन्ने कुरामा उत्तिकै सोचविचार गर्नु आवश्यक छ। अहिलेको राजनीतिक आक्रोश त राजा आफैले शासन गर्न खोजेको र जनताको सर्वोच्चता स्वीकार नगरेको अवस्थाप्रतिको विद्रोह हो। राजा आफैले म जनताको सर्वोच्चता र संवैधानिक सर्वोच्चता स्वीकार गर्छु, संविधानभन्दा तलमाथि केही गर्दिनँ भन्ने प्रतिबद्धता आएको अवस्थामा जनताले राजतन्त्र चाहिँदैन भन्छन् जस्तो मलाई लाग्दैन। फेरि गणतन्त्र ल्याउने कुरा पनि सजिलो छैन। जबसम्म शाही सेना राजाको नियन्त्रणमा रहन्छ, त्यस बेलासम्म राजाले छोड्ने छैनन्। उनले शासन छोड्नै पर्ने अवस्था आयो भने कति रक्तपात र क्षति हुने हो त्यो अनुमानभन्दा बाहिरको कुरा हो। ठूलो रक्तपातको मूल्यमा ल्याइएको गणतन्त्रले हाम्रो देशको सार्वभौमसत्ता धान्न सक्ला ? यो अहम् प्रश्न हो।

तर बिडम्बनापूर्ण अवस्थाबाट नेपालको राजनीति अगाडि बढ्दै छ। संवैधानिक राजतन्त्रका सबैभन्दा ठूलो दुस्मन राजा र राजाले शासन लिनु पर्छ भनेर उचाल्नेहरू नै हुन्। राजा आफै संवैधानिक हुन चाहँदैनन्, उनका समर्थक त्यसरी राख्न चाहँदैनन् भने उनीहरू नै संवैधानिक राजतन्त्रका प्रमुख बाधक हुन्। मलाई त के लाग्छ भने राजाले म संवैधानिक भएर बस्छु भनेर सार्वजनिक रूपमा प्रतिबद्धता जनाए भने जनताको उनीप्रतिको आवेग रहिरहँदैन। तर, राजा त्यतापट्टि जान तयार छन् जस्तो देखिँदैन। उनी आफै संविधान लत्याएर गणतन्त्रतर्फ अग्रसर भएका छन्। मलाई त के लाग्छ भने यो मुलुकमा गणतन्त्र आउँछ भने राजा र राजाको आफैले शासन गर्ने इच्छामा सहयोग गर्ने राजावादीका कारण आउनेछ।

उसो त सात दल र माओवादीबीचको समझदारी पनि बुझ्न गाह्रो हुँदै गएको छ। हिंसामा लागेका शक्तिलाई बहुदलीय राजनीतिक व्यवस्थाप्रति प्रतिबद्ध बनाउन सक्नु राजनीतिक दलहरूको ठूलो उपलब्धि हो, तर व्यवहारमा हिंसात्मक राजनीतिबाट माओवादी अलग भएका छैनन्, उनीहरूले हिंसा छाडेका छैनन्। अहिलेको आन्दोलनलाई उनीहरूले आफ्नो पनि आन्दोलन भनेका छन्। सात दलका नेता गिरिजाप्रसाद कोइरालाले यो दलहरूको मात्र आन्दोलन भनेका छन्। यसबाट समझदारी कति राम्रोसँग विकसित भएको रहेछ र कति टिकाउ हुन्छ भन्ने संकेत गर्दछ। तर, यही आन्दोलनले नेपालमा गणतन्त्र ल्यायो भने त्यसमा माओवादीको हात माथि हुन जान्छ, किनभने उनीहरूसँग हतियार छ। सात राजनीतिक दलले माओवादीका हतियार बिसाउन लगाएर आन्दोलनमा सहभागी गराउनु पर्थ्यो, पर्छ।

उता आन्दोलनलाई हेर्ने सरकारी दृष्टिकोण पनि गलत छ। सरकार यो आन्दोलनलाई ध्वंसात्मक रूपमा लान खोज्दै छ। जुलुसहरूमा सादा पोसाकमा बमसहित शाही सेनाका मान्छे फेला परेका समाचार आउन थालेका छन्। यसबाट सरकार दलहरुलाई बदनाम गर्न चाहन्छ भन्ने देखिन्छ, तर अहिलेको यो आन्दोलनलाई त्यसरी सतहमा आँकलन गरेर हुँदैन। निषेधाज्ञाको त कुरै छोडौं कर्फ्युको ठाडो अवज्ञा गरेका जनताले। उनीहरूले कर्फ्यु लागेको क्षेत्रमा सभा गरेका छन्। जुलुसमा आएका मानिस राजनीतिक दलका मात्र छैनन्, विभिन्न पेसाकर्मी र जनसाधारणको उल्लेख्य सहभागिता छ। जनताको सहभागिता भएको आन्दोलनमा सरकारले माओवादी घुसपैठ भएको ठान्नु घातक विश्लेषण मात्रै हो।

*(कुराकानीमा आधारित)*

**शान्तिपूर्ण जनआन्दोलनले केही सत्य पुष्टि गरिदिएको छ । ती सार्वभौम सत्य हुन् - यौटा राष्ट्रमा सम्पूर्ण शक्ति र सत्ताका अधिपति जनतामात्र हुन् । जनताको स्वार्थसँग जोडिएर राजा वा शासक बसेमात्र तिनीहरूको अस्तित्व जीवित हुनेछ । जनताभन्दा आफूलाई माथि ठान्ने शासकलाई जनताले खसालिदिनेछन् । राष्ट्र र राष्ट्रिय एकताको प्रतीक जनताको भावनात्मक ऐक्यबद्धता हो, कुनै संस्था वा श्रीपेच हुन सक्दैन ।**



पुरुषोत्तम दाहाल

# राजाले सोच्नुपर्ने विकल्प

**मेरा कुरा** ध्यानपूर्वक सुनेकामा म राजाप्रति आभार व्यक्त गर्दछु', पटक पटक प्रेसले प्रश्न गरिरहँदा पनि नारायणहिटी राजदरबारबाट बाहिर निस्किएका पूर्व प्रधानमन्त्री सूर्यबहादुर थापाले दिएको उत्तर यही हो । देश सम्पूर्ण ठप्प भएका समय, राज्यसंयन्त्र सम्पूर्ण रूपमा पक्षघातले गस्त भएका बेला सिंगो नागरिकपंक्ति सडकमा उठेर निरंकुशतन्त्रविरुद्ध उभिएका बेला राजा ज्ञानेन्द्रबाट गत सोमबार पूर्व प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई र त्यसपछि सूर्यबहादुर थापासँग भेट गरियो । त्यसो त यो साता भारत, चीन र अमेरिकी राजदूतसँगको भेट र परामर्शबाट प्रारम्भ भेटघाटको क्रम भट्टराई र थापा हुँदै अन्य राजनीतिक नेताहरूसम्म पुगेको छ । यसअघि सरकार प्रमुखले आफ्ना मन्त्रीहरूलाई 'दर्शन' दिएका समाचार मात्र आइरहन्थे । आफै अध्यक्ष रहेको मन्त्रिमण्डलका सदस्यहरूसँगको भेट पनि दुर्लभ र निकै विशिष्ट रूपले प्रस्तुत गरिँदा वास्तवमा नै जग हसाइ हुँदै आएको हो । संवेदनशून्य जग हसाइको यौटा उदाहरण थियो - पोखरामा नागरिकको विशाल समूह सडकमा शान्तिपूर्ण रूपले लोकतन्त्रका पक्षमा उभिँदा सुरक्षाकर्मीको गोलीद्वारा भीमसेन दाहाल सहादत प्राप्त गरिरहेका बेला राजा काठमाडौंदेखि राज्यकोषको दुरुपयोग गरी लगिएका कलाकारको संगीतको धुनमा रत्नमन्दिरमा मस्त झुम्दै थिए । करुणाविहीन यो विभत्स यथार्थको तस्वीरलाई भविष्यमा कसरी अभिलेखबद्ध गरिने हो भन्न कठिन पर्दछ ।

करुणाविहीन, विभत्स, रौद्र आसनमा बसेर संगीतको धुन सुनिरहेका राजा ज्ञानेन्द्र बल्ल भेटघाटका माध्यमबाट बाहिरी संसारमा आँखा लगाउन थालेका छन् । सडकभरि निरंकुश राजतन्त्रका पुत्लाको सद्गद भइरहेका दृश्य, बजेका शंख ध्वनि र लाखौं नागरिकका गगनभेदी नाराप्रति दुई दिन अघिसम्म निरपेक्ष राजा झल्याँस्स ब्यूँझन थालेको अनुभव भेटघाटको समाचारले हुन पुगेको छ, तर आगो लागेपछि कुवा खन्न थाल्नुको कुनै अर्थ छैन । जनताका नारा सीधै सुनेर त्यसको अन्तर्मनबाट उत्पन्न विद्रोहको स्पन्दन अनुभव गरी निर्णयमा पुग्नु पर्ने समय हो यो । सीधै जनताको माग, आग्रह र आवश्यकतालाई सम्बोधन गर्नु पर्छ । यस बेला कृष्णप्रसाद वा सूर्यबहादुरका सल्लाहको कुनै अर्थ रहँदैन । किनकि उनीहरूमध्ये कृष्णप्रसाद ०४६ सालको संविधानको सीमाभित्र मात्र बसेर समाधान खोजिरहेका छन् भने सूर्यबहादुर थापा सदा राजाकै परिगणभित्रबाट उत्पन्न वैचारिक व्यक्तित्वको नाउँ हो । भट्टराईको जीवनभरको संघर्षको अन्तिम सफलता ०४६ को संविधान निर्माणसम्म हो । त्यसपछिको राजनीतिक आकांक्षा र पुस्तालाई उनी सम्बोधन गर्न सक्दैनन् । सूर्यबहादुर त दरबारको वरिपरिको पर्खालभन्दा धेरै टाढा जानै सक्दैनन् ।

नेपालको इतिहासमा दुई सातासम्म लगातार आम राजनीतिक हडताल एक अविस्मरणीय घटना हुन पुगेको छ । यसमा किसान, मजदुर, अध्यापक, वकिल, पत्रकार, चिकित्सक, इन्जिनियर, लेखक, कलाकार, खेलाडी, व्यापारी, व्यवसायी, विद्यार्थी, राजनीतिकर्मी, मानव अधिकारीकर्मी मात्र होइनन् राज्यनियन्त्रित सरकारी कार्यालयहरू, राज्यकोष संचालक वित्तीय संस्थाहरू, सरकारी सञ्चारमाध्यममा काम गर्नेहरू समेत सत्ताका आदेश उपेक्षा गर्दै सडकमा उत्रिएका छन् । घाइतेको उपचारार्थ उठेका रकम र सहभागिता आफैमा जनआवाजको मूर्त साक्षी भएको छ । धर्ना, प्रदर्शन, कालोपट्टी, सरकारी कार्यालयका प्रांगणमा दिनहुँ बढ्दै गएको छ । क्रूरतापूर्वक जनप्रदर्शन दमन गर्न आदेश दिने गृहमन्त्री कमल थापा र संचारमन्त्रीकै कार्यालयसामु बसेर कर्मचारीले नारा लगाए ।

यस पटक राज्यले दर्ता गरेका संघसंस्था र राज्यका सबै अंग राजाको शासनविरुद्ध गोलबद्ध भए । राज्यको एक आन्तरिक अंग सुरक्षानिकाय, गैरसरकारी संस्था भरतकेशर सिंहको विश्व हिन्दु महासंघ, राजनीतिक दलमा कमल थापाको राप्रपा अर्थात् राष्ट्रिय प्रतिगामी पार्टी र कर्मचारी प्रशासनमध्ये राजदरबार प्रशासनमात्र राजाको हुकुम तामेली गर्न अग्रसर भएको देखियो ।

यसबाट केही भ्रम र प्रचारको सर्वनाश भएको छ भने केही सत्य पुष्टि भएको छ । बहुदलीय प्रजातन्त्र र दलका नेताहरू जनतामा सम्पूर्णतः अलोकप्रिय भएका छन् र राजाको एकलौटी शासन र राजा लोकप्रिय छन् भन्ने दरबारियाको भ्रम सर्वनाश भएको छ । त्यस्तै शान्तिको बहानामा जनअधिकारमाथि अंकुश लगाउन सकिन्छ, अथवा राष्ट्रियताका नाउँमा राजाको अस्तित्व अनिवार्य गराउन सकिन्छ र राजा नभए देश रहँदैन भन्ने सूत्र सदावर्त हुन्छ भन्ने भ्रम पनि धराशायी भएको छ । सेना र हतियारका भरमा आम निरस्त्र मानिसमाथि नियन्त्रण गर्ने सोच पनि धुजाधुजा भएको छ । नेपाली जनता प्रजातन्त्रको स्वतन्त्रताको उपयोग गर्न समर्थ र सचेत छैनन् भन्ने भ्रम पनि सकिएको छ ।

जसरी केही पुरातन भ्रम भत्किएका छन् त्यसरी नै चैत २४ यताको शान्तिपूर्ण जनआन्दोलनले केही सत्य पुष्टि गरिदिएको छ । ती सार्वभौम सत्य हुन् - यौटा राष्ट्रमा सम्पूर्ण शक्ति र सत्ताका अधिपति जनतामात्र हुन् । जनताको स्वार्थसँग जोडिएर राजा वा शासक बसेमात्र तिनीहरूको अस्तित्व जीवित हुनेछ । जनताभन्दा आफूलाई माथि ठान्ने शासकलाई जनताले खसालिदिनेछन् । राष्ट्र र राष्ट्रिय एकताको प्रतीक जनताको भावनात्मक ऐक्यबद्धता हो, कुनै संस्था वा श्रीपेच हुन सक्दैन । जनता स्वतन्त्रताका निम्ति बलिदान गर्न तयार हुनेछन् । पन्ध्र दिनसम्म तातेको नेपालको अवस्थाले यही तथ्यको पुष्टि भएको छ ।

पन्ध्र दिनको जनआन्दोलनको गूढ अर्थ र मर्म राजाले बुझेका हुन् भने प्रथमतः सार्वजनिक रूपमा सम्बोधन गर्दै प्रतिनिधिसभा पुनःस्थापनाको प्रक्रिया अदालतमार्फत तत्काल प्रारम्भ गर्नु पर्छ । यदि राजा यस दिशामा जाँदैनन् भने- राजनीतिक दलहरू आफैले प्रतिनिधिसभा पुनःस्थापना भएको घोषणा गरी संसद्मा गएर बैठक आरम्भ गर्नु पर्छ र यस निम्ति जनताले सिंहदरबारको सुरक्षा जिम्मा लिनु पर्ने हुन्छ । यो पनि सम्भव हुँदैन भने- सात दल, स्वतन्त्र नागरिक, पूर्व प्रशासक र पूर्व सुरक्षा संयन्त्रमा बसेका लोकतन्त्रवादीहरू अनि माओवादीसमेत सम्मिलित गरी राष्ट्रिय सरकार गठन गर्नु पर्छ । त्यस्तो सरकारलाई आम नेपालीसहित सम्पूर्ण अन्तर्राष्ट्रिय समुदायले अनिवार्य समर्थन गर्नेछ । सुरक्षा संयन्त्रको नेतृत्वले त्यस बेला निर्णय गर्नु पर्नेछ- उनीहरू जनता र राष्ट्रका पक्षमा छन् कि एक व्यक्तिको महत्वाकांक्षाका पक्षमा, यही प्रश्न अन्तर्राष्ट्रिय समुदायको लागि पनि हुनेछ ।

तर स्थितिले यहाँसम्मको दूरी नाप्नुअघि नै जनभावनाको सम्मान गर्ने हो भने- राजाले बाह्रबुँदे दल-माओवादी समझदारीलाई समेत सम्बोधन गरी प्रतिनिधिसभा पुनःस्थापनाको प्रक्रिया थाल्नु पर्छ । राजासँग यसबाहेक सकारात्मक विकल्प अर्को छैन । समयमै आन्दोलनको गम्भीरता नबुझ्ने हो भने- राजा, वर्तमानका राजनीतिक दल र माओवादी समेतलाई समयले असान्दर्भिक बनाउनेछ । ■

आन्दोलनकारीले राजनीतिक दलका नेताहरूलाई राजासँग सम्झौता नगर्न सावधान गराइरहेका छन् । यता नेताहरू राजासँग संवाद नगर्ने अडान दोहोर्‍याइरहेका छन् । राजा आन्दोलनमा सहभागिता नभएकाहरूसँग परामर्श गर्नमा व्यस्त छन् । यी सबै घटनाले आन्दोलनको परिणतिको अनुमान गर्न झन् कठिन बनाएका छन् ।

# सम्भावित परिदृश्यहरू



गोविन्द अधिकारी

**पूर्ण लोकतन्त्रका** लागि सुरु भएको आन्दोलन उत्कर्षमा पुगेको छ । दमन जति नै चर्को भए पनि अहिलेसम्म आन्दोलनकारी अराजक भएका छैनन् । फाटफुट घटना क्षणिक आवेगका स्वभाविक परिणाम हुन् । यस पटकको आन्दोलनमा जिल्लामा अपूर्व जनउभार देखिएको छ । सम्भवतः इतिहासमै यसरी जिल्लामा एकैसाथ जनसागर उर्लेको थिएन । राजधानीमा नै पनि पहिले पहिलेको भन्दा आन्दोलनको उभारको प्रकृति बेग्लै छ ।

राजधानीको सम्भ्रान्त वर्ग (इलिट) रोमाञ्चित र चिन्तित दुवै भएको छ । आन्दोलनको उभारले यस वर्गलाई रोमाञ्चित बनाएको छ र त्यसमा सहभागी हुन उत्सुक पनि बनाएको छ । जनआन्दोलनका घाइतेको सहयोगका नाममा भने पनि उनीहरू आन्दोलनमा सहभागी हुन चाहन्छन् । यद्यपि, आफै जुलुसमा गइहाल्ने आँट अझै उनीहरूमा पलाएको छैन । चिन्ताचाहिँ उनीहरूलाई आन्दोलनले अराजक स्वरूप लिने हो कि भनेर लागेको हो । धेरैले आन्दोलन नेताहरूको नियन्त्रणमा छैन भन्ने सुनेका छन् । भोलि कतै ठूलो विध्वंस भइहाल्ने हो कि भनेर उनीहरू चिन्तित भएको देखिन्छ । साथै सरकारी प्रचारका कारण पनि उनीहरू आन्दोलनमा माओवादी घुसपैठ भएको आशंकामा तर्सिएका हुन् । उनीहरूले कम्बोडियाको विध्वंसबारे पढेका छन् ।

यसपटकको जनआन्दोलनले क्रान्तिको जस्तो आमूल परिवर्तन गर्ने हो वा सामान्य सुधार मात्रैमा सीमित हुने हो भन्ने द्विविधाको उत्तर अहिलेसम्म पाउन सकिएको छैन । आन्दोलनकारीले राजा ज्ञानेन्द्रसँग सम्झौता नगर्न नेताहरूलाई चेतावनी दिइरहेका छन् । यस्तै नेताहरू पनि राजासँग संवादका लागि प्रतिनिधिसभाको पुनःस्थापनाको सर्त राखिरहेका छन् । आन्दोलनको अन्त्यका लागि संवाद र सम्झौता त कुनै कुनै अवस्थामा गर्नै पर्छ । के यति पनि नबुझेर आन्दोलनकारीहरूले दुवैको निषेध गरेका होलान् त ? अवश्य पनि होइन । सम्झौता नगर्न आन्दोलनकारीले दिएको चेतावनी सम्भवतः अर्कोपटक आन्दोनलमा उत्रन नपरोस् भनेर नै हो । राजाले आन्दोलनको उपलब्धि खोस्न पाउने गरी सम्झौता नहोस् भन्ने नै यसको अर्थ हो । मानवअधिकार हननका अपराधीलाई सम्झौताका नाममा अभयदान प्राप्त नहोस् भन्ने नै हो । आन्दोलनपछि बनेको सरकारले पनि जननिर्वाचित प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले होलेरीकाण्डपछि विवश भएर राजीनामा गर्नु पर्ने नियति भोग्नु नपरोस् भन्ने नै हो ।

आन्दोलन गर्ने जिम्मेवार शक्तिले संवाद गर्दिनँ भनेर हुँदैन । अन्ततः आन्दोलन संवादबाटै समाप्त हुने हो । युद्धमा हारजित भएपछि त व्यवस्थापनका लागि संवाद गर्नु पर्छ भने शान्तिपूर्ण जनआन्दोलनकारीले संवादको निषेध गर्न मिल्दैन । यसको अर्थ संवादका लागि सर्त पनि रहनु हुन्न भन्ने अवश्य पनि होइन । सात राजनीतिक दलका तर्फबाट प्रतिनिधिसभाको पुनःस्थापनालाई वार्ताका सर्तका रूपमा राखिएको छ । त्यसलाई अर्घेल्याइँ भन्न मिल्दैन । प्रतिनिधिसभाको पुनःस्थापना सर्वोच्च अदालतले गरिदिए सजिलो हुन्छ, तर त्यसले आन्दोलनको उपजको रूप लिन सक्तैन । राजाको घोषणाबाट पनि प्रतिनिधिसभाको पुनःस्थापना हुनसक्ला, तर त्यो झन् कमजोर हुन्छ । जनआन्दोलनको विजयका रूपमा प्रतिनिधिसभाको पुनःस्थापना भएमा मात्र जनताको सम्प्रभुताको पुष्टि हुन्छ । यसैले आन्दोलनकारी दलहरूले पहिले सर्वाधिकारसम्पन्न सरकार बनाएर प्रतिनिधिसभाको पुनःस्थापना गर्नु उचित हुन्छ । अतः संवादको सर्त बदल्नु आवश्यक देखिन्छ ।

आन्दोलनकारीले राजनीतिक दलका नेताहरूलाई राजासँग सम्झौता नगर्न सावधान गराइरहेका छन् । यता नेताहरू राजासँग संवाद नगर्ने अडान दोहोर्‍याइरहेका छन् । राजा आन्दोलनमा सहभागिता नभएकाहरूसँग परामर्श गर्नमा व्यस्त छन् । यी सबै घटनाले आन्दोलनको परिणतिको अनुमान गर्न झन् कठिन बनाएका छन् । घटना क्रमको विकास जुन गतिमा भएको छ त्यसले आन्दोलन कहाँ पुगेर टुंगिन्छ भनेर अन्दाज गर्न सजिलो छैन । केही सम्भावित परिदृश्यको मात्रै अनुमान गर्न सकिन्छ ।

पहिलो, लामो आमहडताल समेतका कारण आन्दोलन क्रमशः शिथिल भएर जान पनि सक्तछ । यस्तो अवस्थामा सरकार अझ निरंकुश भएर आन्दोलनकारीलाई दबाउने र नागरिक समाजलाई शिथिल बनाउने प्रयासमा लाग्नेछ । सम्भवतः नगरपालिकाको जस्तै संसदीय निर्वाचन पनि गराइनेछ । आन्दोलन पुनः उभारमा आउन समय लाग्नेछ ।

दोस्रो, शेरबहादुर देउवा र एमालेका नेताहरूले अघिल्लोपटक राजाको सरकारमा गएर जनतालाई धोका दिएजस्तै आन्दोलनकारी दलका नेताहरूले राजासँग सत्ताको बाँडफाँड गर्ने गरी सम्झौता गर्नेछन् । राजाका अहिलेसम्मका क्रियाकलापले मान्यता पाउनेछन् । माओवादीलाई वार्तामा आउन बोलाइनेछ, तर उनीहरू नआए पनि प्रतिनिधिसभाको निर्वाचन गरिनेछ । नगरपालिका निर्वाचनलाई मान्यता दिइनेछ । संविधानसभामा जाने वा राजाका अधिकार कटौती गर्ने कार्य हुनेछैन । माओवादी विद्रोहलाई सम्बोधन गर्ने कार्य पनि थाती राखिनेछ । आन्दोलनकारीहरूसँग प्रतिशोध पनि लिइनेछैन । सहरको मध्यमवर्गका लागि सजिलो हुने र अन्तर्राष्ट्रिय समुदायलाई मनपर्ने समाधान सम्भवतः यही हो ।

तेस्रो, आन्दोलनको स्वरूप र प्रकृति पहिचान गरेर राजाले सत्ता आन्दोलनकारी नेताहरूलाई सुम्पेको घोषणा गर्नेछन् । त्यसपछि बनेको सरकारले राजाको अस्तित्व स्वीकार गर्नेछ, तर उनको राजकीय अधिकारलाई समाप्त पार्नेछ । माओवादी विद्रोहको सम्बोधन यसको प्राथमिकता हुनेछ । आन्दोलनकारीमाथि भएको दमनको छानबिन गरी दोषीहरूलाई दण्ड दिइनेछ । संविधानसभाको निर्वाचन र माओवादी हतियारको व्यवस्थापन गरी लोकतन्त्र र मानवअधिकारको प्रत्याभूति गर्ने कार्य यस सरकारको प्राथमिकतामा पर्नेछ । राजाले संसद् भंग गरेपछि गरेका सबै आदेश, नियुक्ति र नगरपालिकाको निर्वाचन रद्द गरिनेछ । माओवादीको संलग्नतामा अन्तरिम सरकार गठन गरी संविधानसभाको निर्वाचन गरिनेछ । माओवादी विद्रोहको शान्तिपूर्ण समाधानको उपाय सम्भवतः यही मात्रै हो ।

चौथो, राजाले आन्दोलनलाई उपेक्षा गरिरहेमा आन्दोलनकारी दलहरू र माओवादी मिलेर समानान्तर सरकार गठन गर्नेछन् । यसभन्दा पहिले जिल्लाजिल्लामा संयुक्त जनसरकार गठन हुनेछ । राजाको शासन राजधानीमा सीमित हुनेछ । राजधानीका जनताले नाकाबन्दी र निरंकुश शासन दुवै सहनु पर्नेछ । जनविद्रोहको अवस्था सिर्जना हुनेछ । अराजकता र विध्वंसको सामना गर्नु पर्नेछ ।

पाँचौं, लोकतान्त्रिक शक्तिहरू विस्तारै पछि पर्नेछन् र माओवादीले आन्दोलनको नेतृत्व गर्नेछन् । उनीहरूले आफ्नो प्रकारको शासन कायम गर्नेछन् । कम्बोडियाको नरसंहार र विध्वंस दोहोरिनेछ । अमेरिकी राजदूत मोरियार्टीले सिएनएनसँगको भेटमा व्यक्त गरेको आशंका सम्भवतः यही स्थितिको हो ।

आन्दोलनको अहिलेसम्मको प्रकृति र प्रवृत्ति हेर्दा दोस्रो वा तेस्रो परिदृश्य धेरै हदसम्म सम्भाव्य लाग्छ, तर ठोकुवा गर्न सकिँदैन । राजा र आन्दोलनरत दलका नेताहरूको सुझबुझले आन्दोलनको परिणति निर्धारित गर्नेछ । यद्यपि, निर्णायक शक्ति नेपाली जनता नै हुन् । ■

अहिलेको आन्दोलन उमेर, वर्ग, लिंग र क्षेत्रीय दृष्टिले सबैभन्दा बृहत् हो । अझ अहिले परिस्थिति भिन्न छ । समाजमा एक दशकभन्दा बढी लगाएर माओवादीले ल्याएको जागरणको ग्रामीण थलो र दलहरू क्रियाशील सहरलाई जोडेर अहिंसात्मक आन्दोलनलाई बढावा दिने हो भने नयाँ नेपालको दैलो उग्रन धेरै टाढा छैन ।



सोमत घिमिरे

# जनता अगाडि लागिसके

राजा ज्ञानेन्द्रले सम्पूर्ण सत्ता आफ्नो हातमा लिएपछि दलहरूले आह्वान गरेको सबैभन्दा ठूलो कार्यक्रम चैत २४ गतेदेखिको आमहडताल नै हो । 'दलहरू जनताबाट विस्थापित भइसकेका छन् । यिनीहरूसँग कुनै जनाधार छैन', भन्ने राजाका मुखका रूपमा परिचित कमल थापा र सच्चित शमशेर राणा प्रवृत्तिका तर्कले सार्वजनिक रूपमा ठूलो झापड पाएका छन् । विगतमा पनि दलहरूले आह्वान गरेका कार्यक्रममा जनताको सशक्त उपस्थिति किन थिएन ? तर अहिलेको जनताको सशक्त सहभागिता एउटा संयोग मात्र हो वा विकसित राजनीतिक घटनाक्रमको प्रभाव ? यस विषयमा साह्रै मस्तिष्क मन्थन गर्न जरुरी छैन ।

अहिले आन्दोलनको लहर सात दल र माओवादीबीचको बाह्रबुँदे समझदारी तथा राजाको हठी स्वभावबाट नेपाली जनता आजित भएर सिर्जना भएको हो । यस आन्दोलनले सडक तताउने, गणतन्त्रको नारा लगाउने मात्र गरेन, यसको मुख्य उपलब्धि भनेको कुनै अहिंसात्मक बाटोको अर्थ नदेखेर जंगल गई सशस्त्र आन्दोलन गरेको माओवादीलाई शान्तिपूर्ण बाटोमा फर्काउन सफल हुनु पनि हो । विनाहतियार माओवादी गोंगबु वा कीर्तिपुरमा आउँछन् भने यो सबैका लागि खुसीको कुरा हो । दलहरूको सफलता हो र स्वयं माओवादीको समाजप्रतिको गम्भीर जिम्मेवारीबोध पनि । यस आन्दोलनको अर्को सबल पक्ष भनेको नेताहरूलाई गरेको खबरदारी पनि हो । ०४६ सालको जनआन्दोलनमा कांग्रेस र संयुक्त वाममोर्चाको सहकार्यले उत्साह थपेको थियो भने अहिलेको बदलिँदो परिस्थितिमा सात दल र माओवादीको समझदारी उत्साहको स्रोत बनेको कुरा इन्कार गर्न जरुरी छैन ।

माओवादी अहिंसात्मक आन्दोलनमा आउनु भनेको शाही सत्ताको जुठोपुरो खाएकाबाहेक सबैका लागि हर्षको विषय हो । माओवादीले हतियार बिसाउँदा आतंकवादीसँग लड्ने निहुँमा अन्तर्राष्ट्रिय समर्थन जुटाई शाही सत्तालाई दीर्घायु बनाउने लक्ष्य पूरा नहुने देखेर शाही सत्ताले सन्तुलन गुमाएको कुरा कसैबाट छिपेको छैन र शान्तिपूर्ण प्रदर्शन भड्काउन दिनदहाडै गोली चलाउनु यिनका लागि नौलो कुरा भएन । यिनै स्वार्थी तत्त्वको लहैलहैमा लागेर समझदारीको डोरी चुँडियो भने नेपालको राजनीतिक आन्दोलन ठूलो नोक्सानीमा पर्नेछ । सात दल र माओवादीको समझदारीबाट आन्दोलन भएको भन्न कुनै लघुताभास मान्नु पर्ने स्थिति छैन किनभने यसले दलहरूको अस्तित्व खतरामा पर्दैन । बरु माओवादीलाई पनि आफ्नो एजेन्डामा ल्याएकोमा दलहरूको साथसाथै शान्तिकामी नेपालीको सफलता ठहरिनेछ । २०३६ सालको आन्दोलन ग्रामीण तहमा मात्र होइन सबै सहरमा पनि पुग्न सकेन । जनमत संग्रहको कपटी पासाले आन्दोलनको भ्रूण हत्या भयो । २०३६ सालभन्दा केही माथि उठेर ०४६ सालको आन्दोलनले केही व्यापकता पाए पनि ग्रामीण क्षेत्रमा पर्याप्त आन्दोलन चल्न सकेन । सहरमा चलेको आन्दोलनले नै तत्कालीन परिस्थितिमा छिटो सम्झौता भयो, तर अहिले नेपाली राजनीतिमा भिन्न परिस्थिति सिर्जना भएको छ । हिजोका आन्दोलनमा विद्यार्थीको बढी भूमिका थियो भने अहिलेको आन्दोलन उमेर, वर्ग, लिंग र क्षेत्रीय दृष्टिले सबैभन्दा बृहत् हो । अझ अहिले परिस्थिति भिन्न छ । समाजमा एक दशकभन्दा बढी लगाएर माओवादीले ल्याएको जागरणको ग्रामीण थलो र दलहरू क्रियाशील सहरलाई जोडेर अहिंसात्मक आन्दोलनलाई बढावा दिने हो भने नयाँ नेपालको दैलो उग्रन धेरै टाढा छैन ।

चैत २४ पछिको घटनाक्रम हेर्ने हो भने दलहरू अझ बढी व्यवस्थित हुन जरुरी छ । त्यसपछि सुरु भएको आमहडतालमा सुरक्षाफौजबाट जनताको जीउज्यान जाँदा र सयौं घाइते हुँदा सडकमा दलहरूको उपस्थिति देख्न धेरै गाह्रो पर्‍यो । एकैचोटि ३० गते मात्रै अलिनो वक्तव्य लिएर सात दल सडकमा आए र भोलिपल्ट विरोध सभा गरे । त्यो काम एक दुई दिनअगाडि नै हुनु पर्ने थियो । माओवादीको कार्ड देखाएर सेना र पुलिसको घुसपैठमार्फत आन्दोलनलाई हिंसात्मक बनाउन सरकार उद्यत छ । यस्तो बेला नेताहरू तथा नागरिक समाजका अगुवाले आन्दोलनलाई अहिंसात्मक बनाउने प्रयास गर्नु पर्नेमा कीर्तिपुरबाहेक अन्त कतै यस्तो प्रयास देखिएन । ठाउँठाउँमा भइरहेको आन्दोलनलाई एकै ढिक्कामा परिणत गर्नु चुनौतीपूर्ण भए पनि नेतृत्वले नगरी नहुने काम हो ।

ताप्लेजुङदेखि दार्चुलासम्म लागेका नारा सुन्दा र आन्दोलनको क्रममा 'नेपाल सरकार' लेखिएका सरकारी सूचनापाटी देख्दा राजा रहने कि नरहने, राजतन्त्रको भविष्य के हुने जस्ता बौद्धिक बहसले गतिलो जवाफ पाएको छ । बरु अब राजनीतिक दलहरूले सडकमा पोखिएका जनभावना कसरी समेट्न सक्छन्, यसबारे छलफल हुनु जरुरी छ । आन्दोलनको तापअनुसार राजनीतिक नारा पनि फेरिनु जरुरी छ । संसद् पुनःस्थापनाको निर्जीव नाराले अहिलेको सडकमा पोखिएको जनभावना समेट्न सक्दैन । विभिन्न प्राविधिक झन्झट पूरा गर्दै संविधानसभामा पुग्न सकिन्छ भन्न त सकिएला, तर हठी र महत्त्वाकांक्षी राजाले त्यो हेरेर बसिरहलान् भन्न सकिँदैन । संसद् पुनःस्थापनाले आन्दोलन मर्ने र राजाले निहुँ खोज्ने परिस्थिति बन्यो भने त्योभन्दा बढी दुर्भाग्यपूर्ण अवस्था अरू केही हुन सक्दैन । तसर्थ लोकतान्त्रिक गणतन्त्रको लागि संविधानसभा अबको नारा बन्नु बाहेक विकल्प छैन । यसभन्दा तल झरेर गरिने कागजी सम्झौताले समाज र आन्दोलनलाई कुनै सम्बोधन गर्न सक्दैन ।

अहिले जनता सडकमा ओर्लिएको राजनीतिक दलको मुख हेरेर मात्रै होइन आफ्नो अधिकार सुनिश्चित गर्नको लागि पनि हो । लोकतन्त्रको आवश्यकता नेता र कार्यकर्ता लागि मात्र नभई जनताको लागि झन् बढी आवश्यक छ । विनालोकतन्त्र आफ्नो जीविका र भविष्य नदेखेर अकल्पनीय रूपमा अदम्य साहस लिएर सडकमा ओर्लिएका छन् जनता । अहिले जो सडकमा ओर्लिएको छ, भोलिको राजनीतिको कुर्चीमा भाग लिने गरी सडकमा आएको छैन । विभिन्न सीमितता देखाएर लोकतान्त्रिक गणतन्त्रमा जान दलहरूले अप्ठ्यारो माने भने दल र जनताको बाटो फरक हुन पनि सक्छ । यस्तो भयो भने त्यो परिस्थितिमा राजाको तानाशाहीको पारो धेरै बढ्नेछ । लामो ठक्कर खाएका राजनीतिक दलहरूले आफूलाई वैचारिक रूपमा र आन्दोलनलाई अझ बढी व्यवस्थित गर्नु जरुरी छ । जनता अगाडि लागिसके । अबको खाँचो भनेको अगाडि लागेका जनतासँग एकाकार भएर दलहरू हिँड्नु हो । ■

# सात दललाई दबाब



विनोद दुंगेल

**राजाबाट शक्तिशाली राष्ट्रका राजदूत र केही पूर्व प्रधानमन्त्रीसँग सरसल्लाह अघि बढाइएको तथा राजा र दलबीच समझदारीको सम्भावना विकसित भएको अनुमान गरिएका बेला माओवादीबाट सार्वजनिक विचारले लक्ष्य प्राप्त हुनुअघि आन्दोलन नटुंग्याउन सात दललाई दबाब परेको छ।**

**सात दलको आह्वानमा** शान्तिपूर्ण आन्दोलन उत्कर्षतर्फ अघि बढिरहँदा सशस्त्र विद्रोही माओवादी आफ्ना धारणा आक्रामकरूपमा सार्वजनिक गर्ने अभियानमा लागेको छ। वैशाख ४ गते माओवादी अध्यक्ष प्रचण्ड र वरिष्ठ नेता डा. बाबुराम भट्टराईले वक्तव्यमार्फत चालू आन्दोलनमा आफ्नो प्रभावकारी सहभागिता रहने दोहोऱ्याएका छन् भने निःसर्त संविधानसभाभन्दा तल राजासँग कुनै सम्झौता नगर्न सात दललाई चेतावनी दिएका छन्।

निःसर्त संविधानसभामार्फत लोकतान्त्रिक गणतन्त्रको लक्ष्य पूरा नभएसम्म वर्तमान आन्दोलन रोक्न वा सम्झौतामा टुंग्याउन नहुने अडान राख्दै माओवादी नेताले 'कहीँ कतैबाट धोकापूर्ण सम्झौता भएर २००७ र २०४६ मा झैं आन्दोलनलाई बीचमै तुहाउने प्रयत्न भए त्यसको सशक्त प्रतिकार गर्दै अघि बढ्न हामी सबै सच्चा लोकतान्त्रिक शक्ति, नागरिक समाज र आम जनसमुदायलाई विशेष आग्रह गर्छौं' भनेका छन्। राजा ज्ञानेन्द्रबाट शक्तिशाली राष्ट्रका राजदूत र केही पूर्व प्रधानमन्त्रीसँग सरसल्लाह अघि बढाइएको तथा राजा र दलबीच समझदारीको सम्भावना विकसित भएको अनुमान गरिएका बेला माओवादीबाट सार्वजनिक विचारले लक्ष्य प्राप्त हुनुअघि आन्दोलन नटुंग्याउन सात दललाई दबाब परेको छ।

आफ्ना धारणा सार्वजनिक गर्ने र खुला समाजमा स्वीकार्य हुने अभियान अघि बढाउन माओवादीले 'मानवअधिकार एवं मानवीय सिद्धान्तप्रति प्रतिबद्धता' पनि सार्वजनिक गरेको छ। सात दलसँग मंसिर ७ र चैत ६ को समझदारीबाट सार्वजनिक छवि सुधारिरहेको माओवादीले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायमा प्रभाव पार्न यो अभियान अघि बढाएको बुझ्न सकिन्छ।

प्रचण्डको वक्तव्यअनुसार 'जनगणतन्त्र नेपालको सार्वजनिक कानुनी संग्रह र जनसत्ता निर्देशिका' २०६० मै निर्माण भएको थियो र त्यस आधारमा माओवादीले मानवअधिकार र मानवीय सिद्धान्तमा थप प्रतिबद्धता व्यक्त गरेको हो। 'कानुनबमोजिम बाहेक कुनै व्यक्तिलाई थुनछेक पक्राउ नगरिने, युद्धमा कब्जामा परेका निरस्त्र व्यक्तिको जीवन रक्षा गरिने र औषधोपचार एवं मानवोचित व्यवहार गरिने, थुनामा परेकालाई कानुनबमोजिम व्यवहार गरिने, यातना नदिइने, गोप्य र संचारविहीन नबनाइने, आफन्तसँग भेटघाट र पत्राचार गर्न दिइने, बालअधिकारको सम्मान गरिने, १८ वर्षभन्दा कमकालाई सैन्य भर्ती नगरिने, १६ वर्षभन्दा कम उमेरकालाई काममा नलगाइने र बालबालिका र महिला अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानुन र सिद्धान्तलाई सम्मान गरिने' माओवादी प्रतिबद्धतामा उल्लेख छ। संयुक्त राष्ट्रसंघसम्बद्ध अधिकारी र कर्मचारीलाई आफ्नो नियन्त्रणको क्षेत्रमा निर्बाध भ्रमण गर्न र बन्दीलाई भेट्न दिने प्रतिबद्धता पनि प्रचण्डले व्यक्त गरेका छन्।

आफूलाई सार्वजनिक गर्ने अभियान अघि बढाउन माओवादी सम्बद्ध अनेरास्ववियु (क्रान्तिकारी)का अध्यक्ष लेखनाथ न्यौपानेले चालू आन्दोलनमा प्रत्यक्ष उत्रिने उल्लेख गरेलगत्तै राजधानीमा केही विद्यार्थी नेताले 'गणतान्त्रिक विद्यार्थी संयुक्त मोर्चा' गठन गरेको घोषणा गरेका छन्। वाम पृष्ठभूमि र माओवादीसँग वैचारिक निकट संलग्न उक्त मोर्चाका नेताले चालू जनआन्दोलनलाई गणतन्त्रअघि विश्राम लिन नदिइने प्रतिबद्धता व्यक्त गरेका थिए। वैशाख ५ गते राजधानीमा पत्रकारहरूबीच घोषित उक्त मोर्चाका संयोजक ईश्वर पौडेलले वर्तमान आन्दोलनको सबैभन्दा भरपर्दो शक्ति माओवादी भएको बताए। यद्यपि, मोर्चा शान्तिपूर्ण आन्दोलनको पक्षमा रहेको उल्लेख गरेर उनले माओवादीसँग मोर्चाको दूरी रहेको पनि प्रस्ट पारे।

नव गठित मोर्चाका सबै सदस्य उपस्थित काठमाडौं बागबजारको एक होटलमा भएको पत्रकार भेटघाटमा उनीहरूले राजाद्वारा थालिएको संवाद प्रक्रिया र राजासँग भेटेपछि केही नेताबाट व्यक्त प्रतिक्रियाले चालू आन्दोलन पहिलेजस्तै सम्झौता र धोकामा टुंगिने संकेत देखिएको दाबी गरे। 'सात दलको नेतृत्वले धोका नदिएसम्म यही आन्दोलनमा हाम्रो सहभागिता रहनेछ, धोका भए हामी शान्तिपूर्ण आन्दोलनलाई निरन्तरता दिनेछौं', मोर्चाका संयोजक पौडेलले भने। उनका अनुसार अन्य विद्यार्थी संगठनका गणतन्त्रवादीसँग पनि मोर्चाले वार्ता र छलफल गर्नेछ तथा उनीहरूलाई गणतन्त्र प्राप्तिको आन्दोलनमा अघि बढ्न प्रेरित गर्नेछ। मोर्चाका सदस्यमा रमेश घिमिरे, प्रकाश शर्मा, रामप्रसाद न्यौपाने, गोपाल न्यौपाने, कविराज अधिकारी, डिएम धजिरेल, हरिकृष्ण आचार्य, कृष्ण कुँवर र दीपक पाठक छन्।

■ **सुवास देवकोटा/काठमाडौं**

# कसको कब्जामा कैलाली ?

**पत्रकारहरूको मोटरसाइकल** देखेर सुदूरपश्चिमको चोक मानिने अत्तरियामा एक सुरक्षाकर्मी हतार गर्दै आए र भने, 'तपाईंलाई प्रश्न त होइन, अनुरोध गर्न सक्छु ? तपाईंहरू पूर्व लाग्दै हुनुहुन्छ, बाटोमा माओवादीको कुनै कार्यक्रम त छैन ?' जवाफ थियो, 'हामीलाई थाहा छैन हामी त बर्दिया जान लागेको ।'

सशस्त्र द्वन्द्व चर्किँदै जाँदा माओवादीको अखडाका रूपमा परिचित हुँदै गएको कैलालीमा पछिल्लो समयमा उनीहरूले आफ्ना गतिविधि तीव्र पारेका छन् । धनगढी आक्रमण र त्यसपछि लगातार आफ्नो उपस्थिति जनाइरहेका माओवादीका सेती महाकाली स्वायत्त जनसरकार प्रमुख लेखराज भट्ट 'राकेश' आनन्दसँग बसिरहेको राज्यले पत्तो नपाएको होइन । कब्जा गरिएको पिकअप र मोटरसाइकलमा उनी निर्भीकतासाथ घुम्छन्, सदरमुकाममा राज्य संयन्त्र घुमेजस्तै । कैलालीलाई भारत हुँदै मध्य र सुदूरपश्चिमी पहाडी क्षेत्र जोड्ने महत्त्वपूर्ण बाटोका रूपमा प्रयोग गरिरहेका माओवादी विद्रोहीले प्रायजसो राजमार्ग कब्जा गरी आफ्ना विभिन्न कार्यक्रम गर्दै आएका छन् । जनताको जीवनरेखा मानिएको महेन्द्रराजमार्ग माओवादीले चाहन्जेल बन्द हुने गर्छ । यसबाट हजारौं यात्रु अलपत्र मात्र पर्दैनन्, माओवादीका कार्यक्रममा पनि सरिक हुनुपर्छ उनीहरू । किन यसरी माओवादीले जनतालाई दुःख दिइरहेका छन् त ? भट्ट भन्छन्, 'निरंकुश सत्ताविरुद्ध अब सम्पूर्ण नेपाली जनता एकजुट हुनुपर्छ र सबैले थाहा पाउनुपर्छ हामी के गरिरहेका छौं ।' लामो समयदेखि भट्ट राजमार्ग कब्जा गरेर बहुवीर योद्धास्मृति ब्रिगेडका साथ मसुरियामा बस्दै आएका छन् ।

राजमार्ग कब्जा गरेर पछिल्ला दुई महिनाभित्र चारवटा आमसभा आयोजना गरिसकेका भट्टले विभिन्न जनवर्गीय संगठनका क्षेत्रीय भेला पनि निर्भयसाथ गरिसकेका छन् भने कैलाली र कञ्चनपुरका बुद्धिजीवी, व्यापारी र जमिनदारलाई समेत बोलाई छलफल गरेका छन् । यससँगै ठूलो रूपमा विभिन्न शीर्षकमा अर्थ संकलन गरिएको भए पनि माओवादीले यो स्वीकार गरेको छैन ।

पछिल्लो समयमा कैलालीमा सुरक्षाफौजको पनि दह्रो उपस्थिति छ । लम्की, टीकापुर, सुखड, वनवेहडा, अत्तरिया, तेघरी, बोराडाँडी र धनगढीमा उनीहरूका क्याम्प छन् । कर्णाली पश्चिम लाग्दा राजमार्गभरि सुरक्षाफौजकै क्याम्प देखिन्छन् । सुखड र वनवेहडाबीचको भागलाई माओवादीले चाहेअनुरूप प्रयोग गरे पनि सुरक्षाफौजले केही गर्न नसकेको स्थानीय गुनासो बढेको छ भने कैलाली कसको कब्जामा छ भन्ने प्रश्न उठ्न थालेको छ ।

**आकाश हान्ने दाबी**

आफूलाई विभिन्न खतरनाक हतियारद्वारा सुसज्जित गर्ने माओवादीको चाहनाअनुरूप आफूहरूले एन्टी एयर क्राफ्ट बनाएको दाबी गरेका छन् । झन्डै पाँच महिनादेखि माओवादीले एन्टी एयर क्राफ्टको चर्चा गर्दै आएका थिए । यसै साता कैलालीको मसुरियामा उनीहरूले बनाएको यो हतियार पड्काएर प्रदर्शन गरेका छन् भने यसमा लाग्ने गोली पनि झन्डै ८ इन्च लामो सकेट प्रयोग गरी बनाइएको छ । कमरेड शक्ति लगायतका सेती महाकाली जनसरकारका प्राविधिक समूहले यो हतियार तयार पारेका हुन् ।

यो हतियारले आकाशमा दुई किलोमिटरसम्म हान्न सक्ने दाबी गर्दै भट्ट विस्तारै प्रत्येक कम्पनीलाई यो उपलब्ध गराउने बताउँछन् । एकचोटि जमिनमा पड्केर यो हतियारबाट गएको गोली तीन सेकेन्डमा आकाशमा पुगेर पड्किन्छ । मसुरियाबाट १४ किमी पश्चिममा सशस्त्र प्रहरीको बडिमालिका गण र १२ किलोमिटर पूर्वमा संयुक्त सुरक्षाफौजको बेसक्याम्प छ । लामो समयदेखि सेती महाकाली स्वायत्त जनसरकार प्रमुख तथा केन्द्रीय सदस्य भट्ट मसुरियामा डेरा जमाई बस्नुको कारण एन्टी एयर क्राफ्ट कैलालीकै कुनै भूभागमा बन्दै गरेको अड्कल काट्न सकिन्छ ।

■ **श्याम भट्ट/कैलाली**
(तस्वीर पनि)

## प्रेसलाई मोर्चामा

लोकतान्त्रिक आन्दोलनलाई गति दिन अब पत्रकारहरूले पनि मोर्चा गठन गर्नुपर्ने दबाब माओवादीले दिएपछि मध्य र सुदूरपश्चिमका पत्रकारहरूले यसको कडा विरोध गर्दै आपत्ति जनाएका छन् । गत साता बर्दियाको बाँसगढीमा आयोजित कार्यक्रममा माओवादीले यस्तो अवधारणा ल्याएपछि लोकतन्त्रको आन्दोलनमा पत्रकारहरू दलभन्दा पनि अघि रहेकोले कुनै मोर्चा गठन गर्न आवश्यक नरहेको बताएका थिए । क्रान्तिकारी पत्रकार संघले आयोजना गरेको कार्यक्रममा प्रेसप्रति माओवादीको दृष्टिकोण कस्तो छ भन्ने हातेकिताब वितरण गरिएको थियो । हाते किताबमा प्रेससँग सम्बन्धित प्रचण्डको अन्तर्वार्ता र डा. बाबुराम भट्टराईको आलेख रहेको छ । अन्तर्वार्तामा प्रचण्डले कुनै पनि देशको जस्तोसुकै आन्दोलनमा प्रेसको भूमिका उच्च रहने गरेको स्वीकार गरेका छन् भने डा. बाबुराम भट्टराईले पनि कलमको शक्तिलाई बन्दुकभन्दा उच्च मानेका छन् । *समय*सँग कुरा गर्दै भेरी कर्णाली स्वायत्त जनसरकार प्रमुख खड्गबहादुर विक 'प्रकाण्ड'ले कलमजीवीको सरकार सबैभन्दा ठूलो दुस्मन बनेको अवस्थामा क्रान्तिकारी पत्रकारहरू महासंघसँग आबद्ध पत्रकारहरूबीच समन्वय हुनु राम्रो कुरो भएको बताए ।

पत्रकार पिटरले बन्दुक समाई मोर्चामा आउन नभनेको र समन्वयको नयाँ अवधारणा पश्चिमबाट दिन खोजिएको र आगामी दिनमा केन्द्रीयस्तरमा यसबारे बहस होस् भन्ने चाहेको बताएका थिए । कालपृष्ठका सम्पादक हेमन्त कर्माचार्यले माओवादीले आफूले चाहेमा सूचना तुरुन्त दिने र आम पत्रकारले चाहेमा सूचना चाँडो नपाउने अवस्था सुधार हुनुपर्ने जोड दिएका थिए ।



एन्टी एयरक्राफ्ट बनाउँदै माओवादी



# कष्टकर जीवन

तस्वीरहरू : छत्र कार्की

**ओलाङचुङगोलाका मानिसले ज्वरो, झाडापखालालगायत सामान्य रोगका कारण मृत्युको मुखमा पर्ने अवस्था छ। उपस्वास्थ्य केन्द्रमा सिटामोललगायत अरू प्राथमिक उपचारका सामग्री सिद्धिएको पनि महिनौं भएको छ।**

■ छत्र कार्की/ओलाङचुङगोला, ताप्लेजुङ

**तराईमा प्रचण्ड** गर्मी सुरु भए पनि ओलाङचुङगोला तातेको छैन, त्यहाँ अझै ठन्डी छ। त्यहाँका बासिन्दाले अझै न्याना लुगा छाडेका छैनन्। छिनछिनमा पानी पर्छ अनि हिमपात पनि। बस्तीको सिरानमा रहेको गुम्बा परिसर हिउँको थुप्रोले ढाकिएको छ। बालबालिका हिउँ खेलेर रमाइरहेका छन्। त्यहाँका बासिन्दा कहिले हिउँ पग्लेला अनि व्यापारको सुर कस्नु पर्ला भन्ने व्यग्र पर्खाइमा छन्। स्थानीय ओङ्ग्या शेर्पा भन्छन्, 'हिउँ पग्लिन अझै केही दिन लाग्छ। वैशाख सकिएपछि मात्र बल्ल गर्मी सुरु हुन्छ।'

गर्मीयाम त्यहाँका बासिन्दाको लागि सुखद समय हो। गर्मी सुरु भएपछि जडिबुटी, गलैंचालगायतका सामान चौरीलाई बोकाएर बेच्न त्यहाँका बासिन्दा तिब्बत हानिन्छन्। त्यहाँबाट चाहिने अन्न र अरू सामान किनेर फर्किन्छन्। तिब्बतमा बिक्रीका लागि चिराइतो, कुट्की, खोकिम, जटामसीलगायत जडिबुटी प्रमुख रूपमा निकासी हुन्छ भने गलैंचा, चौरीको घिउ, छुर्पी पनि केही मात्रामा। २-३ महिनाको अनूकुल मौसममा गरिने व्यापारबाट वर्ष दिनको गर्जो टार्नु पर्छ। जडिबुटी बिक्रीबाट राम्रो आम्दानी हुने भएकाले दुई छाक टार्न भने समस्या नपर्ने स्थानीय बासिन्दा बताउँछन्। गाउँ विकट भए पनि चारैतिर वनजंगलको हरियाली छ। प्राकृतिक सम्पदामा धनी भएर मात्र के काम लाग्यो र! अन्नको नाममा केही नउब्जिने भएकाले त्यहाँका मानिसलाई दैनिक जीवन गुजारा गर्नु कम्ती कष्टकर छैन। त्यस ठाउँमा वर्षा याममा मात्र रायो, धनियाँ, काउली, गान्टेमूला थोरैमात्रामा उत्पादन हुने स्थानीय बासिन्दा बताउँछन्। एक गेडो अन्न पनि नफल्ने उक्त ठाउँमा बसेर कसरी प्राण धान्ने त? फुपू छिरिङ शेर्पा भन्छिन्, 'जडिबुटी, गलैचा, छुर्पी, घिउ आदिको व्यापार नै हाम्रो आम्दानीको प्रमुख स्रोत हो।'

तिब्बत जान नसक्दा दैनिक उपभोगका सामान सदरमुकामबाटै तीन दिन पिठ्यूँमा बोकेर ल्याउनु पर्छ वा भरियाको सहारा लिनु पर्छ। भरियालाई बोकाएर ल्याउँदा ढुवानी खर्च चर्को पर्छ। सदरमुकामबाट ओलाङचुङगोलासम्म सामान ल्याउँदा भरियालाई ढुवानीबापत प्रतिकिलोग्राम २७ रुपैयाँ भाडा तिर्नु पर्छ। याङ्की



शेर्पा भन्छिन्, 'ओलाङचुङगोलामा हरेक सामान सदरमुकामभन्दा ३० रुपैयाँसम्म बढी तिर्नु पर्छ ।' यसको दाँजोमा तिब्बतबाट सामान ल्याउँदा ढुवानी खर्च कम्ती लाग्ने स्थानीय बासिन्दा बताउँछन् । त्यसो त तिब्बतबाट पनि खुद्रे व्यापारीहरू उपभोग्य सामग्री लिएर फाट्टफुट्ट आउने गर्छन् यता । जंगिमकी दिकी शेर्पा भन्छिन्, 'हामीलाई नेपाली सामानभन्दा चिनियाँ सामान नै किन्दा सस्तो पर्छ ।' उनका अनुसार चिनियाँ चामल प्रतिकिलोग्राम ५० रुपैयाँ, चिनी ७० रुपैयाँ, नुन ४० रुपैयाँ पर्छ । यी सामान ताप्लेजुङ सदरमुकामबाट ल्याउँदा भने अझै महँगो पर्ने उनी बताउँछिन् ।

ओलाङचुङगोला गाविसमा ७७ घरपरिवार र जनसंख्या ६ सय ५० जति छ । गुजमुज्ज भएर रहेको ओलाङचुङगोला गाउँमा १, २, ४, ५, ६, ७ र ८ वडा छन् । ४ घरमात्र रहेको जंगिम उक्त गाविसको वडा नं. ३ मा पर्छ भने १० घर रहेको याङ्मा वडा नं. ९ मा पर्छ । कञ्चनजंघा संरक्षण क्षेत्र आयोजना (केक्याप) सुरु भएपछि त्यहाँका मानिसमा चेतनास्तर उक्सेको कञ्चनजंघा आमा समूहकी अध्यक्ष किपा शेर्पा बताउँछिन् । बासिन्दामध्ये ९५ प्रतिशत शेर्पा छन् र बाँकीचाहिँ तामाङ छन् । दुर्गम विकास कार्यक्रमअन्तर्गत स्थानीय खोलाबाट २० किलोवाटको बिजुली निकालिएको छ, यसले गर्दा विकट गाउँ पनि झलमल्ल छ । बिजुलीको महसुलबापत प्रतिघर मासिक ८५ रुपैयाँ तिर्नु पर्छ ।

ओलाङचुङगोलाका बासिन्दाको आयस्ताको अर्को स्रोत चौरी र याक पालन पनि हो । तर, यहाँका सबै परिवारले चौरी पालेका छैनन् । चौरी पालेका परिवारका लोग्ने मानिस प्रायः गोठमै बस्छन्, कहिलेकाहीँ मात्र घर आउँछन् । चौरीको दूधबाट बन्ने विभिन्न परिकार बेचेर त्यहाँका मानिसले राम्रै आम्दानी गरेका छन् ।

## सिटामोल छैन

ओलाङचुङगोलाका मानिसले ज्वरो, झाडापखालालगायत सामान्य रोगका कारण मृत्युको मुखमा पर्ने अवस्था छ । उपस्वास्थ्य केन्द्रमा २०६२ सालमा जिल्ला जनस्वास्थ्य कार्यालयले औषधीको नाममा केही पठाएको छैन । सिटामोललगायत अरू प्राथमिक उपचारका सामग्री सिद्धिएको पनि महिनौं भएको छ । त्यसो त तालिमप्राप्त स्वास्थ्यकर्मी नहुँदा गर्भवती महिलाले उपचारको अभावमा अकालमै ज्यान गुमाइरहेका छन् । एकमात्र उपस्वास्थ्य केन्द्रमा अहेवले पाइला नटेकेको बर्षौं भएको छ । ओङ्ग्या शेर्पा भन्छन्, 'अब त अहेव आउलान् भन्ने आस पनि मरिसक्यो, खै कुनै सरकारले पनि हाम्रो पीडा बुझ्नेन ।'

कागजीरूपमा अहेव सुशील ठाकुर उक्त केन्द्रमा कार्यरत छन्, तर उनले एकपटक पनि त्यहाँ अनुहार देखाएका छैनन् । जनताले अहेव चाहियो भनेर पटक पटक आवाज उठाउँदा पनि आफ्नो मागप्रति सम्बन्धित निकायले चासो नलिएको उनीहरूको दुखेसो छ । अहेव त सधैं अनुपस्थित रहेको अवस्थामा उपकेन्द्रका ग्रामीण स्वास्थ्य कार्यकर्ता टिबी लम्सालले पनि नियमित रूपमा सेवा पुऱ्याउन नसकेको स्थानीयवासी बताउँछन् ।

उपस्वास्थ्य केन्द्रलाई ७ वर्षदेखि कार्यरत मातृशिशु कार्यकर्ता पासाङ किपा शेर्पाले जेनतेन धानेकी छन् । पासाङको सेवाबाट सबै गाउँले सन्तुष्ट छन् । मातृशिशु कार्यकर्ता पासाङ भन्छिन्, 'मैले आफ्नो बर्कतले भ्याएसम्म गाउँलेलाई सेवा दिन केही बाँकी राखेको छैन, तर सरकारले सहयोग नगर्दा मेरो मात्र प्रयासले कति धान्छ सक्छ र !' स्वास्थ्य केन्द्रमा औसतरूपमा दिनहुँ १५-१६ जना बिरामी आउने गरेको केन्द्रले जनाएको छ । त्यहाँ औषधी राख्न चाहिने 'किट बक्स' त छैन नै, बच्चाको लागि बिसिजी, डिपिटी, टिटी, दादुरालगायत खोप फ्रिज नभएकोले बिग्रिएका छन् ।

## बुझ्नक भएपछि बाहिर

साढे चार दशकअघि स्थापित महेन्द्र प्राथमिक विद्यालय ओलाङचुङगोलाको एकमात्र विद्यालय हो । २०४५ सालसम्म त्यहाँ निम्न माध्यमिक तहसम्म पढाइ हुन्थ्यो । निम्न माध्यमिकबाट माध्यमिक तहको पढाइ सुरु हुनु पर्नेमा यो विद्यालय घटुवा भएर प्राथमिक तहमा झऱ्यो । मेची पहाडी विकास कार्यक्रमअन्तर्गत एक दशकअघि विद्यालय भवन, धारा, घट्ट बनेपछि ओलचुङ्गोलाको स्वरूप नै फेरिएको छ । तीन शिक्षक रहेको उक्त विद्यालय भौतिक संरचनाको दृष्टिले सम्पन्न भए पनि विद्यार्थीको संख्या भने थोरै छ । प्रधानाध्यापक डिबी केसी भन्छन्, 'विद्यालयमा हरेक वर्ष विद्यार्थी संख्या २०-२२ को हाराहारीमा छ ।'

सबै स्थानीय बासिन्दाले आफ्ना छोराछोरीलाई विद्यालय पठाउँदैनन् र विद्यालय गएका बालबालिका अक्षर चिन्ने भएपछि पढ्नको लागि बाहिर पठाउने चलन छ । प्रधानाध्यापक केसीका अनुसार अक्षर चिनाएपछि अधिकांश अभिभावकले बच्चा पढाउन दार्जीलिङ, काठमाडौं, ताप्लेजुङ बजारलगायत ठाउँमा लैजान्छन् । पढ्नको लागि बाहिर गएकाहरूमध्ये अधिकांश पढाइ सिध्याएपछि गाउँमा फर्किएर पाइला नै टेक्दैनन् । राजाको सरकारकी पर्यटन राज्यमन्त्री याङकिला शेर्पा, राजपरिषद्का सदस्य जोन्देन उक्यापलगायत धेरै व्यक्ति माथिल्लो तहमा पुगे पनि ओलाङचुङ्गोला नफर्केको स्थानीय बासिन्दा बताउँछन् ।

## छैन चहलपहल

सदरमुकामबाट ओलाङचुङ्गोला पुग्न तमोरको किनारैकिनार अति विकट बाटो पार गर्नु पर्छ । बाटाका धेरै झोलुंगे पुल जीर्ण छन्, बाटो मर्मत गरिएको छैन । काठे पुल पनि खतरामुक्त छैनन्, जंगिममा रहेको काठे पुल तर्दा फल्याक उछिट्टिएर केही महिना अघिमात्र ३ वटा चौरी र २ भरिया मरेका थिए ।

दुई वर्ष अघिसम्म कञ्जनजंघा बेस क्याम्प आएका पर्यटकको लागि ओलाङचुङ्गोला पनि नियमित रुटमै पर्थ्यो, तर अहिले यो ठाउँ सुनसान छ । स्थानीय टासी शेर्पा भन्छन्, 'पहिले पहिले त पर्यटक आइरहन्थे । ६ महिनाजति भयो, विदेशी पर्यटकको अनुहार देखिएको छैन ।' चार वर्षअघिसम्म सञ्चालनमा रहेको सीमा भन्सार कार्यालय माओवादी जनयुद्ध चर्किंदै गएपछि अहिले बन्द छ । प्रहरी चौकीमा पनि ३ वर्षअघि माओवादीले आगो लगाएपछि भग्नावशेष छ । गाविस कार्यालय पनि पदाधिकारीविहीन छ, त्यहाँ सरकारको त केही उपस्थिति नै छैन ।

माओवादी गतिविधिको कुनै प्रभाव नभए पनि सरकारको अनुपस्थितिको फाइदा उठाएर माओवादीले गाजस इन्चार्जको रूपमा पासाङलाई खटाएको छ । गाउँबाट बेच्न लगिने जडिबुटी, गलैंचालगायत सबैखाले कर लिने काम तिनै पासाङले गर्छन् । माओवादी अहिले ओलाङचुङ्गोलामा त्यहाँको बासिन्दाको जनसंख्या अद्यावधिक गर्न लागेको छ । इन्चार्ज पासाङ भन्छन्, 'हामी चाँडै नै यहाँ गाजस गठन गर्ने तयारीमा छौं ।' मुलुकमा निरंकुश राजतन्त्रविरुद्ध सबै राजनीतिक दल आन्दोलनमा होमिएका छन्, तर ओलाङचुङ्गोलाका बासिन्दा आफ्नै ध्याउन्नमा छन् । मुलुकभित्रै युद्ध चर्केर आफ्नै दाजुभाइ मरेको खबर सुन्दा निको लाग्दैन उनीहरूलाई । कञ्चनजंघा आमा समूहकी अध्यक्ष किपा शेर्पा भन्छिन्, 'मुलुकमा लडाइँ रोकिए हुन्थ्यो, शान्ति भए त जनताले दुःख गरेर भए पनि आनन्दसँग दुई गाँस खान पाउँथे ।' ■

**लाक्पा खापा शेर्पा जति सिद्धहस्त र प्रतिष्ठित लामा पूर्वी नेपालमै छैनन् । बौद्धमार्गी शेर्पाहरु उनलाई पूर्वी तराईका क्षेत्रकै सबैभन्दा श्रेष्ठ ज्ञाता, विद्वान् र अगुवा मान्छन् । खासगरी तीसको दशकतिर हिमालबाट तराई झर्न थालेका बौद्धमार्गी शेर्पालाई संगठित पार्न, बौद्ध धर्म र ज्ञानको प्रचार तथा आधुनीकरण गर्नमा उनको योगदान अतुलनीय ठान्छन् ।**

# नभरिने रिक्तता



हिमालयन महायान देछेन छ्योलिङ गुम्बाका संस्थापक तथा प्रमुख लामा लाक्पा खापा शेर्पाको स्मृतिमा चैत २८ गते आयोजित सभामा बोल्दाबोल्दै दावा शेर्पाका आँखा रसाए । दावाका आँखामा पीडामात्र हैन, अन्योल पनि थियो । गुम्बा व्यवस्थापन समितिका अध्यक्ष दावा अझै कसलाई प्रमुख लामा बनाउने भन्ने अन्योलबाट मुक्त हुन सकेका छैनन् ।

२०६२, चैत २२ गते ७४ वर्षको उमेरमा लाक्पा खापा शेर्पाको निधनपछि कसैलाई उनको उत्तराधिकारी तोक्न सकिएको छैन । किनभने लाक्पा खापा शेर्पा जति सिद्धहस्त र प्रतिष्ठित लामा पूर्वी नेपालमै छैनन् । बौद्धमार्गी शेर्पाहरु उनलाई पूर्वी तराईका क्षेत्रकै सबैभन्दा श्रेष्ठ ज्ञाता, विद्वान् र अगुवा मान्छन् । खासगरी तीसको दशकतिर हिमालबाट तराई झर्न थालेका बौद्धमार्गी शेर्पालाई संगठित पार्न, बौद्ध धर्म र ज्ञानको प्रचार तथा आधुनीकरण गर्नमा उनको योगदान अतुलनीय ठान्छन् ।

यसबाहेक लाक्पा खापालाई फो ज्योङ (एक प्रकारको ध्यान, जसले मृतकको आत्मालाई ४९ दिनसम्म धर्ती र आकाशबीच राख्ने र मुक्ति दिने विश्वास बौद्ध धर्मावलम्बीको छ) गर्ने एकमात्र लामा मानिन्थ्यो । अध्यक्ष दावा सोलुखुम्बु वा काठमाडौंबाट कुनै लामा झिकाएर उनैलाई गुम्बा प्रमुखको पदवी सुम्पिने सुर कस्दै छन् । 'अब गुम्बा व्यवस्थापन समितिको बैठक बस्छ', दावा भन्छन्, 'यही बैठकले प्रमुख लामाको निधो गर्छ ।'

पूर्वी नेपालकै सबैभन्दा ठूलो मानिने यो गुम्बाले नयाँ प्रमुख लामा त पाउला, तर लाक्पा खापा नहुँदाको रिक्तता कहिल्यै नभरिने निर्क्योल नेपाल शेर्पा संघ, सुनसरीका अध्यक्ष ङावा लप्टु शेर्पाको छ । 'गुरु नभएको भए आज हामी पक्कै यति संगठित हुने थिएनौं', ङावा लप्टु भन्छन् । हुन पनि हो, लाक्पा खापाले सोलुखुम्बु र ताप्लेजुङजस्ता हिमाली जिल्लाबाट झरेका शेर्पालाई खोजी-खोजी बौद्ध धर्म र ज्ञानको बाटो देखाएका थिए । 'पहिले पहाडबाट कुनै शेर्पा तराई झर्नै हुन्थेन', ङावा लप्टु सम्झन्छन्, 'गुरु उनलाई भेट्न पुगिहाल्नु हुन्थ्यो ।'

यसैले आज पूर्वी तराईका प्रायः सबै जिल्लामा शेर्पा संघका शाखा विस्तार भएका छन्, तर तीसको दशकतिर तराईमा शेर्पा भेट्नै गाह्रो थियो । सोलुखुम्बुमा जन्मिएका लाक्पा खापा आफै पनि २०२५, मंसिरमा धरान आएका थिए । सुरुका दिनमा उनलाई यहाँ शेर्पा जातिलाई संगठित र बौद्ध धर्मको विस्तार गर्न निकै गाह्रो पर्‍यो । त्यति बेलाको पञ्चायती सरकारको रवैया उनको लागि अनुकूल थिएन ।

लामा लाक्पा खापाले २०२९ सालदेखि धरानमा हिमालयन महायान देछेन छ्योलिङ गुम्बा बनाउन सुरु गरे । आजजस्तो बौद्धमार्गीको बाहुल्य नरहेको र धर्म निरपेक्षताको बहसमा सरकारले पटक्कै रुचि नदेखाएको त्यो बेलाको कठिन अवस्थामा गुम्बा बनाउनु कम चुनौतीपूर्ण थिएन । प्रशासनमा गुम्बाको विधान दर्ता गर्न जाँदा लाक्पा खापा धेरैपल्ट निरास भए, तर उनले २०३२ सालमा गुम्बा निर्माण पूरा गरिछाडे । त्यसका लागि उनले दार्जीलिङ र कालिम्पोङसम्म पुगेर चन्दा उठाएका थिए ।

लाक्पा खापाले गुम्बालाई सामान्य गुम्बाभन्दा पनि बौद्ध ज्ञानको अध्ययन केन्द्रको रूपमा विकास गरे । सामान्यतया बौद्धमार्गीका लागि गुम्बा हिन्दुका मन्दिर वा मुस्लिमका मस्जिदजस्तै मात्र हो, तर लाक्पा खापाले गुम्बामा ८ वर्षे बौद्ध शिक्षाको पठनपाठन सुरु गरे । 'गुम्बामा लामा शिक्षाको पठन पाठन सञ्चालन गर्नु सजिलो छैन', लामा शिक्षक फ्युन्सोक शेर्पा भन्छन्, 'किनकि पढाएरमात्र हुँदैन, गुफा पनि राख्नुपर्छ ।'

गुम्बाले वार्षिक १५ देखि २० जना लामा उत्पादन गर्दै आएको छ । अहिले पनि १४ जना बालक, किशोर तथा युवक गुम्बामै रहेर लामा शिक्षा लिँदै छन् । बौद्ध ज्ञानका ९ यानमध्ये थेरवाद (श्रवक यान र प्रत्येक बुद्धयान) छाडेर बाँकी ७ यानको अध्ययन पूरा गरेका लाक्पा खापा लामा शिक्षालाई समय सापेक्ष बनाउँदै लैजानु पर्ने विचार राख्थे । 'गुरु आजको जमानामा लामा शिक्षा पढेरमात्र हुँदैन भन्नुहुन्थ्यो', फ्युन्सोक भन्छन् ।

यसैले लाक्पा खापाले २०६० सालदेखि गुम्बामा लामा पढिरहेका बालक तथा किशोरलाई अंग्रेजी र कम्प्युटर शिक्षा दिन थाले । उनले गुम्बामा अंग्रेजी र कम्प्युटर शिक्षा पढाउने छुट्टै २ शिक्षक नियुक्त गरे । परम्परागत लामा वेदलाई ज्ञानको सम्पूर्ण स्रोत ठान्ने समुदायलाई आधुनिक शिक्षाप्रति अग्रसर गराउनुलाई एक प्रकारको धार्मिक क्रान्ति नै मान्न सकिने फ्युन्सोकको धारणा छ । यसैले शेर्पा संघले प्रत्येक चैत २२ गते लाक्पा खापाको स्मृति दिवस मनाउने निर्णय गरेको छ ।

**■ ओमआस्था राई/धरान**




विजयी ताजकिस्तान टोली

# ताजकिस्तानलाई उपाधि

■ नवीन अर्याल/काठमाडौं (तस्वीर : एजेन्सी)

एसियाका 'सी' वर्गका राष्ट्र सहभागी एएफसी च्यालेन्जकप फुटबल प्रतियोगिताको पहिलो संस्करण ताजकिस्तानले जितेको छ। बंगलादेशमा दुई सातादेखि भइरहेको यो प्रतियोगितामा नेपाल, भारत, पाकिस्तान, बंगलादेश, श्रीलंका, भुटान र अफगानिस्तान गरी १६ राष्ट्र सहभागी थिए। ताजकिस्तानले फाइनलमा श्रीलंकालाई ४-० ले पराजित गर्दै यो वर्षदेखि सुरु भएको एएफसी च्यालेन्जकप प्रतियोगिता जितेको हो। फिफा वरीयताको १ सय ४१ स्थानमा रहेको ताजकिस्तानको रेजर ताडाज क्लबले गत वर्ष काठमाडौंमा भएको एएफसी प्रेसिडेन्टकपको उपाधि पनि चुमेको थियो।

ताजकिस्तानले समूहगत खेलमा किर्गिस्तानसँग १-० गोलको पराजय भोगेदेखि सबै खेलमा विजय हात पार्‍यो। ताजकिस्तान समूह 'डी'मा सहभागी रहँदै छिमेकी किर्गिस्तान, पाकिस्तान र मकाउसँग भिडेको थियो। यो टोलीले मकाउलाई ४-० र पाकिस्तानलाई २-० ले पराजित गरेको थियो। समूहगत खेलमै किर्गिस्तान १-० गोलअन्तरले पाकिस्तानसँग पराजित भएको स्थितिको फाइदा उठाउँदै ताजकिस्तान समूह विजेता हुँदै क्वाटरफाइनलमा प्रवेश गरेको थियो। ताजकिस्तानले क्वाटरफाइनलमा आयोजक बंगलादेशलाई ६-१ गोलअन्तरले पराजित गर्दै उपाधिमा आफ्नो बलियो सम्भावना देखाएको थियो। बंगलादेश समूह 'सी'मा उपविजेता हुँदै क्वाटरफाइनलमा प्रवेश पाएको थियो।

ताजकिस्तानले सेमिफाइनलमा लिगचरणमा कीर्गिस्तानको युवा टोलीसँग भोगेको पराजयको बदला लियो र फाइनलको यात्रा तय गर्‍यो। सेमिफाइनलमा युसुफ राबिइभको २ गोलको सहयोगले ताजकिस्तानले २-० ले खेल आफ्नो पक्षमा राखेको थियो। नेपाललाई सेमिफाइनलमा ५-३ गोलअन्तरले टाइ-ब्रेकरमा पराजित गरेर दक्षिण एसियाली राष्ट्रको रूपमा यो प्रतियोगिताको फाइनलमा प्रवेश पाउने सौभाग्य प्राप्त गरेको श्रीलंका फाइनलमा निकै कमजोर देखिएको थियो।



हाइ स्कोरर प्यालेस्टाइनका अत्तल ▸

यो प्रतियोगिताको समूह 'ए'मा विजेता र उपविजेता हुँदै भारत र चिनियाँ ताइपेई क्वाटरफाइनलमा पुगेका थिए भने समूह 'बी'मा श्रीलंका विजेता र नेपाल उपविजेता हुँदै दोस्रो चरणमा प्रवेश गरेको थियो। समूह 'सी'बाट प्यालेस्टाइन विजेता र बंगलादेश उपविजेताको रूपमा क्वाटरफाइनल प्रवेश गरेको थियो। समूह 'डी'बाट भने छिमेकी ताजकिस्तान र कीर्गिस्तानले अन्तिम आठमा प्रवेश पाएका थिए।

क्वाटरफाइनलमा नेपालले १३ वर्षपछि भारतलाई ३-० गोलले पराजित गर्दै सेमिफाइनल र श्रीलंकाले ३-० गोलले नै चिनियाँ ताइपेईलाई पराजित गर्दै सेमिफाइनलसम्मको यात्रा तय गरेको थियो। यस्तै, किर्गिस्तानले प्यालेस्टाइनलाई १-० गोलले पराजित गर्दै सेमिफाइनलको यात्रा तय गरेको थियो।



उत्कृष्ट खेलाडी इब्रागुइम राबिमोभ



प्रतियोगितामा उत्पकृष्ट गोलरक्षक बनेका रुपक श्रेष्ठ

तस्बीरहरू : तेज बस्नेत

# युथ-१७ लाई सफलता

**पछिल्लो समय** अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपाली राष्ट्रिय फुटबल टोलीको प्रदर्शन उपलब्धिमूलक बन्न नसकिरहेका बेला युथ टोलीले भने नेपाली फुटबलको इज्जत धान्दै आइरहेको छ, विदेशी भूमिमा । यसलाई निरन्तरता दिने क्रममा नेपाली युथ-१७ राष्ट्रिय फुटबल टोलीले विदेशी भूमिमा अर्को महत्त्वपूर्ण उपाधि जितेको छ ।

नेपाली युथ टोलीले सिक्किमको गान्तोक सहरमा भएको पहिलो मिनी सार्क प्रमोसनल युथ-१९ फुटबल प्रतियोगिता जितेको छ । युथ-१९ भनिए पनि यो प्रतियोगितामा भाग लिन नेपालले आफ्नो युथ-१७ टोलीलाई त्यहाँ पठाएको थियो । नेपालले फाइनलमा सिक्किमकै स्थानीय सेट स्पोर्ट्स एकेडेमीलाई सडेन डेथको आधारमा ५-४ गोलअन्तरले हराएको थियो । फाइनलको निर्धारित समयको खेल गोलरहित बराबरीमा टुंगिएको थियो ।

'यो प्रतियोगिता युथ च्याम्पियनसिपको तयारीका लागि सहयोगी सावित हुनेछ । यसले खेलाडीमा आत्मविश्वास जागेको छ', युथ टोलीका प्रशिक्षक राजु शाक्य भन्छन् । शाक्यको प्रशिक्षकत्वमा नेपाली युथ-१७ टोली यसै वर्ष सेप्टेम्बरमा सिंगापुरमा हुन लागेको एएफसी युथ-१७ च्याम्पियनसिपमा सहभागी हुँदै छ । यो टोली गत मंसिरमा काठमाडौंमा भएको एएफसी युथ-१७ च्याम्पियनसिपको छनोट खेलमा किर्गिस्तानलाई २-१ र उज्वेकिस्तानलाई २-० गोलअन्तरले हराउँदै फाइनल चरणका लागि छनोट भएको थियो ।

गत वर्ष भारतको नयाँ दिल्लीमा भएको प्रतिष्ठित सुब्रतो मुखर्जीकप फुटबल प्रतियोगिताको उपाधि पनि यही टोलीले जितेको थियो । यो टोली हाल एएफसी युथ च्यापियनसिपको तयारीमा छ । 'आफूभन्दा परिपक्व टिमसँग खेलेर उपलब्धि चुम्नुमा बेग्लै मजा छ, तर हामीले यो प्रतियोगितालाई तयारीका रूपमा लिएका थियौं', प्रतियोगिताको उत्कृष्ट गोलरक्षक छानिएका रूपक श्रेष्ठ भन्छन् ।

सिक्किम सरकारले गान्तोकस्थित पल्जोर रंगशालामा आयोजना गरेको यो प्रतियोगितामा दार्जीलिङको कञ्चनजंघा फुटबल एकेडेमी, पञ्जावको मणिपुर फुटबल एकेडेमी र मोहन बगान सहभागी थिए । यस्तै, भुटान पुलिस, मुस्लिम इन्स्टिच्युट फुटबल एकेडेमी (मोहम्मडन) कोलकोता, सेट स्पोर्ट्स एकेडेमी सिक्किम र दिल्ली देव अथोरेटी फुटबल एकेडेमी सहभागी थिए । नेपाली युथ-१७ टोलीले समूहगत खेलमा मोहन बगानको युथ-१९ टोलीलाई गोलरहित बराबरीमा रोकेको थियो । अर्को खेलमा दार्जीलिङको कञ्चनजंघालाई ७-० र पञ्जावको मणिपुर एकेडेमीलाई २-० ले हराउँदै सेमिफाइनको यात्रा पक्का गरेको थियो । सेमिफाइनलमा मोहम्मडन क्लबलाई १-० गोलले हराउँदै फाइनलमा पुगेको थियो ।

यसै वर्ष एएफसी युथ-१७ च्याम्पियनसिपमा सहभागी हुन लागेको नेपाल प्रतियोगिताको समूह 'ए'मा रहेको छ । यो समूहमा नेपाली युवा टोली जापान, दक्षिण कोरिया र सिंगापुरको युवा टोलीसँग भिड्नु पर्नेछ । ■




उपाधि विजेता नेपाली युथ-१७ टोली (फाइल फोटो)

यो प्रतियोगितामा प्यालेस्टाइनका फहेद अत्तलले ग्वामविरुद्ध दोहोरो ह्याट्रिक गरे । उनले प्रतियोगितामै सर्वाधिक ८ गोल गरे । यस्तै, नेपालका प्रदीप महर्जन ५ गोल गर्दै सर्वाधिक गोलकर्ताको सूचीमा दोस्रो स्थानमा रहे । ताजकिस्तानका युसुफ राबिइभले ४ गोल गरे र उनी सर्वाधिक गोलकर्ताको तेस्रो स्थानमा रहे । यो प्रतियोगितामा नेपालका वसन्त थापा र टासी छिरिङले २/२ गोल गरे । यस्तै, नवीन न्यौपाने र अञ्जन केसीले १/१ गोल गरे । यो प्रतियोगिताको फेयर प्लेको उपाधि श्रीलंकाले चुम्यो । सर्वाधिक गोलकर्ता प्यालेस्टाइनका अत्तल नै भए । उत्कृष्ट खेलाडीको उपाधि भने ताजकिस्तानका मिडफिल्डर इब्रागुइम राबिमोभले जिते । उनले यो प्रतियोगिता अवधिभर २ गोल गरेका थिए ।

## एसियाली राष्ट्रको वर्गीकरण

एसियामा फुटबल खेल्ने ४६ राष्ट्रको वर्गीकरण एसियाली फुटबल महासंघले गरेको छ । अस्ट्रेलियालाई छोडेर अरू राष्ट्रबीच गरिएको वर्गीकरणमा जापानजस्ता विश्वकप प्रतियोगितामा भिडिसकेका १४ राष्ट्र 'क' वर्गमा परेका छन् । भारत, माल्दिभ्स र बंगलादेश गरी तीन दक्षिण एसियाली राष्ट्र 'ख' वर्गमा परेका छन्, नेपाल भने 'ग' वर्गमा परेको छ । अतिविकसित संघको रूपमा 'क' वर्गमा राखिएको जापानसँगै चीन, इन्डोनेसिया, बहराइन, इरान, इराक, कुवेत, कतार, साउदी अरेबिया, दक्षिण कोरिया, थाइल्यान्ड, संयुक्त अरब इमिरेट्स (युएई), उज्बेकिस्तान र भियतनाम रहेका छन् ।

विकासशील संघको रूपमा 'ख' वर्गमा पनि १४ राष्ट्र छुट्याइएको छ । यी देशमा हङकङ, जोर्डन, लेबनान, मलेसिया, म्यान्मा, उत्तर कोरिया, ओमान, सिंगापुर, सिरिया, तुर्किमेनिस्तान, यमन, बंगलादेश, भारत र माल्दिभ्स छन् । उदीयमान संघहरुको रूपमा 'ग' वर्गमा १७ राष्ट्र समावेश गरिएको छ, जसमा दक्षिण एसियाबाट नेपाल, भुटान, पाकिस्तान, श्रीलंका र अफगानिस्तान रहेका छन् । यस्तै, ब्रुनाई, कम्बोडिया, चिनियाँ ताइपेई, पूर्वी टिमोर, ग्वाम, किर्गिस्तान, लाओस, मकाउ, मंगोलिया, प्यालेस्टाइन, फिलिपिन्स र ताजकिस्तान रहेका छन् । ■




# युगपुरुषहरूका गाथा

**मानव जीवन जटिल** र समस्याग्रस्त बन्दै गएको छ। संसार भौतिक उन्नतिको शिखरमा पुगे पनि अधिकांश मानिस तनावग्रस्त जीवन बाँच्न बाध्य छन्। मानवमा प्रेम, करुणा, शान्ति, सदाचारको साटो हत्या, हिंसा र अपराधका शृंखला बढिरहेका छन्। मानिसले दिनरात शान्तिको रट लगाए पनि किन संसार अशान्त छ ? मानिसमा रहेको अविवेक, अहंकार, दम्भ, संवेदनहीनता, विलासिता र लोभ यसका कारक हुन्। समाजमा देखिएका समस्याको विश्लेषण गर्दै त्यसलाई सुल्झाउने उपायसमेत समावेश गरी ओशो तपोवनका प्रमुख स्वामी आनन्द अरुणको 'सन्त दर्शन' पुस्तक सार्वजनिक भएको छ। जीवन र जगत्का सम्बन्धमा विभिन्न समयका युगपुरुषका धारणा र विश्लेषणयुक्त ६१ थान लेख छन् कितावमा।

मानिसले इच्छा र आवश्यकता बुझ्न नसक्दा समस्याको भुमरीमा फसेको हो। स्वामीले मानिसको मनमा आउने असीमित इच्छालाई 'नभेटिने क्षितिज'का रूपमा व्याख्या गरेका छन्। स्वामी लेख्छन्, 'आवश्यकता वर्तमानमुखी र इच्छा भविष्यमुखी हो, यो खुट्याउन नसक्दा मानिस तनावमा बाँचेका छन्।' स्वामीका अनुसार संसारको मुख्य समस्या गरिबी नभई अविवेक, हिंसा, दमन, अहंकार, संवेदनहीनता, अनियन्त्रित विलासिता र लोभ हो। हरेक महापुरुषले आफ्नो वैचारिक आदर्शलाई नै अन्तिम सत्य मानेका छन्। हुन पनि सापेक्षमा हेर्दा हरेक महान् व्यक्तित्वले अघि सारेका कुरा सही नै लाग्छन्, तर निरपेक्षरूपमा सत्य एउटै मात्र हुन्छ। स्वामी अरुणले मार्क्स, बुद्ध र फ्रायडका दार्शनिक पक्ष खोतल्दै दुःख निवारणका लागि उनीहरूले अघि सारेका कुरा लेखाजोखा गरेका छन्। सामाजिक शोषण अन्त्यको लागि अध्यात्म र भौतिकवादबीच सन्तुलितरूपमा समन्वय हुनुपर्ने उनको विचार छ। उनी लेख्छन्, 'अहिले नयाँ चिन्तनको आवश्यता छ। त्यसमा मार्क्स, फ्रायड र बुद्ध तीनैको दर्शनको समिश्रण होस्। सामन्तवादी चिन्तन र व्यवहारले हजारौं वर्षदेखि मनुष्यको असीमित शोषण गरेको छ। त्यसकारण सामाजिक शोषणको अन्त्य हुनु पर्छ।' रामकृष्ण, विवेकानन्द, जे. कृष्णमूर्ति, योगानन्द, अरविन्द, रमण महर्षि, शिवपुरी बाबा, कवीर, गुरु नानकलगायत शिखर पुरुष र उनीहरूका विचारको चर्चा गरिएको छ ।

'इतिहासले बिर्सेको नाम- यशोधरा' लेखमा कतै चर्चा नभएको बुद्धकी धर्मपत्नी यशोधराको आध्यात्मिक व्यक्तित्वबारे प्रकाश पारिएको छ। बुद्धलाई निर्वाणको लागि उत्प्रेरक भूमिका खेल्ने यशोधराको व्यक्तित्वको खोजबिन गरेर स्वामीले ठूलो न्याय गरेका छन्। स्वामीले यशोधराको प्रसंग चर्चामा ल्याएपछि कालीप्रसाद रिजालले त 'यशोधरा' काव्य सिर्जेका छन्। वैज्ञानिक आइन्स्टाइनलाई एउटा रहस्यदर्शी व्यक्तित्वका रूपमा चित्रण गर्दै उनमा रहेको आध्यात्मिक चेतको उद्घाटन गरेका छन्।

शाकाहारी भोजनसम्बन्धी लेखले मानिसको जीवनशैलीमै परिवर्तन ल्याउन महत्त्वपूर्ण भूमिका खेल्ने निश्चित छ। साथै ऋषिकेश, हरिद्वार, काशीलगायत विभिन्न तीर्थस्थलसँग सम्बन्धित लेख पनि पठनीय छन्। समग्रमा भन्नुपर्दा आध्यात्मिक प्रसंग र घटनाक्रमलाई समयसापेक्ष प्रस्तुत गर्न सक्ने स्वामीको खुबीले गर्दा किताब पठनीय छ।

■ **छत्र कार्की**




# वनस्पतिशास्त्रीको अन्तर्कथा

**रोनास्टका पूर्व** उपकुलपति प्राध्यापक डा. दयानन्द वज्राचार्यको आत्मकथा 'वैज्ञानिक गोरेटोमा' हालै प्रकाशनमा आएको छ। प्रयोगशालामा काम गर्न रुचाउने वनस्पतिशास्त्री वैज्ञानिकको आत्मकथा आफैमा रोचक छ। उनको ६ दशक लामो जीवनयात्रा, अध्ययन, अनुसन्धानप्रतिको लगाव, मेहनत हन्डर अनि उकाली ओराली र पारिवारिक अन्तर्कथा किताबमा आएको छ।

वर्षौंदेखि राजनीतिक गतिरोधमा रुमल्लिएको नेपाली समाजका लागि एउटा वैज्ञानिकको आत्मकथाले पाठकमाझ महत्त्व नपाउन सक्छ, तर 'वैज्ञानिक गोरेटोमा हिँड्ने भावी पिँढीका युवामा समर्पित' वज्राचार्यको पुस्तक अध्ययन अनुसन्धानमा रुचि राख्नेहरूका लागि प्रेरणादायी सामग्री बन्ने निश्चित छ।

१२ वर्षको उमेरमा एसएलसी उत्तीर्ण गरेका वज्राचार्यले भारतको गोरखपुरबाट एमएस्सी र जर्मनीबाट विद्यावारिधि गरेर शैक्षिक योग्यता मात्र लिएका रहेनछन् भन्ने पुस्तकबाट थाहा हुन्छ। त्रिभुवन विश्वविद्यालयको वनस्पतिशास्त्र विभागको प्रमुख पदीय जिम्मेवारी हुँदै त्रिविको रेक्टर अनि रोनास्टको उपकुलपतिसम्मको यात्रामा उनले नेपालको वैज्ञानिक फाँटमा ठूलो योगदान गरेका छन्, उनको आत्मकथा तिनै कामको फेहरिस्त हो। प्राज्ञहरूको काम कक्षा लिनुबाहेक अध्ययन अनुसन्धान पनि उत्तिकै महत्त्वपूर्ण पक्ष हो भन्ने आत्मसात गरेका उनी त्यही पद्धति नेपालमा पनि बसाल्नु पर्छ भनेर लागी परेका छन्। पुस्तकको मूल आत्मा भनेकै विज्ञान अध्ययन गर्नेहरूले किताब पढेर मात्र पुग्दैन, थप अनुसन्धान गर्नु पर्छ भन्नु नै हो।

कसैलाई चोट नपुऱ्याउने उद्देश्यबाट लेखिएको आत्मकथा एउटा वैज्ञानिकले लामो समयसम्मको अनुसन्धानपछि सार्वजनिक गरेको आविष्कारजस्तै छ। छरपस्ट पारेर भए पनि नेपालमा वैज्ञानिक विकासका समस्या र समाधानका उपाय के के हुन् भनी औंल्याउने काम गरेका छन् वज्राचार्यले।

नेपालको राजनीतिक उतारचढावको पछिल्लो कालखण्डमा लगातार आठ वर्ष रोनास्टको उपकुलपति रहँदा दयानन्दले भोगेको राजनीतिलाई उनले उतारेका छन्, कुनै टिप्पणीविना। भूगर्भशास्त्री एवं साहित्यकार डा. खुमनारायण पौडेलले सम्पादन गरेकाले हुन सक्छ पुस्तक पठनीय छ। लेखनशैली साहित्यिक छ। वैज्ञानिकको आत्मकथामा उल्लेख्य मात्रामा अनुसन्धानको चर्चा गरिए पनि पढ्दा कतै अल्झनु पर्दैन।

■ **विश्वमणि पोखरेल**



# एक दन्त्य कथा



■ विक्रम सुब्बा

सुनाउने पालो आयो आमाको
र, सुनाउन थाल्नु भयो दन्त्य कथा-
उहिल्यै दरबारमा एउटा बच्चो जन्मियो'रे
उमेर खाँदै जाँदा ऊ दगुरि हिँड्ने भयो'रे
खानपिन र स्याहार पुगेकोले
बच्चो औधी फूर्तिलो र रहरलाग्दो थियो'रे
एउटा चित्रकारले बच्चो देखेपछि बिर्सनै सकेन
तसर्थ, उसले बच्चोको दुरुस्तै चित्र बनायो'रे
र दंग परेर, राख्यो'रे शीर्षक- 'देवता !'

कालान्तरमा त्यो नाबालक 'देवता'
छातीभरि अनेक महत्वाकांक्षाहरूसँगै छिप्पियो
जतिजति आकांक्षाहरू झाँगिदै गए 'देवत्व' घट्दै गएछ
र, एकदिन सम्पूर्ण देवत्व त्यागेर ऊ राजा भएछ

ताहाँ उप्रान्त राजाले
कहलिएका सामन्तहरूलाई आफ्ना भारदार बनायो'रे
गाउँ ठाउँका परपीडकहरूलाई प्रशासनमा नियुक्त गऱ्यो'रे
थुप्रै सेना र हातहतियार जोडेर उसले दसतिर युद्ध थाल्यो'रे
एकबारको जुनी पाएका मानिसहरू लाखौं मारिए
रगतको खोला बग्यो
अनेक स्वतन्त्र राज्यका अनुहारहरू बगेर विलय भए
युद्धहरू जितेपछि त्यो राजा बन्यो रे - महाराजा !

यी सबै इतिहास हेर्दै पाको भएको उही चित्रकारले
महाराजको रंगीन चित्र बनाउँदा क्यानभासमा
मानिसजस्तो लाग्ने तर, भद्दा तस्वीर उत्रेछ
र, चित्रकारले राखिदियो रे शीर्षक - 'दैंत्य !'

कथाको अन्तिम अध्याय पनि आमाले सुनाउनु भयो-
परन्तुमा 'देवता' र 'दैत्य' का चित्रहरू सँगसँगै टाँगिए'रे
र, प्रदर्शनीमा लाखौंले ती दुई चित्रलाई गजबले हेरे'रे
आफ्नो तस्वीरको शीर्षकले महाराजलाई रातभरि निंद्रै लागेनछ
'शीर्षक अपराध'मा चित्रकारलाई जेलमा कोचेछन्
आफूले बनाएका चित्रहरूको विचित्र शक्तिको सम्झना गर्दै
जेलमै एकदिन चित्रकार मऱ्यो'रे
तर, ती दुई चित्रले भनेको कथा कण्ठ भएर
चित्र हेर्ने लाखौं मानिसको मन-मस्तिष्कमा बसेछ

त्यसपछि-
त्यो कथा बा-आमाहरूले छोरा-छोरीहरूलाई,
र, छोरा-छोरीहरूले-
फेरि उनका छोरा-छोरीहरूलाई सुनाउँदा सुनाउँदै ल्याउँदा
एक दिन मेरै आमाको पनि पालो आयो
आमा बितेर गइसकेपछि अब मेरो पालो आएको छ-
'दैत्य'हरूबाट मानिसलाई मुक्त गर्ने भए
यो कथा धेरैलाई सुनाउनुपर्छ
जस्तो कि तपाईंलाई म यो कविता सुनाउँदैछु ।
एक पुरानो कथा/मिथमा आधारित ■

# सर्पको खुट्टा



■ रमेश श्रेष्ठ

एउटा
महासामन्तले बनाएको बाटोमा
हिँडिरहेछ बेसुरा
हाम्रा खुट्टाहरू
सुनको पाउजु लगाउने
उत्कट स्वप्न लिप्सा बोकेर

मैले भनेको छैन
कुनै रक्तपर्व र त्यसको चिच्याहटको
लिप स्टिक देऊ,
मैले खोजेको छैन
एउटा आतंक जस्तो
कुनै नयाँ सहिदहरूको नामको सूची
मागेको छैन मैले तिमीसँग
बलिदानको खिया लागेको
सालिक र मुद्राको वासना,
मैले सिर्फ मागेको छु आगो
ज्यादै अँध्यारो खसेको छ बस्तीमा
त्यसलाई चिर्न मागेको छु आगो
मुक्तिजस्तो आगो,

मैले भनेको छैन
ओठ, मुख र तालु सुकेको
एउटा खुंखार खडेरी देऊ
मैले खोजेको पनि छैन
बेचिएको नदीको अस्तित्व र तिनका
योनि र स्तनमा लागेका चोटका गीतहरूको एल्बम
मागेको छैन मैले तिमीसँग
माटो र तिनको हृदयमा लागेको
असाधारण घाउको वीउको मुस्कान,
मैले सिर्फ आवाज मागेको हुँ आवाज
ज्यादै निदाएका छन् बस्तीमा
मान्छेका आकारहरू
तिनीहरूलाई ब्यूँझाउन आवाज मागेको छु
प्राप्ति जस्तो आवाज

एउटा
महासामन्तले बनाएको बाटोमा
हिँडिरहेछ बेसुरा
सुनका पाउजु लगाउने
उत्कट स्वप्न लिप्सामा हाम्रा खुट्टाहरू
सोच्छु ज्यादै अगाडि पुग्छु
हेर्छु, पुन: फर्केर हेर्छु
सर्पको खुट्टा हेर्न
सर्वत्र नुगिरहेका छन् टाउकाहरू ■

# आमालाई प्रत्युत्तर

■ भोजराज न्यौपाने



*'आमा त्यो आउँछ र ?*
*हो,बा, त्यो आउँछ ।'*
**–गोपालप्रसाद रिमाल**
आमा, धेरै वर्षअघि
मैले सोधेको थिएँ
त्यो आउने कुरा तपाईले नै
मलाई सुनाउनु भएको थियो
तर त्यो आउँदै आएन ।
त्यसैले आवाज भएर पनि
आवाजहीन बन्नु पऱ्यो ।
शक्ति भएर पनि
शक्तिहीन बन्नु पऱ्यो ।
आमा, हामी घरिघरि
माखेसाङ्लोमा बाँधिदा बाँधिदै
कसिँदा कसिँदै
पशुसरह बन्न पुग्यौं ।
कसैको आदेशमा
खोरभित्रको स्वतन्त्रतामाथि
गर्व गर्न पुग्यौं ।
बेरिएको साङ्लोमा
स्वाभिमानको सुन्दर सपना देख्यौं ।

तर, अब यस्तो हुनेछैन
त्यो आउँदै छ
त्यो भोलिको सुन्दर
बिहान बनेर आउँदै छ ।
सूर्य र चन्द्रको
तेज बनेर आउँदै छ ।
सयौंको छातीमा हानिएको
गोलीको मूल्य खोज्दै आउँदै छ ।
हजारौंको टाउकोबाट
बगिरहेको रगत बनेर आउँदै छ ।
गाउँ, सहर र बस्ती बस्तीमा
रामेश र रायनको
गीत बनेर आउँदै छ ।
श्रवण र अर्जुनको
कविता बनेर आउँदै छ ।
पहाडी, निष्ठुरी र थापाको
आवाज लिएर आउँदै छ ।
हो आमा, त्यो आउँदै छ
त्यो अढाई करोड नेपालीको
गर्जन बनेर आउँदै छ ।
गाउँ गाउँबाट
बम र बन्दुक मिल्काउँदै
सुन्दर देश निर्माणको
अभियान लिएर आउँदै छ ।
त्यो हावा बनेर आउँदै छ
त्यो पानी बनेर आउँदै छ
हरेक समय हाम्रो जीवनको
अभिन्न अंग बनेर आउँदै छ ।

# घोडा

■ मनु मञ्जिल



१
हावालाई पछाडि छाडेर दगुर्ने
एउटा बलवान् घोडा हेर्छु
र सोच्छु -
यो मेरो इच्छाजस्तै छ
जो सधैं उफ्री हिँड्छ
तर कहिल्यै जून छुँदैन ।

२
घोडाको सोच
यसरी कुटेर दास बनाइएको छ,
यसरी लास बनाइएको छ
कि ऊ मुक्ति नै लगामसहितको खोज्छ,
स्वर्ग नै तबेलासहितको खोज्छ । ■

# तानाशाहको डर



■ नारायण ढकाल



सहरको माझमा उभिएको
तानाशाहको सालिक
जुनसुकै बेला पनि
डराइरहन्छ

उसको सुरक्षार्थ
पूरै सहरमा
लगातार कर्फ्यु लगाइएको छ र
हरदम तैनाथ छन्
बन्दुकधारी सिपाहीहरू
शान्ति सुरक्षा बिग्रन नदिन
त्यता आउने मानिसलाई मात्र होइन
किरा फट्यांग्रालाई समेत
तत्काल गोली ठोक्ने आदेश दिइएको छ
तैपनि फिटिक्कै
घटेको छैन तानाशाहको डर

म प्रत्येक दिन
केही बेर कर्फ्यु खुलेको मौका पारेर
तरकारी किन्न बजारतिर जान्छु
र सालिकको छेउबाट गुज्रिन्छु
देख्छु :
डरको पसिनाले निथ्रुक्क भिजेर
खुइलिँदै गएको
उसको शरीरको फुस्रो रंग
आफ्नो परमप्रतापी
उत्तराधिकारी तानाशाहको
शक्तिशाली राज्यमा पनि

किन यसरी डराइरहेको छ ऊ ?
के कसैले भित्रभित्रै योजना बनाइरहेको छ
उसलाई भत्काउन ?
अथवा उसले भर्खरै सुराक पाएको छ
हाम्रो समयको
कुनै प्रतिबद्ध मानिस
कुनै समय
चिहानमा गाडेको
विद्रोहको इतिहासलाई
उधिनेर
निषेधाज्ञा जारी गरिएको
रक्तरंजित सडकमा ल्याउन
भगीरथ प्रयत्न गर्दै छ ?

चोकमा ठड्याइएको
तानाशाहको सालिक
जुनसुकै बेला पनि
डराइरहन्छ
मानौं अबदेखि
डर र तानाशाह भनेका
नयाँ व्याकरणका
पर्यायवाची शब्द हुन् । ■



हाम्रो शासन सँधै भरिलाई : लोकगायक बद्री पँगेनी लोकतन्त्रको आन्दोलनका क्रममा सडक सडकमा गाउँदै हिँडेका छन्

भास्वर ओझा

# विचार मार्न सक्दैन गोलीले

■ छत्र कार्की/काठमाडौं

**जित उसको निश्चित छ**
**जसको लड्ने साहस छ**
**शिखरमा उही पुग्छ**
**जसले चढ्ने साहस गर्छ**

**हो, साँच्चिकै** जनगायक रामेशको गीतले भनेझैं स्वतन्त्रता प्राप्तिको लडाइँमा आखिर जनताको जित भएरै छाड्छ। आफूलाई महान् ठान्ने संसारका तानाशाहले जनताका अगाडि घुँडा टेकेको इतिहास साक्षी छ, शाही निरंकुश सत्ता अब धेरै दिन टिक्दैन। गाउँ गाउँबाट उठ..., रक्तक्रान्तिको ज्वालामुखीमा... लगायत सयौं गीत गाएर हिँडेका रामेश अहिले पनि थाकेका छैनन्, स्वतन्त्रता, न्याय र जनअधिकारको पक्षमा गाइरहेका छन्। उनले पंचायतीकालमा पनि गाएका थिए, आज पनि उस्तै रूपमा गाइरहेका छन्। शाहीसत्ताले माघ १९ देखि जनअधिकार खोसेपछि धेरै कलाकार मौन बसे, केहीले सत्ताकै पक्षपोषण हुने गरी समर्थनसमेत गरे। शाही कदमपछि कृष्ण पहाडीलगायत नागरिक समाजका अगुवाहरूको पहलबाट मात्रै शान्तिपूर्ण जनआन्दोलनको भ्रूण विकास भयो सुरुमा। आन्दोलनलाई ऊर्जा दिन रामेश, रायनदेखि लिएर रामकृष्ण दुवाल, बालगायक रुविन गन्धर्वले कम्ती दिलोज्यान दिएनन् ती दिनमा। केही महिनाअघिसम्म लोकतन्त्रको पक्षमा खुलेर आउने गायक-कलाकारको संख्या थौरै थियो। त्यस बेला सुनील पोखरेल, नवीन सुब्बा, देशभक्त खनाल, केपी पाठक, श्याम सापकोटा, मनोज गजुरेललगायत सीमित कलाकर्मी खुलेर आएका थिए शाही कदमको विरोधमा। जनआन्दोलनको पारो चढ्दै जाँदा कलाकारको ठूलो पंक्ति लोकतन्त्रको पक्षमा उभिएको छ। गायक रामेश भन्छन्, 'यो एकदमै सकारात्मक कुरा हो, लोकतन्त्रका प्राप्तिका निम्ति अझै व्यापकरूपमा कलाकार उत्रनु पर्छ।'

अहिलेको युग स्वतन्त्रता, समानता र लोकतन्त्रको युग हो। यो कुरा आममानिसले बुझेका छन्। लोकतन्त्र रोक्न खोज्नु हत्केलाले सूर्य ढाक्न खोजेजस्तै हो। यो कसैले रोकेर रोक्दैमा नरोकिने प्रस्ट छ। आन्दोलनमय भएको अहिलेको माहोलमा लोकगायक पनि मायाप्रीतिका गीत छाडेर आन्दोलनका गीत गाइरहेका छन्। गायक बद्री पंगेनी आफ्ना सबै काम थाती राखेर लोकतान्त्रिक आन्दोलनमा लागेको बताउँछन्। मुलुकमा लोकतन्त्र नआएसम्म आन्दोलनबाट विश्राम नलिने जनाउँदै भन्छन्, 'म कुनै दलको होइन, जनताको गायक हुँ, अहिले लोकतन्त्र आमजनताको माग भएकोले सडकमा आएको हुँ।' हिजोसम्म अरूलाई मनोरञ्जन दिनका लागि गाउने दोहोरी गायक पंगेनी सडकआन्दोलनमा लोकतान्त्रिक लोकगीतमा भाका भरिरहेका छन्। उनी गीतबाटै नेतालाई खबरदारी गर्छन्, कुर्सीको लागि राजासँग सम्झौता नगर्न। शान्तिपूर्ण आन्दोलनले विजययात्रा पूरा गर्नेमा निश्चिन्त छन् पंगेनी। शान्तिपूर्ण आन्दोलनमा उत्रिएका जनतामाथि बन्दुकको भरमा बर्बर दमन गर्ने शाही सत्तालाई यस्तो चुनौती दिन्छन् उनी-

**शान्ति ल्याउँछ जनताकै बोलीले**
**विचार मार्न सक्दैन गोलीले**
**वनको काफल वनकै चरीलाई**
**तेरो शासन दुई दिनको भए नि**
**हाम्रो शासन सधैंभरिलाई...**

शाही कदमको सुरुका दिनमा मौन बसेका महजोडी जब लोकतान्त्रिक आन्दोलनमा समर्थनमा खुलेर आए, कलाकारको सहभागिता पनि ह्वात्तै बढ्यो। गत चैत ३० गते गुरुकुलमा महले 'पञ्चायतको श्राद्ध' प्रहसन देखाएपछि कलाकारमाथि प्रहरीले बर्बर दमन गर्‍यो। त्यसपछि झनै आन्दोलित भए कलाकारहरू। उक्त दिन कलाकार निखिल उप्रेतीले गुरुकुलमा अभिव्यक्त गरेको विचारले तरंग नै सिर्जना गर्‍यो, चलचित्र क्षेत्रमा। कलाकारको वास्तविक कित्ता लोकतन्त्र नै हो भन्ने स्पष्ट भयो। अहिले निर्देशक, निर्माता, नायक, नायिका, गायक, गायिका, हास्यव्यंग्यकारको ठूलो जमात लोकतन्त्रको पक्षमा छ। केही कलाकर्मी भने अझै पनि अमूर्तरूपमा संवाद र मेलमिलापको कुरा गरेर प्रतिगमनलाई अप्रत्यक्ष सघाइरहेका छन्। तर, धेरै कलाकर्मी आ-आफ्ना काम थाती राखेर बिहानदेखि साँझसम्म लोकतान्त्रिक आन्दोलनमा होमिएका छन्। महजोडी पनि महचौतारीको सुटिङ नै

रोकेर आन्दोलनमा सक्रिय छन् । मदनकृष्ण श्रेष्ठ भन्छन्, 'अहिले हाम्रा लागि महचौतारीको सुटिङभन्दा लोकतान्त्रिक आन्दोलन महत्त्वपूर्ण हो ।' चैत २४ देखि सुरु भएको लोकतान्त्रिक आन्दोलनका घाइतेका निम्ति सबैभन्दा पहिला १ लाख रुपैयाँको थैलीबाट महजोडीले सुरु गरेको सहायता कोषमा अहिलेसम्म करोड रुपैयाँ जम्मा भएको छ, मुलुकभित्र र बाहिरबाट समेत गरी । अहिले महजोडी घाइतेहरूको उपचारको व्यवस्था मिलाउन अहोरात्र खटिरहेका छन् । मदनकृष्ण भन्छन्, 'अहिले अस्पतालमा घाइते भएकाहरूको अंगभंग भएको छ, तैपनि उनीहरू अलिकति चिन्तित र दुःखी छैनन् । आफ्नो पीडाभन्दा लोकतन्त्रलाई महत्त्व दिएर प्रतिबद्धता जनाइरहेका छन् ।'

लोकतान्त्रिक चलचित्रकर्मी संघका सदस्य केपी पाठक भन्छन्, 'अझै पनि धेरै कलाकार लोकतन्त्रको पक्षमा नआई तटस्थ बसेका छन् ।' नायक निखिल उप्रेती, नायिका विपना थापाबाहेक अरू कलाकार अझै तटस्थ बसेर निरंकुशतन्त्रलाई नै सहयोग पुऱ्याइरहेको देखिन्छ । कलाकार मनोज गजुरेल भन्छन्, 'अहिलेको अवस्थामा कलाकार तटस्थ रहनु भनेको निरंकुशताको पक्षपोषण गर्नु हो ।'

त्यसो त हातमुख जोर्नका लागि बाध्यतावश सत्तानिकट रहेका कलाकारले पनि मुख फोरिसकेका छन् । लोकतान्त्रिक आन्दोलनको पल्ला भारी देखेर पछिको लागि 'बजार' बनाउन हिजोसम्म दरवारपरस्त कलाकार समेत आन्दोलनको पंक्तिमा देखिएका छन् । कलाकार गजुरेल भन्छन्, 'जनताले यस्ता धमिरारूपी अवसरवादी चरित्रलाई समयमै चिन्न सक्नु पर्छ ।'

२०४६ सालभन्दा अहिले आन्दोलनले रूपरेखा छुट्टै छ र विशिष्ट उचाइ पनि हासिल गरेको छ, छोटो समयमै । खुसीको कुरा त अहिले आन्दोलन निम्नमध्यम वर्गसम्म पुगेको छ । राजधानीका सीमित सम्भ्रान्तबाहेक लोक नै आन्दोलनमय भएको छ । निश्चय नै जनताको जित हुनेमा ढुक्क छन्, रामेश । उनी भन्छन्, 'लोकतान्त्रिक आन्दोलनले तमाम नेपालीको सुन्दर भविष्य कोर्नेछ । जनतालाई मुलुकको मालिक बनाउनेछ ।'

वर्तमान युगमा लोकतन्त्रको विकल्प नै छैन । त्यसैले कलाकार भनिरहेका छन्, 'टालटुले सम्झौताबाट मुलुक चल्न सक्दैन, त्यसैले न्यूनतम लक्ष्य पनि लोकतान्त्रिक गणतन्त्र हुनु पर्छ ।' लोकतन्त्र मानिसको जीवनपद्धतिसँग गाँसिएको शासन प्रणाली हो । यो आगामी पिँढीको लागि अपरिहार्य छ । त्यसैले मदनकृष्ण भन्छन्, 'लोकतान्त्रिक आन्दोलनको विपक्षमा गएर निरंकुशतन्त्रलाई सघाउनेलाई भावी सन्ततिले धिक्कार्नेछन् ।' समय प्रवाह धेरै अघि बढिसकेको छ, परिवर्तनका पक्षमा उर्लिएको जनलहर त्यत्तिकै रोकिने पक्षमा छैन । त्यसैले त रामेश खबरदारी गर्छन्, 'कसैले अबको युगलाई अन्धकारतिर धकेल्न खोजेमा जनताले त्यसलाई नै समाप्त पार्नेछन् ।' ■




संगीतकर्मी रामेश


Beauty Royale
Bagbazar, Ktm., Nepal

**Madhavi Singh**
Proprietor
*Expert Expertroster, STD/CTEVT*
All Nepal Beautician Association
President
Beauticain & Hair Dresser



# Beauty Royale

Bagbazar,
Kathamndu, Nepal

P.O.Box No.: 8975, EPC : 5092
Tel: 4218448
E-mail : mona_lovenp@yahoo.com



# आउनेछ एक दिन



नारायणगढमा लोकतन्त्र प्राप्तिका लागि नाचगान गर्दै कलाकारहरू

**पञ्चायती शासनको** जगजगी भएका बेला उनी राजनीतिक गतिविधिमा संगठित र सक्रिय भई जनताको राज्य स्थापना गर्ने उद्देश्यले हिँडे। सानैदेखि गीत संगीतमा रुचि थियो। त्यसैले जनता जगाउने माध्यम पनि उनले गीत संगीत नै बनाए। प्रगतिशील फाँटका चर्चित र स्थापित गायक जीवन शर्माको यात्रा अझै रोकिएको छैन।

'हाम्रो रातो लालटिन', 'झर्नाको चिसो पानी' र 'सिमली छायाँमा बसी' जस्ता उनका गीत कहिल्यै पुराना हुँदैनन्। मुलुकको कुना कुना र कामका लागि भारत गएका नेपाली पनि यो गीतबाट परिचित छन्।

'सामन्तले नौजाल बुन्छ, आखिरीमा जनताकै जित हुन्छ' भन्ने शर्मा जनतालाई नै सर्वोपरि ठान्छन् र जनताले नै जित्ने विश्वासमा पञ्चायतकालदेखि नै यो गीत गाउँदै आएका छन्।

मुलुक लोकतन्त्र प्राप्तिका लागि आन्दोलित छ। यही आन्दोलनमा थप ऊर्जा थप्न उनी आफ्ना नयाँ पुराना गीत गाउँदै यस पटक एक महिना देशका विभिन्न भागमा पुगे। गत वर्ष माघ १९ गते शाही घोषणा भएपछि लामो समयसम्म यिनी देखिएका थिएनन्। 'शाही घोषणालगत्तै भारततिर लागियो', शर्मा बताउँछन्। वीरगन्ज, नारायणगढ, बुटवल, दाङ, पोखरामा मञ्चित 'जवाफ' माघ २३ गते काठमाडौंमा देखाउने कार्यक्रम थियो, तर शाही घोषणा भयो। त्यसैले प्रदर्शन सम्भव थिएन।

काठमाडौंपछि भारतमा देखाउने भनेर पहिल्यै कार्यक्रम बनेको थियो। त्यसैले यहाँ बस्नुभन्दा भारत जानु उपयुक्त ठानेर उता गीत गाउँदै हिँडेको बताउँछन्, शर्मा। पार्टीले देशव्यापी अभियान लैजाने भएपछि फेरि यतै खटे उनी।

**'हिउँ फुटे हिउँनदी जनता जुटे जनसागर,**
**औंसीको यो रात पनि ढल्छ छिटै चिन्तै नगर।'**

अहिले चलेको लोकतान्त्रिक आन्दोलनमा जुटेर जनसागरको सुनामी ल्याउन शर्मा यसरी आग्रह गरिरहेका छन्।

दलले चलाएको अभियानमा भने उनी पूर्वदेखि पश्चिम नेपालका विभिन्न ठाउँ पुगे। अभियानमा लाग्दा 'सिमली छायाँमा' गीत नगाऊँ कि भनेर उनले सुख पाएनन्। अझै पनि यो गीत उत्तिकै रुचाइएको पाउँदा उनी दंग छन्। ०४२ सालदेखि उनले यो गीत गाउँदै आएका छन्। यसका साथै आन्दोलन सफल होला नहोला भन्ने आशा निराशाका गुनासो पनि उनले ठाउँ ठाउँमा सुन्नु पऱ्यो। ढिलो चाँडो मात्र हो, आन्दोलन त सफल भइछाड्ने विश्वास उनमा छ। सबैलाई उनी यही कुरा बुझाउँछन्। गीतबाटै जोशिलो पारमा उनी भन्छन्-

**'साक्षी छ हाम्रो इतिहास, मुक्ति कहीं डुबेन,**
**ठोकेर भन्न मिल्छ, हार हुँदै हुँदैन।'**

कार्यक्रममा उनले गाउने अन्तिम गीत यही हुन्छ। आन्दोलनमा जुट्न र त्यसको सफलतासँगै आउने नयाँ र सुनौलो बिहानीमा भेट्ने वाचा गर्दै उनले यो गीत सुनाउँछन्।

■ **रमेशकुमार पौडेल/चितवन** (तस्वीर पनि)


## रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ८ मेगाहर्ज




**रेडियो खबर पत्रिका**

पत्रपत्रिकाको संगालो, विशेषज्ञहरूको प्रतिक्रिया र विश्लेषण, फिचर र रिपोर्ट, शेयर बजारको साप्ताहिक विश्लेषण, दैनिक हुने औपचारिक कार्यक्रमको जानकारी साथै चाडपर्व, जात्रा, दिवस, जन्मदिन र महत्त्वपूर्ण घटनाहरूको संगालो। हरेक बिहान (६:००-७:१५)

**हालचाल**

जाता अबर थाहा पाउन- **हालचाल**, बिहान, ८:४५, ११:४५, अपरान्ह, २:४५, ४:४५, साँझ ६:४५ र राती ९:४५ बजे

**बिबिसी नेपाली सेवा**

हरेक दिन राती (८:४५-९:१५)

**हरेक बिहान ५:०० देखि राती ११:०० बजेसम्म सूचना, शिक्षा र स्वस्थ मनोरञ्जनका लागि भरपर्दो साथी रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ८ मेगाहर्ज**

**नेपाली रेडियो**
**नेपाली आवाज**

ठेगाना :
रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ८ मेगाहर्ज
बखुण्डोल, ललितपुर
फोन: ५५२८०९१, ५५४२२४५, ५५४५६८०
पोष्ठ बक्स, ६९५८, काठमाडौं
ईमेल : info@radiosagarmatha.org

# रेणुका भाउजू



समय

**औपचारिक शिक्षाका** नाममा सर्लाहीको एउटा स्कुलबाट पाएको ६ कक्षाको प्रमाणपत्रबाहेक अरू छैन उनीसँग। उनलाई अहिले त्यो स्कुलको नामसम्म सम्झना छैन, तर त्यही स्कुलबाट पाएको समाज सेवाको प्रेरणा अहिले राजधानीभित्र सीतापाइलाका अधिकांश महिलाका लागि उपयोगीमात्र बनेको छैन, उनकै पाइला पछ्याउनेहरूको भीड पनि बढ्न थालेको छ। उनको क्षमता र विश्वास सजिलै बिक्छ अहिले समुदायमा। 'मलाई थाहा छैन, किन सबैले मलाई विश्वास गर्छन्', सबैलाई दिने सटीक जवाफ हो यो उनको। सेवा गर्नेलाई उच्च योग्यता चाहिँदैन भन्ने सन्देश छर्न तल्लीन छन् 'रेणुका भाउजू' अथवा रेणुका ठकुरी।

२०११ सालमा सप्तरीको हनुमाननगरमा जन्मिएकी ठकुरी विवाहित भएर सीतापाइलामा आएदेखि उनलाई घरमा भात पकाउनसमेत फुर्सद छैन। कुन काममा दौडन्छिन् त उनी ? 'घरमा हुने सासूबुहारीको झगडादेखि परिवार नियोजनको सल्लाहसम्म लिन आइपुग्छन्, महिला साथीहरू। सबैको चाजोपाजो मिलाउँदैमा दिन बित्छ।'

समय नमिलेर गत ८ वर्षदेखि अधुरो बनेको नवज्योति महिला समूहलाई सक्रिय बनाएर अहिले सीतापाइलाका महिलालाई जागरण तथा बचत अभियानमा समेट्न सक्रिय छन्, रेणुका। स्थानीय एक सय महिला सदस्य छन्, महिला बचत अभियानमा अग्रसर भएर रेणुका लागेपछि स्थानीय महिलाले उनीमाथि देखाउने विश्वास पनि चुलिएको छ। 'मलाई केही थाहा हुँदैन। तैपनि, सबै साथीले मलाई नै गर भन्छन्,' मासिक एक सय एक रुपैयाँ उठाएर सीतापाइलामा महिला बचत कोषको सुरुवात गरेकी रेणुका भन्छिन्, 'यसैबाट धेरैको गर्जोसमेत टरेको छ।' ■

# जिम्मेवार भूमिका


समय

इन्जिनियर पेसाका विपीन चित्रकार स्कुले जीवनमै २०३० देखि रेडक्रस आन्दोलनमा सहभागी भए, समाजका लागि केही गरौं भनेर। सामाजिक काममा प्रतिबद्धताकै कारण निष्पक्षताका लागि संसारमै नाम कमाएको रेडक्रसमा ललितपुरका विपीनले त्यसपछि लगातार महत्त्वपूर्ण जिम्मेवारी पाइरहेका छन्।

चैत २७ गतेको जिल्ला अधिवेशनले सभापतिमा पुनः निर्वाचित गरेपछि ललितपुर रेडक्रस प्रमुखमा उनको जिम्मेवारी नवौं वर्षमा प्रवेश गरेको छ। सभापति हुनुअघि उनी ललितपुर रेडक्रसमा मन्त्री र उपसभापति भइसकेका थिए।

मानिसलाई आइपर्ने सबै विपत्तिमा सेवारत रेडक्रसको चालू द्वन्द्वमा झन् ठूलो भूमिका छ। राजधानी नजिक भएर पनि ललितपुरकै कयौं ठाउमा राज्यको नियन्त्रण छैन र ती क्षेत्रमा पर्ने विपत्ति उद्धारका लागि रेडक्रसलाई पनि सशस्त्र विद्रोही माओवादीको अनुमति आवश्यक पर्छ। द्वन्द्वरत पक्षबीच निष्पक्ष हुन नसक्दा विद्रोही वा सत्तापक्षबाट सहयोग आशा गर्नै सकिन्न। रेडक्रसको निष्पक्षता सिद्धान्तमा खरो उत्रेकै कारण विपीनको नेतृत्व उनका सहकर्मीले सभापतिमा दुई कार्यकालपछि स्विकार्न तयार भए।

विपीन भन्छन्, 'हामीले केही लक्ष्य बनाएका छौं, त्यो पूरा गर्न पनि जिम्मेवारी वहन गर्नु पर्ने नै थियो। त्यसमाथि साथीहरूको आग्रह नकार्न नसकेर पुनः जिम्मेवारी लिएको हुँ।' लक्ष्य प्राप्तिका लागि विपीनलाई हाम्रो पनि शुभकामना ! ■






युवराज घिमिरे

## शून्य समय

# सात दलका लागि नयाँ चुनौती, नयाँ अवसर

**जनआन्दोलनको एक** चरण समाप्त भएको छ र अर्को एकदमै चुनौतीपूर्ण चरणको सुरुवात। यो आन्दोलनले एउटा स्पष्ट सन्देश दिएको छ- राज्य आतंक र दमनबाट कुनै पनि सत्ता टिकाउन सकिन्न, तर यो चेतावनीका रूपमा पनि आएको छ, खासगरी आन्दोलनको नेतृत्व गर्ने सात दल गठबन्धनका लागि।

आन्दोलनकारी दलहरू आपसमा संसद् पुनःस्थापनालगायतका ६ बुँदे सहमतिमा पुगेका छन् भने सशस्त्र विद्रोही माओवादीलाई प्रतिस्पर्धात्मक राजनीतिमा ल्याउने उद्देश्यका साथ विद्रोहीहरूसँग बाह्रबुँदे समझदारी गरेका छन्। राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासन समाप्त भएको अवस्थामा या आन्दोलनको दबाबमा राजा झुकेको अवस्थामा आन्दोलनकारी नेतृत्व वर्गको भूमिका के? यसबारे उनीहरू स्पष्ट हुनु पर्छ किनकि राजाको हुकुमी शैलीको विरोध आन्दोलनको एउटा महत्त्वपूर्ण पक्ष हो, समग्र पक्ष हैन।

मुलुकमा खासगरी राजकृपा या राजहठका कारण राजनीतिक अराजकता मात्र हैन, आर्थिकरूपमा धराशायी हुने अवस्थामा छ। त्यस स्थितिमा पुग्नुअघि नै राजनीतिक रिक्तता उपस्थित हुँदा दलहरूले भूमिका लिन हिचकिचाएमा त्यसलाई उनीहरूको राष्ट्रिय दायित्वप्रति उदासीनता मात्र हैन, राजनीतिक अपराध पनि मानिन सक्छ।

भारतीय प्रधानमन्त्रीका विशेष दूत डा. कर्ण सिंहसँगको छलफलमा त्यस्तो अवस्थामा संविधानसभाको निर्वाचन घोषणा नगरी या माओवादी समस्यालाई सम्बोधन नगरी सात दलले सत्ता हासिल गरेमा उनीहरू माओवादीको तारो बन्ने भय व्यक्त गरेका थिए, आन्दोलनकारी दलहरुले। त्यो भयको आधार जायज हो, होइन- त्यसबारे दलहरूले वस्तुनिष्ठ विश्लेषण नगरे उनीहरू वर्तमान आन्दोलनका नाइके नभएर शुद्धरूपमा आत्मसमर्पणकारी बन्नेछन्।

विगतमा दुई चरणका शान्तिवार्तालाई शक्ति संचयका लागि प्रयोग गरेको र वार्ता प्रक्रिया तुहाएको आरोप माओवादीमाथि छ। र, माओवादीले विगतमा राजासँग मिलेर सात दललाई पाखा लगाउन खोजेको तथ्य पनि सार्वजनिक जानकारीको विषय हो। यसपल्ट सात दल-माओवादी समझदारीबाट माओवादीहरूले बन्दुकको शक्तिमा नभएर जनताको समर्थनमा राजनीति गर्ने प्रजातान्त्रिक शक्तिहरूको सान्दर्भिकता र हैसियत स्विकारेको अर्थ लागेको छ। विगत दुई साताको शान्तिपूर्ण आन्दोलनलाई अगाडि बढाउन आग्रह गरेर माओवादीले 'शान्ति'लाई राजनीतिको एउटा प्रयोगका रूपमा लिएको जस्तो पनि देखिन्छ, तर त्यसमा उनीहरूको इमानदारी र प्रतिबद्धतालाई उनीहरूको भावी व्यवहारले पुष्टि गर्नु पर्ने हुन्छ। राजनीतिक दलहरूको घोषित शान्तिपूर्ण आन्दोलनलाई घुसपैठी हिंसाद्वारा प्रदुषित गरेर अन्ततोगत्वा राज्यको बन्दुककै मारमा सात दललाई ल्याउने रणनीति माओवादीले अपनाएमा त्यो उनीहरूको अक्षम्य राजनीतिक अपराध हुनेछ।

राजाको प्रत्यक्ष शासनले सात दललाई साझा मञ्चमा ल्याएको छ, तर राजा सर्वशक्तिशालीको हैसियतबाट मुक्त हुनेबित्तिकै गठबन्धन विघटनतर्फ बढ्नु दलहरूको असफलता मात्र हैन, पुरानो गल्तीबाट नसिकेको प्रमाण हुनेछ त्यो। उनीहरूले प्रतिकूल परिस्थितिमा जिम्मेवारी लिन पछि हट्नु हुँदैन, तर जिम्मेवारीको उद्देश्य, मार्गचित्र तथा गन्तव्य स्पष्ट हुनु पर्छ। र, त्यो सँगसँगै माओवादीहरूलाई शान्तिपूर्ण मूलधारमा ल्याउन वैधानिक हैसियतबाट अगाडि बढ्नु पर्छ।

के त्यसका लागि संसद् पुनःस्थापना या संविधानसभाको औपचारिक घोषणा आवश्यक छ? के राजाबाट माघ १९ गतेको पुनरावृत्ति नहोस् भनी सुनिश्चित गर्न शाही नेपाली सेनालाई संसद् मातहत ल्याउनु आवश्यक छ? समुचित छलफलपछि यी कुरामा निर्णय लिन हिचकिचाउनु हुँदैन, सात दल गठबन्धनले सरकारका रूपमा। सेना र संसद्बीच त्यस्ता सम्बन्धको लागि अध्यादेश ल्याइएमा त्यसले वर्तमान संविधानको अक्षर र आसयविपरीत गएको अर्थ पनि लाग्नेछैन, तर यसका लागि सात दलमा संवेदनशीलता, साहस र निर्णयको क्षमता बढी आवश्यक छ।

त्यति मात्र होइन, राजाको विगत १४ महिनाको चरम कुशासन र त्यस बेला अन्तर्राष्ट्रिय जगत्मा नेपालले गुमाएको हैसियत पुनः हासिल गर्नु सबभन्दा ठूलो चुनौती हुनेछ, नयाँ शासनका लागि। भारत, अमेरिका र युरोपेली संघ पुरानो सहयोग स्तरमा जान या त्योभन्दा बढी उदारता देखाउन तयार छ, तर माओवादीले तत्काल युद्धविराम गरी शान्तिको सम्भावनाको खोजीमा आफूलाई इमानदारीसाथ नउभ्याए वैदेशिक समर्थन र सहयोगको एउटा ठूलो हिस्सा पुनः सैनिक प्रकृतिको हुनेछ।

राजा र उनको गैरसंवैधानिक संयन्त्रको प्रभावबाट मुक्त सरकारले माओवादीको यसपल्टको युद्धविरामलाई बेवास्ता गर्न सक्दैन, तर साथसाथै माओवादी छापामारहरूले युद्धविराम तथा पुराना वार्ताका बेला गरेका गल्ती, हत्या, अपहरण र चन्दा आतंकसमेत बन्द गर्नु पर्ने हुन्छ। माओवादी-सात दल समझदारीपछाडि भारतको छायाँ छ- र खासगरी दुई पक्षले नेपालको दिगो शान्ति, प्रगति र प्रजातन्त्रका लागि त्यस्तो समझदारी आवश्यक भएको निष्कर्षमा पुगेपछि। त्यसैले अब माओवादी अतिवादी क्रान्तिकारी नभएर व्यवहारिक र संशोधनवादी बन्ने बाध्यतामा छन् नै।

राजाको प्रत्यक्ष शासनको अन्तपछि सात दलहरूबीचको समझदारी र दलहरू तथा माओवादीबीचको समझदारी तुहिएमा त्यसले अर्को सन्देश पनि पठाउनेछ- राजाको विरोधका लागि मात्र उनीहरू एक ठाउँमा आउन सक्छन्। कुनै राजनीतिक या दीर्घकालीन प्रयोजनका लागि उनीहरू या त असान्दर्भिक बनेका छन् या सक्षम छैनन्।

नयाँ सरकारले आन्दोलनको उचाइ, वेग र दिशालाई इमानदारीसाथ व्यवहारमा उतार्ने थप र सशक्त एउटा मञ्चका रूपमा काम गर्न सक्नु पर्छ। नयाँ सरकार र नेतृत्वको सफलता या असफलताको त्यो नै एक्लो कसी हुनेछ। ■

राजाको प्रत्यक्ष शासनको अन्तपछि सात दलहरूबीचको समझदारी र दलहरू तथा माओवादीबीचको समझदारी तुहिएमा त्यसले अर्को सन्देश पनि पठाउनेछ– राजाको विरोधका लागि मात्र उनीहरू एक ठाउँमा आउन सक्छन्। कुनै राजनीतिक या दीर्घकालीन प्रयोजनका लागि उनीहरू या त असान्दर्भिक बनेका छन् या सक्षम छैनन्।